
# कल्पतरु

ISSN 3021-9531

११६



## कल्पतरु प्रज्ञा प्रतिष्ठानका पदाधिकारीहरू

अध्यक्ष
**नवराज पुडासैनी 'ज्योत्स्ना'**
उपाध्यक्ष
**डा. विदुला घिमिरे**
उपाध्यक्ष
**विमल अर्याल**
सदस्य सचिव
**राजन पुडासैनी**
सचिव
**रमेश रिजाल**
कोषाध्यक्ष
**उमेश तिम्सिना**
सदस्य
**गोकुल अधिकारी**
**देविका तिमिल्सिना**
**निर्मल अर्याल**
**मुकुन्द अर्याल**
**सुमन पुडासैनी "मित्र"**
**शारदा अधिकारी**
**शशिश्री आचार्य**

## कल्पतरु उत्कृष्ट सिर्जना वर्ष पुरस्कार कोशका योगदान कर्ताहरू

| | |
|---|---|
| १) योगेन्द्र तिमिल्सिना, काठमाडौं | १००००/- |
| २) स्व.लक्ष्मण कृष्ण ताम्राकार, पुल्चोक | १००००/- |
| ३) नानु राना थापा, काठमाडौं | १२०००/- |
| ४) युवराज भण्डारी, बेलायत | १००००/- |
| ५) मातृका घिमिरे,शंखमूल | ५०००/- |
| ६) तारा प्रसाद चापागाई,युएई | ४०००/- |
| ७) विमल अर्याल, जोरपाटी | ५०००/- |
| ८) विनोद नेपाल, काठमाडौं | ५०००/- |
| ९) देविका तिमिल्सिना | ५०००/- |
| १०) सरला श्रेष्ठ, अमेरिका | ११०००/- |
| ११) मनिस कुमार शर्मा, भक्तपुर | १००००/- |
| १२) गोविन्दराज पौडेल, अर्घाखाँची | ७०००/- |
| १३) पवन आलोक, कालिकास्थान | ५०००/- |
| १४) ईन्दिरा चापागाईं, भक्तपुर | ५०००/- |
| १५) भोजराज रेग्मी 'मुखाले' | ५०००/- |
| १६) सीता पाण्डेय, सितापाइला | ५०००/- |

## महाकवि देवकोटा-कल्पतरु प्रज्ञा पुरस्कार कोशका दाताहरू:

| सि.नं. | नाम | सहयोग रु. |
|---|---|---|
| १) | वसन्त रिजाल | रु.१,१३,८५०/- |
| २) | कृष्ण अधिकारी | रु.५०,०००/- |
| ३) | विमल अर्याल | रु.५०,०००/- |
| ४) | नवराज पुडासैनी'ज्योत्स्ना | रु.२५,०००/- |
| ५) | शिवहरि पोखेल | रु.२५,०००/- |
| ६) | विष्णु बहादुर सिंह | रु.१२,८६४/- |
| ७) | डा. रामप्रसाद ज्ञवाली | रु.१२,५००/- |
| ८) | उषा पन्थी ज्ञवाली | रु.१२,५००/- |
| ९) | कोमल लामिछाने | रु.१२,१५४/- |
| १०) | शिवानी घिमिरे | रु.१२,१५४/- |
| ११) | ईश्वरीप्रसाद लामिछाने | रु.१२,१५३/- |
| १२) | बालमुकुन्द कार्की | रु.१०,९९९/- |
| १३) | गोपाल प्र. बराल | रु.१०,०००/- |
| १४) | गंगा कर्माचार्य पौडेल | रु.१०,०००/- |
| १५) | गोविन्द घिमिरे वेदमणी | रु.१०,०००/- |
| १६) | दुर्गा घिमिरे | रु.१००००/- |
| १७) | मेनका पोखरेल | रु.१०,०००/- |
| १८) | युवराज मैनाली | रु.१०,०००/- |
| १९) | वाजुराम पौडेल | रु.८८२०/- |
| २०) | डा. चन्द्रमणी अधिकारी | रु.८१४४/- |
| २१) | कृष्ण सुवेदी | रु.७३१५/- |
| २२) | अर्जुन नेपाल | रु.५०००/- |
| २३) | राजेन्द्र पौडेल | रु.५०००/- |
| २४) | मनिता घिमिरे | रु.४११२/- |
| २५) | रामकुमार पण्डित | रु.३०००/- |
| २६) | अन्य (नाम खुलाउन नचाहने दाताहरू) | रु.५१४२३/- |
| २७) | राजन पुडासैनी | रु.११११/- |
| २८) | रत्न वज्र लामा | रु.१००००/- |
| २९) | कृष्ण प्र.चापागाईं | रु.१००००/- |
| ३०) | शङ्कर खड्का | रु.३०००/- |
| | जम्मा | रु. ५,३६,०९९/- |

कल्पतरु प्रज्ञा-प्रतिष्ठानद्वारा प्रवर्धित

ISSN: 3021 - 9531

जि.प्र.का.द.नं. १३/०५४/०५५

प्रेस काउन्सिल पुरस्कारद्वारा पुरस्कृत 'क' वर्गको राष्ट्रिय पत्रिका

# कल्पतरु द्वैमासिक

(Kalpataru Bimonthly litretary Magazine)

वर्ष : २४ अङ्क : ३ पूर्णाङ्क ११६ २०८२ मङ्सिर - पुस

**प्रकाशक/प्रधान-सम्पादक**
नवराज पुडासैनी 'ज्योत्स्ना'

**कार्यकारी सम्पादक**
सिद्धनारायण आचार्य

**विशेष सम्पादक**
गोकुल अधिकारी, मुकुन्द अर्याल
रेहित सैजु

**सम्पादक**
सुमन पुडासैनी 'मित्र',
उमेश तिमिल्सिना, राजन पुडासैनी
शशीश्री आचार्य

**सहसम्पादक**
राजेशमान केसी, तुलसीराम पुडासैनी

**सम्पादन सहयोगी**
वल्लवीदेवी अधिकारी

**प्रविधि व्यवस्थापक**
ई. सन्दीप ढुङ्गाना

**कार्यालय व्यवस्थापक**
रमेशमान श्रेष्ठ

**संयोजक (चिल्लो पात)**
सुशील आचार्य

**सञ्जाल सहायक**
राजेन्द्र श्रेष्ठ

**संरक्षक**
कञ्चन पुडासैनी,
गोविन्द घिमिरे 'वेदमणि'
डा. दामोदर पुडासैनी 'किशोर'
बाजुराम पौडेल

**सल्लाहकार**
डा. ऋषि बस्ताकोटी, किशोर पहाडी
देविका तिमिल्सिना, पवन आलोक,
वसन्त रिजाल, विनोद नेपाल,
महेशराज खरेल

**संस्थापक सहयोगी**
मा. बहादुरसिंह लामा

**प्रधान कार्यालय**
गोकर्णेश्वर न.पा., वडा नं. ६
कुमारीभैरव चोक, कल्पतरु परिसर
फोनः ०१-४९१३५२०, ९८४१२८२३०५

**रचना पठाउने इमेल ठेगाना**
navarajpudasaini@gmail .com
फेसबुक/मेसेन्जर ग्रुपः कल्पतरु द्वैमासिक
Web: www.kalpatarupub.com.np

**लेआउट**
यदु उपाध्याय

**मुद्रण**
नेपाल प्रिन्ट सपोर्ट, अनामनगर,
काठमाडौं

**गाता मुखपृष्ठ**
नेपाल प्रिन्ट सपोर्ट

**मूल्य** : **रू. २००।–**

सम्पादकीय

# लेखनाथलाई बिर्सिंदै वर्तमान पिंढी

शृङ्गार रसमा चर्लुम्मै डुबेको कविता लेखनलाई आदर्शको गोरेटामा डोऱ्याएर समाजमा नैतिकताको अत्तर छर्ने मुख्य पात्र कविशिरोमणि लेखनाथ पौड्याल हुन् । उनले आफ्ना कवितालाई नैतिक ज्ञानमा रङ्गाएर नेपाली काव्यमा आधुनिकताको ढोका खोले । उनका कविता पढ्दा हजुरबुबाले अर्ती दिंदै गरेको जस्तो आभास हुन्छ । यस्ता आदर्श कविका कविताबाट विमुख गरी वर्तमान पुस्तालाई नैतिकहीन बनाइँदै छ र आरोप पनि लगाइँदै छ वर्तमान पुस्ता नैतिकहीन हुँदै छ भनी ।

विद्यालय तहमा लेखनाथका कविता दिउँसै टर्च बालेर हेर्दा पनि भेटाउन मुस्किल हुन्छ । उहिले हामीले बर्सेपिच्छे उनका कवितासहित उनका लामा लामा दाह्रीजुँगा पनि पढ्थ्यौं । उनका कवितामा डुबेर लामा लामा दाह्रीजुँगामा तैरिंदा गुरूको हाप्काइ खान्थ्यौं तर यति वेलासम्म उनका सेता दाह्रीजुँगा काला भएका हुन्थे । हामीझैं वर्तमान पुस्ता उनको कलमसँग जिस्किन पाएको छैन अर्थात् उनका कविताको ढुकढुकीसँग धड्किन पाएको छैन । कविताको गणित नबुझेकाले पाठ्यक्रम निर्माण गर्दा वर्तमान पिंढीले उनीलाई बिर्सिंदै छ । उनका कविताबाट विमुख हुनु भनेको आदर्श समाजबाट विमुख हुनु हो । यसरी उत्तरआधुनिक बन्ने धुनमा नैतिक मूल्यमान्यतामाथि धावा बोल्दै जाने हो भने कसरी हुन्छ समाज आदर्श ? लेखनाथका कविताले विद्यार्थीमा आदर्श गुणको विकास गराएका थिए । उनका कवितामा हिन्दु दर्शन बढी भयो भनेर विद्यालय तहका पाठ्यक्रमबाट हटाइयो भन्ने सुनिन्छ । समाज धर्म निरपेक्षतामा जाँदैमा विद्यालय तहबाट लेखनाथलाई लखेटेर धर्म निरपेक्षता बलियो हुने हो र ? धर्म निरपक्षेतालाई पनि बलियो बनाउन मानवीय गुणको आवश्यकता त पर्ला ? लेखनाथका कवितामा मानवीय गुण विकास गराउने, आफूलाई चिन्न सिकाउने जस्ता धेरै आदर्श गुणहरू छन्, जुन बालमस्तिष्कलाई आवश्यक पर्छ ।

विद्यालयबाट लेखनाथलाई हटाउने हो भने धेरैले उनलाई कहिल्यै चिन्ने छैनन् । धेरै विद्यार्थीको सपना १२ कक्षा पास गरेर विदेश जाने छ । १२ कक्षासम्म पनि लेखनाथलाई नचिनाए समाजमा नैतिक खाडल छाउँछ । नैतिकताबिनाको समाज बालुवाको घर जस्तै हो । समाजलाई आदर्शवान् बनाई राख्न आर्दशवान् व्यक्तिको खाँचो पर्दछ । कविता र गीतबाट मान्छेले छिटो सिक्ने हुनाले वर्तमान पिंढीलाई लेखनाथबाट बिमुख गराउनु मनासिब हुँदैन । **– कार्यकारी सम्पादक**

# यस अङ्कमा

## कविता/गीत/गजल/मुक्तक


- अरूणकुमार भुजेल / ६८
- इन्द्र प्रभा / ४४
- एन. बी. दाहाल / ४९
- कलानिधि दाहाल / ४४
- खोलाघरे साहिंलो / ६०
- डा. घनश्याम परिश्रमी / ८
- जीवन आचार्य / ६१
- ताराप्रसाद चापागाईं / ६६
- दीपक लोहनी / ६६
- नवराज न्यौपाने 'मौन'/ ४९
- निर्मलादेवी तिम्सिना 'कान्छी' / ४३
- प्रमोद नेपाल / ५७
- प्रार्थना खनाल /३२
- माणिकरत्न शाक्य /६१
- शम्भु गजुरेल 'कुनाघरे काइलो' / ३३
- शारदा देवकोटा / ६२
- हन्नाह क्षेत्री / ५८
- हरिभक्त सिग्देल 'महेश' / ५०


## पाठक-चक्षु


- कालिकाप्रसाद तिमिल्सिना / ४


## सम्पादकीय / २

## पुस्तक वार्ता


हिमलाल श्रेष्ठसँग / ३४


## कथा/लघुकथा


- कृष्ण गौतम / ९
- स्नेहा अधिकारी / ६७


## नियात्रा


- निर्मोही व्यास / २४
- मुकुन्द पोखरेल / ४५


## संस्मरण


- धनमाया राई / ५१
- चूडामणि रेग्मी / ६३


## चिल्लो पात


- कृषा कार्की / ५८
- प्रशंसा थापा / ५९


## विलोम


- विवश पोखरेलसँगको कुराकानी / २०


## एकाङ्की


- पुरू लम्साल / ३८


## अनुभूति


- गङ्गा कर्माचार्य पौडेल / १३


## समालोचना/समीक्षा


- अरूणबहादुर खत्री 'नदी' /६९

पाठक–चक्षु

# कल्पतरु द्वैमासिक १९५ : एक दृष्टि



✍ **कालिकाप्रसाद तिमिल्सिना**

विद्वान् लेखक रोचक घिमिरेज्यूको नेपाली 'हास्यव्यङ्ग्यमा छड्के नजर' भन्ने शीर्षकबाट सुरु भई 'गफाडी बाजे' सम्म गरी लेखाइमा २२ तर २१ ओटा मात्र लेख रहेको 'कल्पतरु ११५' पढ्ने मौका पाइयो । यसरी यी २१ वटा लेखहरू पढ्दा प्रायशः सबै नै राम्रा देखिन्छन् भने समसामयिक र यथार्थ पनि छन् । साथै देशमा यत्रतत्र फैलिएको भ्रष्टाचार, कुप्रवृत्ति, कुकर्म तथा ठगहरूको बिगबिगी र अत्याचारप्रति पनि तिखो व्यङ्ग्य गरिएको पाइन्छ । विद्वान् लेखकहरूको स्तरीय लेखलाई म एउटा सामान्य साहित्यको पाठक मात्र भएको व्यक्तिले के नै लेख्न र भन्न सक्छु, तैपनि आफ्ना विचार मात्र यहाँ प्रस्तुत गरेको छु । मेरा शब्दहरूले श्रद्धेय लेखकहरूप्रति नकारात्मक सोच पर्न गएमा क्षमाप्रार्थी छु । मलाई पनि हास्यव्यङ्ग्य पढ्न अति मन पर्ने र अझ मेरा प्रिय हास्य व्यङ्ग्यकार भैरव अर्यालजस्ता सम्मानित व्यक्तिको स्मृतिमा निस्केको हास्यव्यङ्ग्य विशेष 'कल्पतरु' भएकाले यस बारेमा २-४ शब्द कोर्ने कोसिस मात्र गरेको छु । मैले पनि धेरै वर्ष अगाडि हास्यव्यङ्ग्यहरू 'कान', 'मेरो जन्मदिन', 'सडक'जस्ता हास्यव्यङ्ग्यहरू 'आगन्तुक'को नामले लेखेको थिएँ । यो पनि भैरव अर्याल, दालाराम शर्मा, भूतको भिनाजु, बलमबुनद, पिँडाली, रामकुमार पाँडेजस्ता हाँस्यव्यङ्ग्यका रथी र महारथीकै हास्यव्यङ्यहरू पढेर । त्यसैले आज पनि हास्यव्यङ्ग्य पढ्न रूचाउँछु र अर्यालका सबैजसो कृतिहरू पनि पढेको छु । यसैका भरमा यहाँ पनि थोरै कलम चलाएको छु, अन्यथा नलिनुहुन विनम्र अनुरोध गर्दछु । अब लेखकहरूप्रति जाने जमर्को गरेको छु–

मैले माथि नै उल्लेख गरिसकेछु, सबै कृतिहरू राम्रा र स्तरीय छन् भनेर । ती सबै लेखकहरूको बारेमा वर्णन गर्दा लामो हुने भएकाले तीमध्येका केही हास्यव्यङ्ग्य लेखकको बारेमा मात्रै छोटा–छोटा विचार प्रस्तुत गरेको छु । मैले पहिलो शीर्षक लिएको छु चौथो नम्बरमा रहेको निर्मल अर्यालद्वारा लिखित 'स्मृतिमा शाश्वत व्यङ्ग्यशिल्पी भैरव अर्याल । उनकै कालजयी कविताबाट सुरु गर्दछु ।

*मागी पाइने भिखभन्दा आफ्नै भोक मिठो,*
*रोई रोई बाँच्नुभन्दा हाँसी मर्नु निको ।*

अरूलाई सदा काउकुती लगाएर हँसाइराख्ने अर्यालले साँच्चै नै आफू रोई रोई बाँच्न चाहेनन् र असमयमा नै आफूलाई यस धर्तीमा समाहित गरे । यसैले पनि यो कालजयी कविता बन्न पुग्यो जसले स्वाभिमानीलाई सदा उचो बनाएको छ र

उनलाई अमर बनाएको छ । यसरी अर्यालको यस कविताबाट सुरु गरिएको लेखमा उनका कृतिहरूको लेखनकार्यलाई चार चरणमा प्रस्तुत गरिएको छ, जुन वैज्ञानिक पनि छ । भैरव अर्यालले जीवनमा भोगेका विभिन्न समस्या र ती समस्यासँग जुध्न सङ्घर्ष गर्नुपरेको कारणले नै उनको अस्त छोटो समयमा नै भएको भन्ने कुरालाई प्रस्ट पारिएको एक अत्यन्त मार्मिक र यथार्थ लेखको रूपमा पाइन्छ । भैरव अर्यालको प्रतिभालाई विभिन्न व्यक्तिको भनाइसमेत समावेश गरिएको यो लेख अत्यन्त उत्कृष्ट रहेको छ । विद्वान् लेखक निर्मल अर्यालज्यूले बडो खोज गरी सम्पूर्ण हास्यव्यङ्ग्य क्षेत्रका पाठकहरूसमक्ष पुऱ्याएको पाइन्छ । उनका बारेमा विशिष्ट साहित्यकार एवम् विद्वान्हरूले भनेका र लेखेका कुराहरूलाई समेत समावेश गरी भैरव अर्याललाई उनको मृत्युको करिब पाँच दशकपछि पनि उनको लोकप्रियता र सान्दर्भिकतालाई राम्ररी उजागर गर्ने काम लेखकबाट भएको पाइन्छ । यो अत्यन्त महत्त्वपूर्ण लेखरचना हो जसले भैरव अर्याललाई सदा अमर बनाउने छ ।

अर्को मैले सातौँ नम्बरमा रहेको 'क को कथा' लाई लिएको छु । दिलिप अर्यालद्वारा लिखित यो लेख पनि मलाई राम्रो लागेको छ । शीर्षक नै 'क' बाट सुरु गरिएको यो लेख आफैँमा महत्त्वपूर्ण छ । कबाट नै सुरु भएर ख, ग, घ ...ज्ञ हुँदै फेरिस क, का, कि, की, हुँदै ज्ञ, ज्ञा, ज्ञि भएर बाह्रखरी टुङ्गिने गर्छ । यसरी 'क' को महिमाले पूरै जीवनको पेज भरिएको छ र अनन्ततिर गएको छ भन्ने कुरालाई लेखकले सरल भाषामा मिठो, रसिलो र स्वादिलो बनाई प्रस्तुत गरेका छन् । यसमा कबाट बन्ने थुप्रै शब्दहरू दिइएका छन् र त्यसका व्यञ्जनात्मक अभिव्यक्तिले व्यङ्ग्य प्रहार गरिएको छ । यसैले लेखकले 'क' माने कवि, कालिदास, कविता, कम्प्युटर, कल्याङकुलुङ, करौती, कठालो, कर्मकाण्ड आदि हुनुपर्छ भन्दै व्यङ्ग्य गरिएको छ । यसको मतलब यी शब्दहरूले धेरै क्षेत्रलाई समेटेको छ । भैरव अर्यालले जसरी शब्द र वाक्यहरूलाई यताउता घुमाएर समाजका विकृतिलाई शिष्ट भाषामा उजागर गरी व्यङ्ग्य प्रहार गर्दथे । त्यसैगरी दिलिप अर्यालज्यूले पनि आफ्ना परिवार, छोरी, बुहारी, दिदी, बहिनी सबैसँग बसेर पढ्न सकिने गरी शब्दहरूलाई नै चयन गरेर घुमाउरो किसिमले समाजको विकृति र विसङ्गतिलाई चोटिलो प्रहार गरेका छन् ।

तेस्रोमा मैले मून पौडेलको 'नाकको बखान'लाई छानेको छु । यस व्यङ्ग्यका लेखकले नाकलाई विषय बनाई लेखेजस्तै मैले पनि धेरै अगाडि 'कान' भन्ने शीर्षक राखी 'आगन्तुक'को नाममा लेखेको थिएँ र एउटा पत्रिकामा प्रकाशित पनि भएको थियो । यसैले यो निबन्ध (लेख) पढ्न निकै रमाइलो लाग्यो । नाकको महिमा साँच्चै नै शरीरका सबै अङ्गभन्दा बढी नै छ । मान्छे आफ्नो नाक जोगाउन हरसम्भव प्रयास गर्छ तर कहिलेकाहीं आफ्नो नाक काटिएको थाहा नै पाउँदैन, यो ध्रुवसत्य हो । यसै समाजमा लाज पचाएर थुप्रै नकच्चराहरूले रजाइँ गरिरहेका छन् । यस्ता नकच्चराहरूले यतिसम्म लाज पचाएर भ्रष्टाचार गर्न तछाडमछाड गरिरहेका छन् ।

कालो बजारी, तस्करी, कमिसनदेखि सम्पूर्ण क्षेत्रमा विकृति निम्त्याएका छन् । यसको क्षेत्र पनि व्यापक छ, समाजसेवीदेखि लिएर राजनीतिज्ञ, व्यापारी, कर्मचारी शिक्षक सम्पूर्ण क्षेत्रमा नकच्चराहरूको लामो हात पुगेको छ । पञ्चेन्द्रियहरू मध्येको नाकको यति महत्त्व छ कि त्यो कुरालाई लेखकले सरल भाषामा प्रस्तुत गरेका छन् । समाजमा भएका नकटा अर्थात् नकच्चराहरूमाथि पनि तिखो व्यङ्ग्य प्रहार गरिएको छ । भैरव अर्यालले भुँडीको प्रकार छुट्याएझैं यहाँ नाकको प्रकार छुट्याइएको छ र त्यसका विशेषताहरू केलाइएको छ । केही नाकले देशको इज्जत राखेको कुरालाई पनि वर्णन गरिएको छ । जातअनुसारको नाक र नाकअनुसार काम पाएकोलाई पनि लेखकले छुटाएका छैनन् । "बाबु खल्तीमा राखेर हिँड्दा नाक जोगिन्छ कि भनेर त्यस्ताहरूलाई भन्न पुगेका छन् । यसो गर्न सकेमा 'न रहन्थ्यो बाँस न बज्थ्यो बाँसुरी' भन्दै सल्लाह पनि दिएका छन् । अन्त्यमा मानिस भनेकै नाक हो भन्दै नाकबिनाको मान्छे हुनै सक्तैन भनी ठोकुवा गरेका छन् । त्यसैले 'नाक ठाडो पारेर बाँच्नु पो बाँच्नु' भन्दै लेखलाई टुङ्ग्याइएको छ । यसरी साह्रै मिठो शैली तथा सरल भाषामा लेखिएको यो व्यङ्ग्य मलाई साह्रै मन परेको छ र उत्कृष्टमध्ये एक हो भन्ने पनि लागेको छ ।

अर्को उत्कृष्ट हास्यव्यङ्ग्यको रूपमा मैले परशुराम पराशरज्यूको 'मर्निङवाक'लाई लिएको छु । म पनि सधैं मर्निङ वाक अर्थात् बिहानीको घुमाइमा हिँड्ने गर्छु । यही क्रममा सामाजिक अभियन्ता, साहित्यका अनुरागी सरल व्यक्तित्वहरू वसन्त रिजाल र गोपाल बरालज्यूहरूसँग भेट हुन्छ । उहाँहरूको सङ्गतले यसो साहित्यिक गफ हुन्छ र त्यसै क्रममा उहाँहरूले नै 'कल्पतरु' को ११५औं अङ्क थमाउनु भएको हो । म कुनै साहित्यकार होइन तर उहाँहरू आदर गर्नुहुन्छ र लेख्न पनि झक्झकाउनु हुन्छ । उहाँहरूकै झक्झकाइले यस 'कल्पतरु'का केही लेखकहरूको सम्बन्धमा आफ्ना विचार प्रकट गरेको हुँ । हुन त यो कुरा सुरु वा अन्तमा लेखेका भए हुन्थ्यो तर यहाँ प्रसङ्ग नै मर्निङवाकका यहाँ आएकाले उल्लेख गरेको हुँ, कुनै भुल वा त्रुटि भएमा क्षमाप्रार्थी छु ।

अब विषयअन्तर्गत जाऔँ- विद्वान् लेखक पराशरज्यूले देशको समसामयिक स्थितिलाई एउटा कोइली चराको 'को हौं को हौं' भन्ने आवाजको माध्यमबाट उत्तर दिने प्रयत्न गर्दा देशको स्थितिप्रति चिन्ता व्यक्त गरेको पाइन्छ । त्यसैगरी भ्रष्टाचारी, लुच्चा, फटाहा र ठगहरूमाथि व्यङ्ग्य गरिएको छ । देशको स्थिति अस्तव्यस्त भएकोमा र नेताहरूका स्वेच्छाचारी प्रवृत्ति, नातावाद, कृपावाद र झोलेहरूप्रति तिखो व्यङ्ग्य गरिएको छ । यसरी यो निबन्ध (हास्यव्यङ्ग्य लेख) समसामयिक यथार्थ र छोटो मिठो छ । मैले पनि मर्निङवाक गर्दा यस्तै भोग्न पुगेको छु ।

अर्को हास्यव्यङ्ग्यमा रामकुमार पण्डितज्यूको 'बजेट'लाई लिएको छु । यो हास्यव्यङ्ग्यले मेरो मनलाई नै छुन पुगेको छ । 'बजेट' शब्दलाई नै उल्टो पाल्टो पारी

प्रत्येक शब्दको भावार्थ, व्यञ्जनार्थ र व्यङ्ग्यार्थ गरिएको यो शीर्षकले नै कर्मचारीतन्त्रमा देखापरेको विकृति र भ्रष्टाचारलाई लेखकले व्यङ्ग्य गर्न पुगेका छन् । बजेटको मनपरी खर्च, बजेटको माध्यमबाट गरिने भ्रष्टाचार कमिशनतन्त्रको खेल र बजेट एकातिर काम अर्कोतिर गरिने प्रवृत्तिमाथि तिखो व्यङ्ग्य प्रहार गरिएको छ । यतिमात्र होइन, बजेट जान्छ, खर्च पनि हुन्छ तर कहाँ हुन्छ ? केवल कागजमा हुन्छ । जहाँ हुनुपर्ने हो त्यहाँ हुँदैन । यसरी देशको विकास नभएर भ्रष्टहरूको विकास भएको पाइन्छ । यी नै कुराहरूलाई लेखकले यथार्थरूपमा देखाएका छन् । नक्कली कामहरू भएका छन्, सक्कली कामहरू भएका नै छैनन् । यसरी समाजलाई भ्रष्ट बनाइँदै छ र बेइमानीहरूको सङ्ख्या देशको सबै क्षेत्रमा व्यापक बन्दै गएको छ ।

यस्तै यसक 'कल्पतरु' ११५ भित्र महत्त्वपूर्ण एक से एक प्रकारका हास्यव्यङ्ग्यका लेखहरू रहेका छन् र सबै उत्तिकै राम्रा, उत्कृष्ट र पढ्न योग्य छन् । सबैका बारेमा लेख्दै जाने हो भने फेरि एउटा सानो कृति नै बन्न जाला । त्यसैले यहाँ केही लेखका नामहरू लिएर टुङ्ग्याउने अनुमति माग्दछु । माधव पोखेलज्यूको 'झोल कोदो दिवस' एउटा उत्कृष्ट लेख हो । साउन १६ मा कोदो दिवस त मनाइन्छ तर 'झोल'को दिवस भने मनाइँदैन । वास्तवमा भन्ने नै हो कोदोभन्दा कोदाको झोलको बढी महत्त्व छ । यसको झोलले समाजमा ठुलै प्रभाव पारेको छ, यसले कोदो दिवसका साथै ' झोल कोदो दिवस' पनि मनाउनु उपयुक्त होला कि भनी व्यङ्ग्य गरिएको छ । पहिला पहिला बद्धि नभएकालाई 'कोदे बुद्धि' भनेर हेला गरिन्थ्यो तर आज त्यही कोदाको झोल खाएर बुद्धि तिखार्नेहरूलाई व्यङ्ग्य गरिएको छ । समाजमा विकृति लेराउने र सडकमा लम्पसार पर्ने यस्तै छन् । यो पनि एउटा उत्कृष्टमध्येको एक हो । यस्तै रामकुमार पाँडेज्यूको जड्याहा पत्रिका पनि रहेको छ । 'ठगै ठगहरूको हाम्रो देश समृद्धको आशामा फुलिसक्थ्यो केस' भन्ने अमर अधिकारीज्यूको यो व्यङ्ग्य लेखले आजका नेताका चरित्र र तिनका पछि पछि लाग्ने समाजमाथि नै चोटिलो व्यङ्ग्य लेखले आजका नेताका चरित्र र तिनका पछि पछि लाग्ने समाज माथि नै चोटिलो व्यङ्ग्य प्रहार गरेको छ । सधैँ समृद्धिको नारा लगाउने तर ठग्ने, फटाइ गर्ने र भ्रष्टाचार गर्न तीन हात माथि उफ्रिनेहरूलाई यो गतिलो प्रहार हो । यो यथार्थ र समसामयिक छ । यस्तै 'बहुविवाह जिन्दावाद', 'देश बिग्रेको छैन', 'म ठुलो साहित्यकार', 'मलाई वरिष्ठ घोषणा गरियोस्' यी सबै व्यङ्ग्यलेखहरू अति नै पढ्न लायक छन् र उत्कृष्ट पनि छन् । गोविन्दप्रसाद घिमिरे 'वेदमणि'ज्यूको 'हास्यव्यङ्ग्यङ्ग्यका युगनायक भैरव अर्याल' नपढी नहुने लेख हो । भैरव अर्यालको बारेमा ज्ञान नहुनेहरूलाई थाहा पाउन ठुलो मद्दत पुग्नेछ । अर्यालको जीवनीलाई सरल भाषामा प्रस्ट रूपमा देखाउने काम लेखकले राम्ररी गरेका छन्, लेखकलाई साधुवाद । समग्रमा 'कल्पतरु ११५' हास्यव्यङ्ग्य विशेष सबै प्रकारका पाठकहरूका लागि पढ्न अति आवश्यक छ । *गोकर्णेश्वर - ५* ■■

# गजल



✍ **डा. घनश्याम परिश्रमी**

मिल्छन् अनेक बाटा हिंड्दै गरे
भेटिन्छ लक्ष्य पक्का हिंड्दै गरे

अल्छीहरू बसेका हुन्छन् सधैं
सार्थक हुनेछ यात्रा हिंड्दै गरे

जीवन हुँदैन जीवन यात्राबिना
यात्री बनिन्छ सच्चा हिंड्दै गरे
गन्तव्य होस् नजिकझैं टाढा पनि
गज लाग्न सक्छ बित्ता हिंड्दै गरे

हिंड, हिंड्नु कर्मपथमा कर्तव्य हो
होला जरूर समीक्षा हिंड्दै गरे

## कल्पतरूका प्रतिनिधि/आजीवन सदस्यहरू

संयोजक– डा. ऋषि बस्ताकोटी (उत्तर अमेरिका)
युवराज भण्डारी (क्यानडा)
डा. रूपक श्रेष्ठ (बेलायत),
निर्मलादेवी तिम्सिना 'कान्छी' (युरोप)
ताराप्रसाद चापागाईं (यु.ए.ई.)
गृष्मा पौड्याल (जापान)
सीमा रोशी (अस्ट्रेलिया)
अजय गोले (दक्षिण कोरिया)
कमल सापकोटा (सिक्किम)
सीतादेवी क्षेत्री (मणिपुर)
विष्णा विरही (अमेरिका)
सागर फुयाँल (जर्मनी)
खिम पुन (कतार), डम्बर थामी (बहराइन)
दाजु गुरूङ (हङकङ)
अरूण शान्ति भुजेल (दार्जीलिङ)
प्रेम कटुवाल (कुबेत), अजय गोले 'अञ्जान'
मीरा त्रिपाठी (युजिल्यान्ड)
इलाम– टिङ्कु भट्टराई (९८४२८४२६४०)
झापा– टीका चापागाईं (९८६३६०५९३५)
मोरङ– बाबुराम पोखरेल (९८४२०८८५२२)
सुनसरी– मुकुन्द खनाल (९८४२४०९३९२)
उदयपुर– वासुदेव पोखरेल (९८४२८२५४३६)
पर्सा– अप्सरा पुडासैनी (९८४५१२९४७२)
रौतहट– रामचन्द्र तिमिल्सिना (९८५५०४१४२)
सिन्धुली– बाबुराम श्रेष्ठ (९८४१०२७६८८)
काभ्रे– पूर्णबहादुर श्रेष्ठ (९८४४११३७९७)
भक्तपुर– राजेशमान के सी (९८४१४९७५८३)
चितवन– नारायण निर्भय (९८४५२४२४४८)
कास्की– लोकनाथ पुडासैनी (९८४६०३७८७१)
तनहुँ– रूद्र थापा (९८४५५२९९३५)
गुल्मी– डोरबहादुर केसी (९८५१०९७५१२)
दाङ– कपिलकिशोर घिमिरे (९८४८५१४९९९)
बाँके– खगेन्द्र गिरी 'कोपिला' (२९८१०९८४८०)
सुर्खेत– भेषराज रिजाल (९८४३१४२८१६)
बझाङ– लख्खु सिंह (९८६७१००३१०)
कञ्चनपुर– अनिलचन्द अङ्कुर (९८५८७५११२६)

कथा

# कालीबहादुर

✍ **कृष्ण गौतम**



महिना बित्यो होला, सतीका आँखा ओभाना छैनन्, भिजेको भिज्यै छन् । बुहारी हिँडेपछि तिनको घरमा आपत् छाएको छ । सती आँखा देख्दिनन् । दुई नातिनातिना छन् । नाति छसात वर्षको, नातिनी पाँच वर्षकी । दुवै सतीको काखमा शिर राख्छन् र सोध्छन्, "हजुरआमा, आमा कहाँ गएको ?" मुखबाट वचन निस्कदैन । तिनी दुवैका शिर सुम्सुम्याउँछिन्, बोल्न सक्तिनन् । सउदी अरबबाट पाँच वर्षपछि फर्केको एक युवासित बुहारी पोइल गई । दृष्टिविहीन सासू, भलाद्मी पोइ, भर्खरका बालकलाई छाडेर निर्दयी महिला अर्कोसित गई ।

यस वर्ष रघु कार्कीको घरमा आपत् छाएको छ, खेत खोलाले बगायो । बँदेल र बाँदरले मकैबाली सखाप पारिदिए, अलिकति भएको पैसा र गहना गुटमुट्याएर स्वास्नी हिँडी । अब परिवार कसरी पाल्नु ल ! भएको अन्नपात पनि तुल्याएर, बनाएर खान दिने मान्छे छैन । पुर्पुरामा हात राखेर रघु कार्की एकछिन भित्रभित्रै रोयो । ऊ जुरुक्क उठेर भन्यो, "कर्मचारी साथीले बोलाएको छ, जान्छु र छिटै फर्कन्छु ।"

कर्मचारी सरुवा भएर अन्त जाँदै थियो । रघुले पहिला उसलाई निकै गुन लगाएको थियो । त्यसबापत ऊ केही वस्तु रघुलाई दिएर सर्ने मनस्थितिमा थियो । रघु र कर्मचारीका बिच भलाकुसारीहरू भए । दुःखसुखका कुराहरूले दुवैका आँखा भिजे ।

"मित्र, यो नरमाइलो संसारमा हामीले किन जन्मनुपरेको हो ?" भनेर खुलेर सोध्यो ।

"दुःख देख्न, दुःख भोग्न र दुःखमै बिलाएर जान" कर्मचारीको उत्तर आयो ।

"आफूलाई सुखी ठान्नेहरू पनि त छन् ?" रघु कार्कीले प्रश्न गऱ्यो ।

"हो विषालु गुलियोले उनीहरूलाई नचाइरहेछ ।" कर्मचारीले उत्तर फर्कायो ।

"त्यसो हो भने हामी किन बाँचौं ?"

"मर्न डराएर हामी बाँचिरहेछौं, मर्दहरू मरेर मृत्युलाई तर्साइरहेछन्, नामर्दहरू मर्न डराएर रोइरहेछन् र मृत्युलाई खुसी पारिरहेछन्, हामी मर्द होइनौं, नामर्द हौं ।" कर्मचारीले थप्यो ।

"मित्र, मलाई मर्न डर थिएन तर आमा र बालकका लागि बाँच्नै पऱ्यो ।" भनी रघु कार्कीले भन्यो ।

"हो, विषालु गुलियोले हामीलाई भुलाइरहेछ जसलाई तिमी नराम्रो नमान

किनभने संसारमा सुख पनि त छ । दुःखका साथ सांसारिक सुखको उपभोग गर्दै जीवन बिताउने प्रयत्न गर्नुपर्छ भन्ने सृष्टिको निर्देश बुझिन्छ । हामी दुःखहीन सुखको निरर्थक खोज नगरौँ । सुखलाई स्वादिलो पार्ने वस्तु दुःख नै हो, जसरी कि तरकारीलाई नुनले स्वादिलो पार्छ ।" भनी कर्मचारीले सान्त्वना दिन खोज्यो ।

दस किलोजति चामल, तीन किलोजति आलु, त्यति नै प्याज, अलिकति मस्यौरा, अलिकति दालको भारी बोकेर ऊ मित्रलाई धन्यवाद दिँदै घरतिर फर्क्यो । तुइनको बाटो सिधा भए पनि साथमा भारी भएकाले ऊ जँघार तरेर जाने विचार गर्दै थियो । बाटाको दायाँपट्टि निहुराहरू झुलिरहेको देख्दा उसले त्यहाँ भारी बिसायो र निहुरो टिप्तै परतिरसम्म दृष्टि लगायो ।

"आज घरमा मिठो खाना तयार हुने भयो" उसको मनले भन्यो । "गएर दाल बसाल्छु, निहुरो केलाएर तरकारी बनाउँछु, आमा केटाकेटीलाई हेरिहाल्नुहुन्छ, केही दिनलाई चामल बेसाउनु परेन, कर्मचारी साथीले भोलि आउनु भनेको छ, अझ केही मिल्यो भने झन् ढुक्क हुन्छ ।" भनी मनमनै सोच्यो ।

निहुरो टिपेर उसले तीनचार मुठा बनायो । हतारहतार गर्दै भारीतिर आउँछ त भारी छैन ! "कहाँ राखेँ मैले भारी ? के भारी हराएको त होइन ?" यता हेर्‍यो, उता हेर्‍यो, भारी कतै नदेखेपछि निराश भएर तुइनतिर झर्‍यो । तुइनको डोरीमा झोलुङ्गालाई धकेल्दै जब ऊ खोलाको माझमा पुग्यो तब उछिट्टिएर तल खस्यो । एउटी आइमाई निहुरो टिप्न त्यतै आएकी थिई जसले झोलुङ्गो र डोरीमा अड्केको टोपी देखी । नियालेर हेरिसकेपछि मान्छे खसेको अड्कल काटेर ऊ अरूलाई बोलाउन गई । मान्छे जम्मा भए । कोही वारिबाट र कोही पारिबाट खोला सँगसँगै मान्छे तलतिर लागे ।

रघु कार्की निहुरोमा अल्झेपछि त्यही बाटो आएको गुन्टेले सुरुक्क त्यो भारी बोक्यो र घरतिर लाग्यो । पिँढीमा त्यस्तो भारी बिसाइएको देख्दा उसकी नयाँ दुलही, आमा र भाइहरू दङ परे । भारी खोलेर हेर्दै भन्यो, "मिट्ठू, आज ल मिठो खाना बनाऊ" उसले आदेश दियो ।

"कहाँबाट ल्यायौ यो भारी ?" भन्दै पत्नीले सोधी । "जहाँसुकैबाट ल्याऊँ, तिमीलाई खान पाए भएन र ?" गुन्टेले प्रतिप्रश्न गर्‍यो । "हुँदैन, थाह नपाईकन यसबाट चामल झिकेर म पकाउन चाहन्न ।" दुलहीले जवाफ फर्काई । आमा र भाइले पनि त्यसै भने । आखिर उसले कुरा खोल्यो । पत्नीले लोग्नेलाई धिक्कारी । रघुजस्तो अभावमा पिल्सिरहेको र सङ्कटमा फसिरहेको व्यक्तिबाट उसले थाह नपाउने गरी सुटुक्क बिसाएको भारी बोकेर ल्याएकामा आमा र भाइहरू पनि रिसाए ।

"बिचरा, रघु कार्कीको घरमा अहिले सङ्कट मडारिएको छ, स्वास्नी हिँडी,

नाबालक छोराछोरी छन्, बुढी आँखा देख्दिनन् । छोराले केही ल्याउला भनेर पर्खिरहेकी होलिन् । त्यस्ताको आँसुले हामीलाई पिर्छ बाबु, पिर्छ । सुरुक्क लगेर उसकै घरमा पुऱ्याएर आऊ ।" आमाले त्यसो भनेपछि र स्वास्नीले पनि नरुचाएपछि ऊ ग्लानिले भित्रभित्रै गलेर गयो र भारी बोकेर रघुको घरतिर लाग्यो । भारी बाहिर बिसायो, घरको ढोका लागेको रहेछ । पिँढीमा लगेर त्यो बाहिर राखिदियो । सरासर ऊ खोलातिर ओर्ल्यो र झ्वाम्म त्यही खोलामा हाम्फाल्यो ।

मानिसहरू टोपीवालाको खोजमा थिए । टोपीवाला नदीबाट उत्रेर बाहिर पानी ओकल्दै थियो, त्यहींनेर कट्टुवालाको लास पो आइपुग्यो ! मान्छेले तानेर हेरे, गुन्टे रहेछ । दुर्दशाले कसलाई ढुँग्छ भन्न सकिँदैन । दशाका, दुर्दशाका दस दाउ !

केहीले डोऱ्याउँदै रघुलाई घर ल्याए । घरको पिँढीमा भारी विराजमान देख्दा रघु चकित भयो, उसको पीडा उडेर गयो । उता गुन्टेको घरबाट उसकी स्वास्नीलाई लिएर गुन्टेको भाइ आइपुग्यो । लास कुर्ने जिम्मेवारी त्यहाँका मान्छेमा आइलाग्यो । मानिसहरू जम्मा भए । चौकीबाट प्रहरीहरू बल बाँधेर आइपुगे ।

रातमा भाइले भाउजूलाई देखेन । केही मान्छे उसको खोजी गर्न लागे । यता खोजे, उता खोजे, अहँ, ऊ भेटिइन । गुन्टेले एउटा बाटो लियो, उसकी स्वास्नीले अर्को बाटो । जमरकट्टेलसित हिमचिम भएकाले उसैसित हिँडेको अड्कल काटियो ।

रात परेपछि पनि छोरा नआइपुगेको हुँदा सती मनमा चिन्ताको भारी बोकेर घरबाहिर निस्किन् । बाटोबाट केही सङ्केत आउँछ कि भन्ने तिनको आशा थियो । झ्वाम्म पछाडिबाट केहीले समातेजस्तो तिनलाई के लागेको थियो तिनी कान्लाबाट तल खसालिएकी थिइन् । न डर न आक्रोश, न चोटपटक न विचलन ! तिनी जुरुक्क के उठेकी थिइन्, उज्यालो देखिन्, तिनले शिर दायाँबायाँ घुमाइन्, अन्धकार छैन, उज्यालोमात्र छ, रात छैन, दिन हाँसिरहेछ । कर्णलाई अन्तिम अस्त्र हान्ने बखत अर्जुनले त्यस्तै उज्यालो देखेका थिए, दुर्भाग्य नाश हुने बखतको अँध्यारो हराएर गयो । तिनका आँखा खुले ।

तिनले कालीलाई सम्झिन् । कालीको वाहन बाघले समातेर फ्याँकिदिएजस्तो तिनलाई लाग्यो । घरभन्दा केही पर कालीको/कालिकाको मन्दिर छ । प्रत्येक दिन तिनी मन्दिर पुग्छिन् र कालिकाको दर्शन गर्छिन् । बिहा भएर आएदेखिन् तिनको यो नित्यकर्म चलिरहेछ । दुई वर्ष भयो- तिनका आँखाको ज्योति हराएको । त्यस समयदेखि तिनी बिहान-बेलुकै मन्दिर जान्छिन्, देवीलाई ढोग्छिन्, प्रार्थना गर्छिन् । दृष्टि गुमे पनि त्यहाँसम्म जान तिनलाई कोही सहयोगी चाहिँदैन । ठुलो सहयोगी लौरो नै छ ।

रघु कार्कीसित पैसा भएन । पैसा हुँदो हो त ऊ आमाका आँखाको उपचार

गरिसक्थ्यो । उपचार नगरेको त होइन । भारतको एक दृष्टि उपचार केन्द्रमा तिनलाई पुऱ्याएको पनि हो । डाक्टरले ज्योति फर्कनेमा सन्देह व्यक्त गरेपछि अपरेसन नगराई आमालाई फिर्ता ल्याएको थियो । पैसाको अभावले ठूलो अस्पताल लैजाने आँट उसमा आएन ।

केही मान्छेका साथ छोरो घर आइपुग्यो । सतीले दृष्टि पाएको थाह पाउँदा सबै अचम्ममा परे । छलकपट नगर्ने, कसैप्रति कहिल्यै दुर्भावना नराख्ने, लोभ र लालच नभएकी सतीको चरित्रले देवी प्रसन्न भएको विचार त्यहाँ प्रकट भयो । दैव एकातिर उदार हुन्छ, अर्कोतिर अनुदार । उसले रघु कार्कीकी आमालाई आँखा दियो तर उसकी स्वास्नीलाई हिँडाइदियो । घरमा खाद्यान्नको भारी स्वतः आइपुगेको देख्दा अचम्ममाथि अचम्म थपियो ।

सतीले कालीको प्रसादका रूपमा आँखा पाइन् भन्ने अड्कल मानिसहरूले गरे । मर्ने बखत तिनका पतिले भनेका थिए, "सती, पीर नमान, संसार यस्तै छ । छोरालाई हुर्काउनू, बढाउनू । यसले दुःख नपाओस् ।" तिनीलाई सुख दिन आएको हो । साँच्ची, नै तिनका निम्ति दुःखको साथी छोरो भएको छ । कतिपय महिलाहरू निर्दयी भएर बालकलाई छाडी हिँड्छन् । तिनले के सुख पाउलान् ? बालकको तातो आँसुले तिनीहरूलाई पोलिरहन्छ । पतिलाई हृदयमा र काखमा छोरालाई राखेर कैयौँ कैयौँ वर्ष तिनले घरमा बिताइन् ।

कसैको घरमा हँस्सी–दिल्लगी, कसैको घरमा रूवावासी ! अहिले रूवावासीमा गुन्टेको घर चोपलिएको छ । त्यहाँ पनि कुनै दिन हँस्सी–दिल्लगीको चमत्कार उम्रला कि नउम्रला ?

रघु कार्कीलाई लिएर आउनेले सतीकै घरमा खाना खाने भए । "आमा, देवीलाई भाकल पनि गर्नुभएको छ कि ?" रघुले भावुक हुँदै सोध्यो । "छ बाबु छ, मेरा आँखा खुलून्, लाखबत्ती बाल्छु भन्ने मेरो सङ्कल्प छ ।" आमाले प्रसन्नताका साथ उत्तर फर्काइन् ।

"आँखा नखुलेको भए के गर्नुहुथ्यो नि ?" रघु कार्कीले फेरि सोध्यो ।

"नखुलेको भए पनि बाल्ने थिएँ, देवीको कृपाले यी दुई आँखा खुलिहाले । बत्ती बाल्ने उत्साह अहिल्यै जागिसक्यो ।" आमाले देवीप्रति मुग्ध हुँदै भनिन् ।

"बोको पनि काटौँ न आमा ? एकदिन राम्रै भोज हुन्छ ।" भनी छोराले अनुरोध गऱ्यो ।

"भोज राम्रै गरौँला तर बोको काट्ने कुरा नगरौँ, देवीको स्थानमा सुधो जन्तुलाई मारेर के भोज खानु बाबु, के भोज खानु ?" भनी आमाले जवाफ फर्काइन् । ■■

अनुभूति

# एउटा खुल्ला विश्वविद्यालय



✍ **गङ्गा कर्माचार्य पौडेल**

मानिस जन्मिएपछि बाँचुन्जेलसम्म उमेरका विभिन्न चरण र अवस्था पार गर्नुपर्ने हुन्छ । जन्मदेखि २ वर्षसम्म शिशुवस्था, ३ देखि ५ वर्षसम्म बाल्यावस्था, ६ वर्षदेखि १२ वर्षसम्म नव किशोरावस्था, जसलाई बोलीचालीको भाषामा केटाकेटी पनि भनिन्छ । १३ वर्षदेखि १९ वर्षसम्म किशोरावस्था, २० वर्षदेखि ४० वर्षसम्म युवावस्था, ४१ वर्षदेखि ५९ वर्षसम्म प्रौढावस्था र ६० वर्षदेखि माथिको उमेरलाई बृद्धावस्था भनिन्छ । यी उमेर अवस्थाको वर्गीकरण सबै देशमा एउटै नभएर एकाध वर्ष तलमाथि हुने गरेको पाइन्छ ।

बाल्यावस्थासम्म पूरा अभिभावकमा निर्भर रहनुपर्ने हुन्छ भने किशोरावस्थामा प्रवेश गरिसकेपछि धेरथोर अभिभावकको काममा पनि सघाउन सक्ने हुन्छन् तापनि किशोरावस्था जीवनकै सङ्क्रमणकालीन अथवा बोलीचालीको भाषामा भन्नुपर्दा अल्लारे उमेर भएकाले उसको सङ्गत कस्तासँग छ ? पढाइमा ऊ कस्तो छ ? जस्ता संवेदनशील कुरामा अविभावकको पूर्ण निगरानीको आवश्यकता पर्दछ । युवावस्थामा पुगेपछि मानिस आफैँ जिम्मेवार र निर्णय लिन सक्षम हुन्छ । त्यसकारण पहिलाजस्तो अभिभावकले छोराछोरीप्रति निगरानी राख्नुपर्ने आवश्यकता देखिँदैन ।

युवावस्था मानिसको जीवनभरिकै महत्त्वपूर्ण र ऊर्जाशील अवस्था पनि हो । यो उमेरमा अधिकांश मानिसहरू आफ्नो पढाइ पूरा गरेर आयआर्जनको स्रोत पहिल्याउने (करियर बनाउने) विवाह गर्ने, बच्चा जन्माउने, घरबार जोड्ने, बच्चा पढाउने, हुर्काउनेजस्ता पारिवारिक दायित्व पूरा गर्नुपर्ने हुन्छ । यो उमेर समूहका मानिसहरू हट्टाकट्टा, निरोगी र रहरलाग्दा देखिन्छन् ।

प्रौढावस्थामा पुग्दा झन् मानिसहरूको पारिवारिक जिम्मेवारी बढेको हुन्छ किनभने हुर्किएका छोराछोरीहरूको ब्रतबन्ध, विवाहजस्ता सामाजिक दायित्व पूरा गर्नुपर्ने, युवावस्थामा गर्न नभ्याइएका बाँकी काम पनि प्रौढावस्थामा पूरा गर्नुपर्ने देखिन्छ । कसैको त उमेर हदका कारण जागिरबाट अवकास हुने, बढ्दो उमेरसँगै शरीरमा कार्यक्षमता घट्ने, काममा खट्न सक्ने शक्ति कम हुँदै जाने । कसैको शरीरमा त रोगप्रवेश गर्ने समस्या समेत हुने गरेकाले प्रौढावस्था तनावपूर्ण रहने गरेको पाइन्छ ।

बृद्धावस्थाका मानिसहरू जो ६० वर्ष नाघिसकेका हुन्छन् । उनीहरूको जागिरबाट अवकाश पाइसकेका हुनाले नयाँ काम पनि के गर्ने भन्ने मेसो पाएका

हुँदैनन् । त्यसकारण आफूसँग काम नहुनु, शरीरमा बल घट्नु, जोसजाँगर कम हुनु, रोगले गाँज्दै लानु, अनुहारमा चाउरी परेर सुन्दरतामा ह्रास आउनुजस्ता समस्या पर्ने र घरपरिवार खासगरी छोराबुहारीमा आश्रित हुनुपर्ने हुन्छ । असल छोराबुहारी हुनेलाई यो कुनै ठुलो समस्या होइन किनभने बुबाआमाले खाइ नखाइ जोडेको घर, सम्पत्तिमा उनीहरूले रजाइँ गरिहेका हुन्छन् तर कसैले बुबाआमालाई कस्तो छ ? भनेर सोधे 'सबै राम्रो छ । बसीबसी खानु भाछ । मैले कमाएर पालिराछु' भनेर जबाफ दिन्छ छोरोले । उता बुहारीले सासूससुरालाई सके पनि, नसके पनि घरको सबै काम गर्न लगाउँछिन् । खान दिँदा माग्नेलाई जस्तो व्यवहार गर्न पछि पर्दिनन् । यस्तो अवस्थामा ज्येष्ठ नागरिकका पतिपत्नी जोडी छउन्छेल एक अर्काको दुःखमा सहारा बनेर बाँचिरहेका पाइन्छ । दुईमा एकजनाको मृत्यु भयो भने बाँचेकालाई जीवन धेरै नै कठिन लाग्दछ । त्यसमा पनि एक्लै भएपछि घरपरिवारले हेप्न थाल्छन् । सामाजिक कार्यमा पनि फरक व्यवहार गर्न थाल्छन् । आफूले सक्ने बेलामा बारम्बार बोलाएर ख्वाउने रमाइलो गर्ने गरेका आफन्त भनाउँदाहरू एक कल फोन गरेर सन्चोबिसन्चोसम्म सोध्दैनन् । मरेका मुसालाई उपियाँले छोडेजस्तै उनीहरू परपर हुँदै जान्छन् । 'छन् गेडी सबै मेरी, छैन गेडी सबै टेडी' भन्ने उखन यहाँनेर सार्थक हुन पुग्दछ । त्यसपछि एकल महिला वा पुरुष, ज्येष्ठ नागरिकलाई घर-परिवार, समाजदेखि नै विरक्त लाग्न थाल्दछ । घरमा बस्ने वातावरण नभएपछि ज्येष्ठ नागरिक आफैँले घर छोडेर अन्यत्र जान चाहन्छन् । कसैलाई बोझ ठानेर छोराबुहारीले नै निकालिदिएको घटना धेरै छन् । त्यस्तो अवस्थामा वैकल्पिक व्यवस्था भनेकै ज्येष्ठ नागरिक आवासगृह, आश्रमकेन्द्र भएको पाइन्छ । यस्ता अवासहरू कुनै निःशुल्क, कुनै सशुल्क हुने गर्दछ । पहिला विदेशमा मात्र यस्ता ज्येष्ठ नागरिक आवास हुने गरेको सुने-पढेको भए पनि बदलिँदो समयसँगै अहिले नेपालमा पनि यस्ता थुप्रै ज्येष्ठ नागरिक आवासहरू स्थापना भएका छन् । त्यसमध्ये एउटा **'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'** पनि हो । आज म यहाँ यस आश्रमको परिचय र आफ्ना अनुभूतिलाई लिपिबद्ध गरी प्रस्तुत गर्ने जमर्को गरेकी छु ।

**सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम, भक्तपुर**

**परिचयः** वि. सं. २०६२ सालमा दुई जना महिला ज्येष्ठ नागरिकलाई आवास सुविधा प्रदान गरेर स्थापना गरिएको **'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'**मा अहिले ११ जना पुरुष र २६ जना महिला ज्येष्ठ नारिकले सुविधा उपभोग गरिहनुभएको छ । यो आश्रमका सञ्चालक प्रमुख वरिष्ठ समाजसेवी श्याम धौभडेल हुनुहुन्छ । अपरेसनल डाइरेक्टर अनिल राजभण्डारी हुनुहुन्छ । सेवादारहरू जस्तै चौकिदार, भान्छे, कुचिकार, नर्स, कियर टेकर, डाक्टरसहितको पर्याप्त जनशक्ति भएको यो आश्रम भक्तपुर जिल्लाको हनुमानस्थानमा अवस्थित छ । भुइँ तला समेतलाई गन्दा चार तले भव्य भवनमा तलमाथि गर्न लिफ्टको व्यवस्था पनि गरिएको छ । बिचमा चोक

राखेर निर्माण गरिएकाले पर्याप्त खुला ठाउँ छ । त्यसकारण ज्येष्ठ नागरिकलाई, घाम ताप्न, शीतलमा बस्न, हावा खान बाहिर जानु पर्दैन । भवनको तलैपिच्छे बरण्डा भएकाले त्यहाँबाट परपरसम्मको भनौं भक्तपुर सहर, नगरकोटतिरको हरियो डाँडा सजिलै देख्न सकिन्छ । बिहान सबेरै भक्तपुरका मन्दिरमा बज्ने शङ्खघण्टाको ध्वनि, साँझ आरती गुञ्जनसमेत सुन्न सकिन्छ । यसले गर्दा ज्येष्ठ नागरिकमा एक प्रकारको आनन्द सञ्चार गर्न सक्दछ । भवनको अगाडिपट्टि बरण्डामा गणेश, शिव-पार्वती, नारायण, सूर्य देवताको मूर्ति र तुलसी, पिपलसमेत रोपेर भगवान्को स्थापना गरिएकाले नित्यपूजा गर्न चाहने ज्येष्ठ नागरिकहरू पूजाआजा गरेर मन आनन्दित पार्न सक्नु हुन्छ ।

यहाँ विभिन्न अवस्थाका ज्येष्ठ नागरिक हुनुहुन्छ । कोही हिँडडुल गर्न सक्ने, हेर्दा तगडै देखिने, कोही लट्ठीको सहारामा हिँड्नुपर्ने, कोही ह्विलचियर प्रयोग गर्नुहुने पनि हुनुहुन्छ । हिँडडुल गर्न नसक्नेलाई भुइँतलामा, हिँड्न सक्नेलाई पहिलो र दोस्रो तलाका कोठाहरूमा व्यवस्था गरी राखिएको छ । खाना खान डाइनिङ हल जान नसक्नेलाई कोठामै पुऱ्याइदिने गरिएको छ । आफैँ खान नसक्नेलाई ख्वाइदिने समेत व्यवस्था गरिएको छ । चौबिसै घण्टा नर्सहरू हुने भएकाले कसले के खाना खाने, कुन औषधी खाने नर्सहरूकै निगरानीमा हुने गर्दछ । यो आश्रमको अर्को विशेषता पनि छ । त्यो हो सँगै जोडिएको सिद्धि मेमोरियल बाल अस्पताल । अस्पतालबाट हुन सक्ने ल्याब परीक्षणलगायत अरू पनि स्वास्थ्य सुविधाहरू बिरामी ज्येष्ठ नागरिकको अवस्था हेरी निःशुल्क र शुल्क लाग्ने अवस्थामा छुटको व्यवस्था रहेको पाइयो । यसरी हेर्दा **'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'** ज्येष्ठ नागरिकमैत्री रहेको देखिन्छ ।

'आश्रम' भन्नासाथ घरपरिवार, आफन्त कोही नभएका अथवा परिवार भए पनि घरबाट निकालिएका बेसाहारा बृद्धबृद्धा राख्ने ठाउँ हो भन्ने बुझाइ छ मानिसहरूमा । त्यो बुझाइमा पूरै सहमति हुन सकिनँ म र 'आश्रम' शब्दको सही अर्थ के रहेछ भनेर नेपाल प्रज्ञा शब्दकोश पल्टाएर हेरेँ । त्यसमा 'आश्रम' शब्दको अर्थ निम्न लेखिएको छ-

१. चार वर्णाश्रम धर्ममध्ये आयुका दृष्टिले ग्रहण गरिने जीवन प्रक्रिया, त्यस्तो जीवन चर्या ।

२. तपस्या गर्ने ठाउँ, तपोवन ।

३. पहाडी वा तराई मूलका दशनामीको एक थर ।

४. प्राचीन ऋषिमुनिहरूले बस्नका निमित्त प्रायः जङ्गलमा बनाएका आवास, कुटी, गुफा ।

५. ब्रह्माचार्य, गार्हस्थ, वानप्रस्थ र सन्यासमध्ये कुनै एकको आश्रयस्थल ।

यसरी हेर्दा मेरो बुझाइमा 'आश्रम' भनेको व्यावहारिक झन्झटबाट मुक्त पवित्र आत्माहरूको बासस्थान रहेछ भन्ने लाग्यो । यस्ता आश्रमहरू परापूर्व कालमा एकान्त वन जङ्गलभित्र निर्माण गरिने भए पनि मानवसभ्यताको विकाससँगै हाल आएर घर,

भवनजस्ता संरचनामा परिणत भएको छ । त्यसैअनुरूप निर्माण भएको आधुनिक भवन हो **'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'** ।

**अनुभूतिः** म वि.सं. २०६१ सालदेखि तपस्थली बृद्धाश्रममा आबद्ध भई काम गर्दै आएकी थिएँ । त्यहींबाट १५ वर्ष जति पहिले एक पटक म ज्येष्ठ नागरिक महासङ्घद्वारा आयोजित 'बृद्धावस्था व्यवस्थापन कार्यशाला'मा सहभागी हुँदा कार्यशालाबाट काठमाडौंका विभिन्न आश्रमहरूको अवलोकन गर्न लगिएको थियो । त्यही वेला 'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'मा पनि अवलोकन गराइएको थियो । मेरो श्रीमान्को साथी पनि त्यहाँ बस्ने हुँदा हामी दुवै जना पटक–पटक उहाँलाई भेट्न जाने गरेका थियौं । त्यसरी गइरहँदा ज्येष्ठ नागरिकलाई स्याहारसुसार गरेको देखेर भन्ने गर्थ्यौं– "हामी दुवै जना एकै पटक मरिएन र अघिपछि भइयो भने पछि हुने चाहिँ यही आश्रममा आएर बस्ने है ।" किनभने हाम्रो परिवार ठुलो छैन । छोराबुहारी, नाति र हामी जम्मा पाँचजना छौं । त्यही पनि २०७२ साल माघदेखि उनीहरू नयाँ बनाएको घरमा बस्छन् । बाँकी रह्यौं दुई जना बुढाबुढी मात्र । त्यसमा पनि एकजना भएपछि घरमा बस्न कठिन हुने छ । हेरविचार गर्ने मान्छे हुने छैनन् । यो कुरामा हामी दुवै जना सहमत भएका थियौं । वि.सं. २०८० साल माघ १७ गते मेरो श्रीमान्को स्वर्गारोहण भयो । त्यसपछि म एक्लै भएँ । एक वर्ष उहाँकै किताब छाप्ने, चित्रकला प्रदर्शनी गर्ने, वार्षिकी पूजा इत्यादिमै व्यस्त रहनुपर्दा समय बितेको पत्तै भएन । त्यसपछि छोराको विवाहतिर लागियो । ती सबै व्यावहारिक काम सकिएपछि फुर्सद मिलेको हुँदा पहिले श्रीमान्सँग भएका संवादहरू याद आउन थाल्यो । समय मिलाएर म एकदिन 'सिद्धि शालिग्राम आश्रम' पुगें । वरिष्ठ समाजसेवी आदरणीय श्याम धौभडेल सरसँग भेटेर एक हप्ता आश्रममा बस्ने गरी आउने इच्छा जाहेर गरें । उहाँले खुसीसाथ अनुमति दिनु भयो । सोही दिन अपरेसनल डाइरेक्टर अनिल राजभण्डारीजीसँग पनि आफ्ना कुरा राखें । उहाँबाट पनि स्वीकृति पाएपछि वि.सं. २०८२ साल भदौ ७ गते आइतबार एक हप्ताको लागि म 'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'मा बस्ने गरी पुगें । मलाई देख्नासाथ आश्रमका कर्मचारीहरूले शिष्टाचारसहित न्यानो स्वागत गर्नुभयो र मेरा लागि पहिलो तलामा भएको १०६ नं. को एउटा बेड एट्याच ट्वाइलेट बाथरूमसहितको चिटिक्क परेको कोठा दिनुभयो । कोठामा पस्नासाथ आफ्नो लुगा, सामान मिलाउनतिर लागें । सब ठिकठाक पारेपछि पश्चिमतिरको झ्यालबाट बाहिर नियालें । त्यहाँबाट देखिने हनुमन्ते खोला, खोलाको किनारमा उभिएको एउटा सुकेको रूखमा मेरा आँखाहरू ठोक्किए । त्यो खोला र सुकेको रूखले मभित्र भावुकता उत्पन्न गरायो । मनमा कुराहरू खेल्न थाले र मनमनै भने, "हनुमन्ते खोला अहिले शान्त छ । आफ्न दुई किनाराभित्र सीमित भएर बगिरहेको छ । आकाशबाट पानी धेरै वर्षा भएको बेला त्यति ठाउँले पुग्दैन उसलाई । त्यसपछि मान्छेका बस्तीमा पनि फैलिदिन्छ । किनभने उसको सिमाना मान्छेले मिचिदिएको छ । अन्याय गरिएको छ ऊ प्रति । त्यसकारण

वेलावेलामा आफूमाथि भएको अन्यायको विरूद्धमा हुङ्कार गर्दै मानव बस्तीमा बितण्डा मच्चाएर आफ्नो ताकत प्रदर्शन गर्दछ ।

खोलाकै किनारमा ठिङ्ग उभिएको त्यो सुकेको रूख जीवित छँदा भनौं हरियो भएको बेला उसका हाँगामा कति थरी चराले गुँड बनाएर बचेरा हुर्काए होलान् ? कति पशुहरूले घाँस खाएर अघाए होलान् ? कुनै बेला हाँगै नुहिने गरी फल फलेको होला । भेटेजतिले टिपेर स्वाद मानेर त्यो रूखको फल खाए होलान् । कति मानिसहरू खेतमा काम गर्दा गर्दै थाकेर अनि घामले पोलेर छहारीमा बसेर आनन्द लिए होलान् ? अहिले ऊ आफैँ खङ्ग्रङ्ग सुकेर कुन प्रजातिको रूख हो भन्ने समेत पहिचान गुमाइसकेको अवस्थामा पुगेको छ । अहिले त्यो रूखको विषयमा कसैलाई कुनै चासो छैन । बरु 'हावाले ढलाइदिए कुचोले गर्ने काम बतासले गर्‍यो' भन्दै काटेर दाउरा बनाउने दाउमा होलान् मान्छेहरू । मनमनै मैले त्यो सुकेको रूखसँग मान्छेको बुढेसकाल तुलना गरेँ र एक्लै फिस्स हाँसे ।

यस विषयमा पछि एउटा निबन्ध नै लेख्ने सोच बनाएर त्यो सुकेको रूखमा मात्र म अल्झिन चाहिनँ अनि त्यसभन्दा अगाडि बढेर पारिपट्टि लहलहाएको हरियो धान खेतमा पुगेँ । मेरो अन्दाजमा त्यस्तै १५ रोपनी जति होला त्यो धान खेत । आहा ! भर्खर पसाउँदै गरेका ती धानका फूलहरूबाट मिठो बास्ना आएजस्तो महसुस गरेँ मैले र लामो सास तानेँ । भक्तपुर जिल्ला अन्न उब्जाउका लागि अत्यन्तै उर्वरभूमि हो । पहिला तीन महिना काम गरेर नौ महिना खान पुग्थ्यो रे यहाँका बासिन्दालाई । अहिले आधुनिक सहर बिस्तारका कारण खेतबारी मासिँदै गएको छ । अन्न फल्ने जग्गामा घरै घर फलेको पाइन्छ । यहाँनेर हनुमन्ते खोलाको किनारमा यति थोरै भए पनि धान खेत देख्न पाउँदा खुसी लाग्यो तर धानखेत बेचेर विदेशबाट चामल किनेर खाने हामी नेपालीको बुद्धिलाई चाहिँ धिक्कार भनेँ ।

धानखेतबाट अगाडि बढेर मेरा आँखाहरू त्यसपछिको बाक्लो भक्तपुर सहरको एक छेउको दृश्य हेरेर रमाएँ । किनभने ती घरहरू यति बाक्लो देखिन्थे कि एकघर अर्को घरसँग टाँसिएको मात्र होइन खप्टिएकाजस्तो देखिन्थे । झन्डै सास फेर्न अक्सिजन पुग्दो रैछ त्यहाँका बासिन्दाहरूलाई ।

झ्याल बन्द गरेर कोठाबाट म बार्दलीमा निस्किएँ । भेटे जति त्यहाँ बसोबास गरिरहनुभएका ज्येष्ठ नागरिकसँग भेटघाट कुराकानी गर्न थालेँ । धेरै जनाको एउटै प्रश्न थियो तपाईँको घर कहाँ हो ? कुन जात (थर) हो ? घरमा अरू कोही छैनन् र यहाँ आएको ?

अगाडिपछाडिका दुई ओटा प्रश्नहरू स्वाभाविक लागे पनि बिचको प्रश्नले मेरो दिमाग रन्थनियो । जीवनको उत्तरार्धमा भनौं झन्डै अन्तिम अवस्था आइपुग्दा पनि यो जातिपातीको कुरा गर्न नछोड्ने मान्छेको जातै कस्तो होला ? अनि मान्छे कहिले सुध्रिन्छ होला ?

साँझको खाना खानेबेला भयो । "यहीं ल्याइदिऊँ कि डाइनिङ हलमा गएर खाने आमा ?" एकजना नानीले कोठामा आएर मलाई भनिन् । पाएँ भन्दैमा अनावश्यक सुविधा उपभोग गर्नु हुँदैन । हिँड्नै नसक्ने त छैन नि म । मेरो मनमा त्यस्तो लाग्यो । त्यसपछि नानीलाई कोठामा खाना ल्याउनुपर्दैन । म तलै आउँछु भनेपछि 'हस्' भनेर उनी गइन् । डाइनिङ हलमा केही ज्येष्ठ नागरिकहरू खाँदै हुनुहुन्थ्यो । कोही खान आउँदै हुनुहुन्थ्यो । दुई जना विदेशी केटीहरू पनि थिए । परिचय आदानप्रदान भयो । डेनमार्कबाटबाट तीन महिनाका लागि यहाँ भोलिन्टियर सेवामा खटिएका नर्स रहेछन् उनीहरू । मैले आफूलाई 'म एउटा सर्जक हुँ । मैले बाल, किशोर, प्रौढ साहित्यका ३९ ओटा किताब प्रकाशित गरिसकेको छु । मेरा बाल, किशोर सिर्जनाहरू पाठ्यपुस्तकमा समावेश गरी स्कुलमा पठनपाठन गरिएका छन्' भनेर परिचय दिँदा उनीहरू औधी खुसी भएर आदरभाव व्यक्त गरे । हामी सँगै बसेर खाना खायौँ । खानामा दालभात, जाउलो, तरकारी, अचार, रोटी, दुध, तातो-चिसो पानी जसलाई जे खान मनपर्छ त्यही खान पाउने हुँदा खानपानको व्यवस्था राम्रो लाग्यो । खानापछि कसलाई कुन औषधी दिनुपर्छ हेरेर दिँदै थिइन् नर्स नानी । कोही खाना बोकेर कोठा-कोठामा पुऱ्याउने, आफैँ खान नसक्नेलाई ख्वाइदिन लाने गर्दा खानाखाने समयमा सेवादारहरूलाई चटारो पर्दो रहेछ । किनभने अलिकति ढिला भयो भने खाना सेलाउन सक्ने हुँदा त्यसतर्फ चनाखो हुने गरेको पाइयो ।

प्रायजसो घरबाट बाहिर जाँदा ओछ्यान फेरिने भएकाले मलाई राति राम्रो निद्रा लाग्दैनथ्यो तर फरक परिवेश, फरक बिछ्यौना भए पनि त्यस रात मस्त निद्रा लागेको पाउँदा म आफैँ छक्क परेँ । बिहान उठेर मुख धोइवरि नित्य प्रार्थना, व्यायाम गर्दैगर्दा ढोका ढक्ढक् गरेको आवाज आयो । ढोका खोलेँ । एउटी नानी 'नमस्ते आमा !' भन्दै भित्र पसेर उसिनेको अण्डा, एक पुरिया बिस्कुट, मगभरी चिया टेबुलमाथि राखेर भनिन्, "आमा ब्रेकफास्ट खानुस्, दस बजे खाना तयार हुन्छ ल !" उनको विनम्रतादेखि म पुलकित भएँ । यो उमेरमा घरपरिवारबाट यस्तो मिठो बोलीवचन सबैको नसिबमा कहाँ हुन्छ र ? त्यै भएर त विरक्त हुन्छन् नि ज्येष्ठ नागरिकहरू ! घरपरिवारबाट मिठो बोलीवचन, टाइममा खाना, बिरामी हुँदा औषधी-उपचार यति भए त पुगी गो । त्यति पनि पाउन नसकेपछि बुढेसकाल आफैँलाई बोझ (मर्न न बाँच्नु) लाग्न थाल्छ ज्येष्ठ नागरिकलाई ।

चिया खाइसक्नासाथ नर्स नानी आएर मेरो रक्तचाप (ब्लडप्रेसर) जाँचिन् । "ठिक छ आमा", भनेर उनी गएपछि म कपि निकालेर लेख्न थालेँ । शान्त वातावरण, घरायसी जिम्मेवारीबाट मुक्त भएकाले लेख्न पढ्न पर्याप्त समय मिल्ने मैले अनुभूत गरेँ । १० बजे बिहानको खाना खाएर कोठामा केहीबेरको आरामपछि म फेरि वरपर कोठामा साथीहरूलाई भेट्न र कुराकानी गर्न निस्किएँ । उहाँहरू कोही कोठाभित्रै बस्नुभएको थियो भने दुईचार जना बरन्डामा कुर्ची राखेर बस्नुभएको थियो । भलाकुसारीको क्रममा प्रयाजसोको घरपरिवार भएको पाएँ मैले । कसैको त घरमा

हेरचाह गर्ने मान्छे नभएर, छोराबुहारीले समय दिन नसकेर यहाँ सुविधा भएकाले आएको भन्ने पनि पाएँ । त्यो पनि ठिकै लाग्यो मलाई किनभने अहिलेको व्यस्त मानिसहरूसँग अरूलाई दिन समय छैन । बिहान घरबाट काममा जान्छन्, साँझ पनि त्यस्तै अबेर घर फर्किन्छन् । दिनभरि एक्लै घर बस्दा ज्येष्ठ नागरिकलाई अत्यास लाग्ने, डर लाग्ने हुन्छ । हेरचाहका लागि मान्छे राख्न पनि अहिले भरपर्दो मान्छे कहाँ पाउँनु र ? चोरी गर्ने, बृद्धबृद्धाको खाना खाइदिने, राम्ररी सफासुघर नराख्ने, मोबाइल मात्र हेरेर बस्ने इत्यादि समस्याबाट दिक्क भएका परिवार पनि मैले देखेकी छु । त्यसमाथि पनि बिमारी परेकाहरूको त बिजोगै हुन्छ । घरमा एकजना बिरामी भएपछि उसका परिवार, नातागोता, इष्टमित्र सबैलाई चिन्ता हुने गर्दछ । त्यो भन्दा त यहाँ भएपछि समयमा खाना, औषधी उपचार, स्याहार पाउनुभएकै छ भनेर सबैजना ढुक्क हुन सक्ने मैले अनुभूत गरेँ ।

वास्तवमा मलाई ज्येष्ठ नागरिकको मनोविज्ञान बुझ्नु थियो र 'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'मा बसिरहनुभएका ज्येष्ठ नागरिकका अनुभव अनुभूतिको अध्ययन गर्नु थियो । त्यसकारण त्यसैमा मेरो ध्यान केन्द्रित गरेकी थिएँ । त्यसको लागि संवाद गर्न जरूरी थियो । उता मेरा प्रश्नहरूले उहाँहरूको विगत कोटिने र त्यसले उहाँहरूलाई खाटा बसिसकेको घाउ उप्काएर पीडा दिने हुँदा त्यसतर्फ म खुबै चनाखो हुने गरेको थिएँ अनि हाँसी–हाँसी थोरै–थोरै सोधेर धेरै कुरा जान्ने प्रयास गर्दथे । त्यसैले मसँग ज्येष्ठ नागरिकहरू खुलेर बोल्न थाल्नुभएका थियो । अहिले बसिरहेको आश्रमका बारेमा पनि जान्नु थियो मलाई । कसैले त "तपाईँ आउनुभएको छ आफैँ थाहा पाइहाल्नु हुन्छ नि" भनेर पन्छिन खोज्नुहुन्थ्यो । तर झिनामसिना कुराबाहेक समग्रमा आश्रमको बसाइ सुविधाजनक भएको र यहाँको व्यवस्थपनप्रति खासै गुनासो नभएको पाएँ । यद्यपि यहाँ जति सुविधा भए पनि चाडपर्वमा घर जान मन लाग्ने, बेलाबेलामा घरपरिवारको यादले सताउने गरेको कुरा सबैको साझा समस्या रहेछ ।

यस 'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम'मा रहनुभएका फरक फरक उमेर अवस्थाका ज्येष्ठ नागरिक र उहाँहरूको विगतका भोगाइ, वर्तमानका अनुभव, अनुभूतिहरू सुन्दा मलाई लाग्यो सात दशक उमेर पार गरिसक्दा पनि मैले हरेक वसन्तमा फुल्ने गरेका फूलहरूलाई राम्ररी नियालेकै रहेनछु, स्पर्श गरेकै रहेनछु, न त सुगन्धको महसुस नै गरेकी रहिछु । मैले सिक्नुपर्ने कुराहरू, भोग्नुपर्ने भोगाइहरू धेरै बाँकी रहेछन् भन्ने अनुभूत गरेँ ।

खासगरी यहाँ रहनुभएका ज्येष्ठ नागरिकमा इतिहास, समाजशास्त्र, अर्थशास्त्र, भूगोल, संस्कृति, मानवशास्त्र, मनोविज्ञानजस्ता तमाम विषय निहित रहेको र त्यस विषयमा अध्ययनअनुसन्धान गरेर एकएक ओटा पिएचडी शोधग्रन्थ लेख्न सकिने हुनाले यो 'सिद्धि शालिग्राम ज्येष्ठ नागरिक आश्रम' एउटा खुल्ला विश्वविद्यालय भएको अनुभूति भयो मलाई । ■■

| विलोम | लघुकथामा एक अभ्यास |
| --- | --- |

# विवश पोखरेलसँगको कुराकानी



*लघुकथा अभ्यास 'विलोम'को नवौं संस्करण २०८२ असोज ३१ गते सम्पन्न भयो । यसपटकको भेटघाट विराटनगर निवासी आख्यानकार एवम् कवि विवश पोखरेलसँग उहाँ काठमाडौं आउनुभएका समयमा भएको हो । लघुकथा केन्द्रित कुराकानी गर्ने क्रममा यस अभ्यासअन्तर्गत स्रष्टा पोखरेलसँग झन्डै तीन घण्टा नेपाली लघुकथाको विगत, वर्तमान र भविष्य तथा अन्य विविध विषयमा समेत छलफल गरियो । यस पटकको अभ्यासमा श्री पोखरेलसँग लघुकथाका हकमा लघुकथा के हो र कस्तो हुनुपर्छ, लघुकथा लेखनको विगत र वर्तमान एवम् लघुकथा लेखनमा देखापरेका पछिल्ला प्रवृत्ति तथा लेखनको धार, लघुकथाले समेटेका विषय, लघुकथाको स्तरीयता तथा लघुकथाको भविष्यसमेत लघुकथाका विविध विषय र उनको लेखनका बारेमा समेत विस्तृत कुराकानी भएको थियो । सो कुराकानीको केही अंश यहाँ प्रस्तुत गरिएको छ ।*

**को हुन् विवश पोखरेल ?**

विवश पोखरेल (जन्मः २०१५ भाद्र २५) समकालीन नेपाली साहित्यमा सुपरिचित नाम हो । उनी विराटनगरमा रहेर झन्डै पाँच दशकदेखि साहित्य सेवा तथा सिर्जनामा समर्पित छन् । नेपाली साहित्यका विशिष्ट एवम् बहुमुखी प्रतिभा पोखरेल .आफ्ना कर्म र कृतिका माध्यमद्वारा नेपाली भाषा र साहित्यमा रुचि राख्ने जो कसैसँग पनि सुपरिचित छन् र उनका बारेमा लामो परिचयको आवश्यकता छैन । दुईपटक प्राज्ञसभा सदस्य भइसकेका, विभिन्न सम्मान र पुरस्कार प्राप्त गरेका पोखरेल हालै मात्र भैरव प्रतिभा पुरस्कार, २०८२बाट पुरस्कृत भएका छन् । विभिन्न सङ्घसंस्थामा आबद्ध पोखरेलले जिम्मेवार ओहदामा रहेर काम गरेका र कतिपय संस्थाको नेतृत्वसमेत गरेका छन् । महत्त्वपूर्ण कृतिहरूको सम्पादन समेत गरेका पोखरेलको अर्को पहिचान सरलता र शिष्टता हो ।

**पोखरेलका प्रकाशित कृतिहरू**

१. अनिदो रात र बत्तीका पुतलीहरू (कवितासङ्ग्रह, २०५१)

२. समयबिम्ब (कथासङ्ग्रह, २०५९)
३. स्नेहअस्त्र (कथासङ्ग्रह, २०६१)
४. साँढेको दाइँ (व्यङ्ग्यनिबन्धसङ्ग्रह, २०६२)
५. निषिद्ध बस्तीमा (कवितासङ्ग्रह, २०६७)
७. कर्कलाको छाता (कवितासङ्ग्रह, २०६३)
८. फुच्चे भाइको घोडा (बाल-कवितासङ्ग्रह, २०६६)
९. पग्लिएको इन्द्रेणी (मुक्तकसङ्ग्रह, २०७३)
१०. जीवनलाई देख्नु भो ? (कवितासङ्ग्रह, २०७९)

**उनै पोखरेलसँगको विलोम वार्ताको केही अंशः**

**मनोहर पोखरेलबाट तपाईँ कसरी विवश पोखरेलमा रूपान्तरण हुनुभयो ?**

– हो, मेरो जीवनको सुरुवाती समयमा म मनोहर पोखरेल थिएँ तर जब ममा विद्रोही भावनाहरू पलाउन र साहित्यिक चेतनाहरू जुर्मुराउन थाले म 'मनोहर पोखरेल' नामको बन्धनमा बाँधिइरहन असमर्थ भएँ । त्यसैताका मैले साहित्य पढ्न पनि थालेको थिएँ र मैले पढेका अधिकांश साहित्यकारहरूको उपनाम पनि थियो । सायद, त्यसैको प्रभावका कारण पनि म आफू 'मनोहर'बाट 'विवश' भएँ हुँला तर यतिखेर मेरो व्यक्तित्वको आधिकारिक पाटो र घरायसी प्रयोगमा मात्र म मनोहर छु, बाँकी सबै ठाउँमा म विवश छु ।

**तपाईँको किशोर वयमा कसरी साहित्यले प्रवेश पायो ?**

– हामी चक्रघट्टीमा बस्थ्यौँ । मैले १० कक्षा उत्तीर्ण गर्नासाथै कोशी नदीको आसपासका गाउँका भाइबहिनीहरूलाई ट्युसन पढाउने काम गरेँ । त्यही समय ती बस्तीको दुःख नजिकबाट देखेँ । बाढीले पुऱ्याएको विनाश र उजाडिएको बस्ती, अनि वनक्षेत्रमा बसोबास गर्न पुगेका गाउँलेहरूलाई हात्तीको प्रयोग गरी हटाउने सरकारी प्रयासहरू मेरा सचेत आँखाहरूले देखे ।  संवेदना, सौन्दर्य र विद्रोहले साहित्य जन्माउँदो रहेछ । एकातिर प्रकृति र अर्कोतिर सरकारी नीतिको दोहोरो प्रहारमा परेका गाउँलेमाथिका यस किसिमका पीडा एवम् दर्दनाक चोटबाट मेरो विद्रोही चेत जुर्मुरायो र त्यही चेतनाले मलाई साहित्यतर्फ डोऱ्यायो ।

**साहित्य तर्फ आकर्षित गर्ने  प्रेरणाका स्रोतहरू केके र कोको हुन् ?**

– नीतिकथा, पौराणिक कथा आदिको प्रभाव त पऱ्यो नै, म सानैदेखि पुस्तक र पत्रपत्रिकाहरू सङ्कलन गर्दथेँ । यस सिलसिलामा लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, गोपालप्रसाद रिमाल, भैरव अर्याल र केशवराज पिंडालीहरूका रचना खुब पढेँ । हिन्दी प्रकाशनहरू सारिका, सरिता, कादम्बिनीलगायत पत्रिकाहरू पढ्ने गर्थेँ ।

अग्रज स्रष्टा तथा पत्रपत्रिका यी सबैको नजानिँदो प्रभावबाट वि.सं. २०३४ साल वैशाख ११ गते शुक्रवारदेखि विवश पोखरेलको नाम धारण गरी म कवितासहित नेपाली साहित्यमा देखापरेँ ।

**लघुकथामा चाहिँ कुन समयबाट प्रवेश गर्नुभयो ?**

– नेपाली लघुकथा लेखनमा भारतीय लघुकथाहरूको ठुलो भूमिका छ । ममा पनि लघुकथा लेखनको रुचि भारतीय साहित्यिक पत्रिकाहरूको निरन्तर अध्ययनको कारण जागेको हुनुपर्छ । त्यही रुचिअनुरूप मैले ०३७/३८ सालबाट लघुकथा लेख्न थालेँ ।

**राम्रा र स्तरीय लघुकथाहरू लेख्नुभएको छ, तर हालसम्म कुनै लघुकथा कृति प्रकाशित भएको छैन, किन होला ?**

– म सङ्ख्यात्मकताभन्दा गुणात्मकतामा जोड दिन्छु । मैले एक सयको हाराहारीमा लघुकथाहरू लेखेको छु, तर हालसम्म मेरा लघुकथाको सिङ्गो कृति प्रकाशनमा आएको छैन । कृति प्रकाशन गर्दा बडो विचार पुऱ्याउनुपर्छ । मैले छानेर मेरा करिब ७०/८० वटा लघुकथाहरू राखेर एउटा लघुकथा कृति प्रकाशनको तयारी गर्दै छु ।

**लघुकथा के हो त ?**

– लघुकथा भनेको छोटो आख्यान हो । यसमा लेखकको विचार कथानकको बाटोबाट काव्यलाई छुँदै आउनु पर्छ । लघुकथामा समय, जीवन र प्रकृतिभित्र संवेदना, विद्रोह र सौन्दर्य घुसेको हुनुपर्छ । लघुकथाले कुनै विषयलाई कला, शिल्प, बिम्ब र प्रतीकले छोपेर सूत्रात्मक हिसाबले पाठकको मनमा जिज्ञासा र कौतुहलता जन्माउन सक्नुपर्छ ।

**लघुकथाको सीमाको बारेमा केही बताउनुहोस् न !**

– लघुकथा वर्णनात्मक र विवरणात्मक हुनुहुँदैन । स्वैरकल्पनात्मक र बिम्बात्मकताभित्र व्यङ्ग्य मिश्रित हुनु आवश्यक छ । हो, लघुकथा छोटो हुनुपर्छ तर इन्चिटेप नै लगाएर नाप जोख गरेर लेख्नुहुँदैन, थोरैमा धेरै भन्ने प्रयत्न गर्नुपर्छ । लघुकथाले स्वयम् कथाकारलाई मात्र सन्तुष्ट नगरी आमपाठकहरूलाई पनि सन्तुष्ट गर्ने सामर्थ्य राख्न सक्नुपर्छ ।

**आजका लघुकथा कस्ता लाग्छन् ?**

– लघुकथाको विकासका लागि सामाजिक सञ्जालमा पृष्ठहरू खोलिएका छन्, विभिन्न संस्था र समूहहरू छन् । तिनीहरूले लघुकथाको उन्नयनका लागि काम गरिरहेका छन् तर सामाजिक सञ्जालमा देखापर्ने अधिकांश लघुकथाहरू सामान्य विषयमाथि लेखिएका वर्णनात्मक छन् । पत्रपत्रिकाहरूमा पनि वर्णनात्मक लघुकथाको प्रवाह बढी छ वा भनौँ गुणात्मकताको अभाव छ । त्यसो त सिर्जनाको अवमूल्यन गरेजस्तो ठहरिन पनि सक्छ, तर सिर्जनाले स्तरीयता खोज्दछ, साहित्यिक लेखन सामान्य लेखनभन्दा भिन्न र विशेष हुनुपर्छ भन्ने मलाई लाग्छ । साहित्य भनेको मेरो

मनको भावना तपाईँको मनसम्म पुऱ्याउने काम हो । यसका लागि विषयवस्तुको चयन उपयुक्त हुनुपर्छ भने त्यसमा कला र शिल्पको आवश्यकता हुन्छ । प्रकाशनपश्चात् पाठकको मन जित्न सकियो भने सफल भएको ठान्नुपर्छ । अचेल सामाजिक सञ्जालमा रमाउने प्रवृत्ति बढेको छ, सामाजिक सञ्जालको प्रतिक्रिया साहित्य र सिर्जनाको स्तरीयता मापनको आधार हुन सक्दैन । गम्भीर पाठकले गहिरिएर अध्ययन गरी जनाउने प्रतिक्रियालाई ध्यान दिनुपर्छ । पाठकको मन जित्न नसक्ने लेखनको कुनै औचित्य हुँदैन ।

**लघुकथाको भविष्य ?**

– अबको लघुकथा समाज सापेक्ष, जीवन सापेक्ष, विश्वपरिवेशअनुसारका आउने छन्, आउनुपर्छ । मानव संस्कृति, मनुष्यका भोगाइ आदि आउने छन् । हामी एआई युगमा छौं, यसले मानवीय संवेदनालाई नै समाप्त गर्छ भनिन्छ, तर त्यसभित्र पनि त केही आउला नि ? यसैले म त अत्यन्तै आशावादी छु । हाम्रो हकमा, पढ्ने बानी हराउनु दुर्भाग्यपूर्ण छ । अग्रजका सिर्जना पढ्ने र प्रभावकारी विषयवस्तु तथा प्रभावशाली प्रस्तुति भएमा लघुकथाको भविष्य सुन्दर हुने छ ।

**विलोमप्रतिको यहाँको धारणा तथा केही सुझाव ?**

– कुनै पनि सर्जकले सामान्यभन्दा भिन्न र कालजयी रचनाको प्रयत्न गर्नुपर्छ, यसका लागि हतार होइन धैर्यता आवश्यक हुन्छ । अभ्यास र अध्ययन हुनुपर्छ । अनिमात्र सिर्जना आहा ! भन्न सकिने खालको हुन्छ । तपाईँहरूले 'विलोम' शैलीमा लघुकथा लेखिरहनुभएको छ । यसले नेपाली लघुकथालाई केही हदसम्म चलायमान गर्दै फरक स्वाद दिने प्रयास गरिरहेको छ । लघुकथा भनेर जे लेखिँदै छ त्यो सङ्ख्यात्मक रूपमा निकै बढे पनि गुणात्मकताका दृष्टिले सन्तोषजनक छैन । मैले यहाँहरूको चासो यही नै हो भन्ने बुझेको छु । यसको संरचना, शैली र सन्देशमा नयाँपन ल्याउनुपर्छ भन्ने जुन प्रयत्न यहाँहरूबाट भएको छ र यसैका लागि यो एकप्रकारको अभियान प्रारम्भ गर्नुभएको छ त्यो अत्यन्त राम्रो छ । राम्रो अभ्यासको थालनी गर्नुभएको छ, यहाँहरूलाई शुभकामना । धन्यवाद ।

*(**विलोम अभ्यासबारे:** नेपाली लघुकथा सर्जकहरूसँग भेटघाट, वार्ता र संवादका माध्यमद्वारा लघुकथाको उन्नयनमा सहयोग पुऱ्याउनु विलोम अभ्यासको उद्देश्य हो । लघुकथाको ऐतिहासिकता उन्खनन एवम् लघुकथाको बढ्दो लोकप्रियतालाई दृष्टिगत गर्दै यसको स्तरीयता कायम राख्नका लागि यस किसिमको अभ्यासबाट सहयोग पुग्ने अपेक्षा गरिएको छ । 'विलोम' नामक यस अभ्यासअन्तर्गत पहिलो अभ्यास २०७९ फागुन ३ गते गरिएको थियो । )* ■■

नियात्रा

# सल्लेरीको सेरोफेरो



✍ **निर्मोही व्यास**

अघिल्लो दिन ओखलढुङ्गाबाट मरीमरी दस घण्टा पैताला खियाएर झमक्कै साँझ परेपछि बल्ल आइपुगेको थिएँ म दोर्पुमा रहेको भोलादाइको डेरामा । भोलिपल्ट बिहानभरि उहाँसँगै दोर्पु डुल्ने क्रममा त्यहाँको अप्रतिम हिमाली सौन्दर्य र गाउँले सौन्दर्यको मोहनी-तलाउमा चुर्लुम्मै डुबेको थिएँ । अहिले बिहानको भोजनपछि चाहिँ सल्लेरीतिर डुलाउन लग्नुभयो मलाई दाइले ।

त्यस क्रममा पहिले आफ्नो कार्यालयमा पुऱ्याउनुभयो उहाँले । शनिबारे बिदाको दिन भए पनि उहाँ त्यहाँको कार्यालय प्रमुख हुनुभएकाले आफ्नो दायित्वबोधले तानिएर र मलाई देखाउनसमेत जानुभएको रहेछ । उहाँको सौजन्यमा मैले त्यहाँको टेलिफोन प्रयोग गरेर घरमा बाबाआमा र पत्नी, छोराछोरी सबैसित फोनवार्ता गरें । सबै सन्चै रहेको थाहा पाएर मन हलुङ्गो भयो । कार्यालयमा बसेर एकछिन काम गरी सल्लेरीको सेरोफेरो डुलाउन थाल्नुभयो दाइले मलाई ।

सल्लेरीको नयाँबजारसित पछि फर्कंदा धित मर्ने गरी मायाँ गाँस्ने इरादाले अहिले त्यता सरसर्ती एक नजर मात्रै लगाएर त्यहाँको मूलबस्तीतिर लाग्यौं । उत्तरदक्षिण लमतन्न परेको सफा फराकिलो झन्डै जिपगाडी नै गुड्न सक्ने मूलसडक । व्यस्त रहेको रमाइलो बजार । घर र होटेल-लजहरू सबै सफासुग्घर । जिल्लास्तरीय सम्पूर्ण कार्यालय र विभिन्न राजनीतिक दलका कार्यालय पनि यहीं रहेछन् । अस्पतालचाहिं सल्लेरीबजारमा नभएर अलि माथि फाप्लुमा विमानस्थलनजिकै छ रे ।

निकै उचाइमा बसेको फराकिलो बस्ती रहेछ सल्लेरी । दसएघार हजार फिट रहेछ यसको उचाइ । सगरमाथाको जिल्ला सोलुखुम्बुको सदरमुकाम भएकाले यो अग्लाइ त उसको पेवा हुने नै भयो नि ! त्यसमाथि चारैतिर सल्लाघारी । सफा स्वच्छ वातावरण । ढुङ्गाको गारो लगाइएका, फलेक र ढुङ्गाले छाइएका सिमेन्ट प्लास्टर गरिएका र चुन पोतिएका तीनचारतले रङ्गीचङ्गी घरहरू । कुनैकुनै घरका अग्लाअग्ला छानामाथि डिस एन्टिना पनि शोभायमान थिए । लामाहरूका घरमा अग्लाअग्ला रङ्गीबिरङ्गी लुङ्दर र तोराम/दर्चो फर्फराइरहेका थिए । जताततै अनेकथरी सल्लाका घारीका घारी भएकाले नै यस बस्तीको नाउँ पनि त्यसै आधारमा 'सल्लेरी' राखिएको रहेछ र जिल्लाको नाउँचाहिँ सल्लेरीको मुन्तिर अहोरात्र अनवरत सुसाइराख्ने 'सोलु' खोला र औल्याहा भूभाग भन्ने अर्थ दिने शेर्पाली भाषाको 'खुम्बु' यी दुई शब्दलाई मिलाएर 'सोलुखुम्बु' राखिएको रहेछ । अर्काथरीको मतअनुसार चाहिँ 'स्यार् (पूर्व) 'खुम्' (पवित्र) र 'बु' (ठाउँ) अर्थात् 'पूर्वको पवित्र भूमि' भन्ने आशय

बोकेको 'स्यार्खुम्बु' शब्दको अपभ्रंश भएर 'सोलुखुम्बु' नाउँ रहन गएको रहेछ ।

यति अग्लो ठाउँमा रहेको भए पनि नाम्चे तेङ्बोचे, पाङ्बोचे, खुम्जुङ आदि शिखरमा रहेका हिमाली बस्तीहरूका दाँजोमा तल भएकाले हिमाली भेगका बासिन्दाहरू यस खुम्बु नाउँको बस्तीलाई बेसी वा औल भन्दा रहेछन् । बसाइँसराइका क्रममा भोटबाट नेपाल पसेको र अहिले संसारका विभिन्न भागमा छरिएको यो शेर्पा जातिको नेपालमा मूल बसोबास क्षेत्र यही सोलुखुम्बु रहेछ । यहीँको पाङ्बोचे गाउँमा उनीहरूका पुर्खा भित्रिएका रहेछन् तिब्बतबाट ।

घरमा, बाटामा फेसनदार आधुनिक पहिरन भएका गोरा र चिरिच्याट्ट परेका ठिटाठिटी देखिन्थे । पर्वतीय सहरका बासिन्दा र यहाँका कार्यालयहरूमा सरुवा भई आएका उच्च पदस्थ कर्मचारीहरूका परिवार र छोराछोरी हुन् कि ? स्थानीय बासिन्दा विशेष गरी शेर्पा, तामाङ र नेवार रहेछन् यहाँ तर सम्पर्क भाषा भने सबैको नेपाली नै रहेछ । नेवारहरूको त अझ घरमा बोलिने भाषा पनि नेपाली नै । नेवारी त कोही बोल्दै नबोल्ने, बोल्नै नजान्ने ।

आफू निजामती कर्मचारी हुनु भएकाले होला मलाई सबभन्दा पहिले मुख्यमुख्य कार्यालयका प्रमुखहरूसित भेट गराउन उनीहरूको निवासमै लग्नुभयो उहाँले । त्यस क्रममा सर्वप्रथम गोर्खानिवासी प्रमुख जिल्ला अधिकारीलाई भेट्यौं हामीले । उनी बिरामी रहेछन् । त्यसपछि जनकपुर घर भएका नापीका प्रमुख हाकिम जीवछप्रसाद साहलाई भेट्यौं । शिक्षा कार्यालयका शाखा अधिकृत र निमित्त प्रमुख द्वारिका पोखरेललाई भेट्यौं । क्षणिक भेटमा तीनै जना मिजासिला लागे मलाई ।

ओखलढुङ्गामा सी.डी.ओ., एल.डी.ओ. र डी.एस.पी.लगायत ठुलादेखि सानो तहसम्मका सबै कर्मचारी परिवारसहित नभएर एक्लाएक्लै बस्ने गरेको देखेको थिएँ । सल्लेरीमा चाहिँ त्यस्तो रहेनछ । जति पनि रहेछन्, सबै परिवारसहित नै रहेछन् । ओखलढुङ्गाका कार्यालयहरूमा जस्तै यहाँका कार्यालयहरूमा पनि तराईली मधेसीमूलका सप्तरी, सिराहा, धनुषा र महोत्तरीतिरका कर्मचारीहरूको व्यापक उपस्थिति रहेछ तर मेरो बारा जिल्ला र नारायणी अञ्चलका भने एउटै पनि कर्मचारी रहेनछन् दुवै सदरमुकाममा । हिजो आउँदा बाटाबाटामा तराईतिरका केही मधेसी दाजुभाइहरू कुल्ली बनेर पिठ्यूँमा फलामे छड र कर्कटपाताका बन्डलका यामानका भारी बोकी ठसठस कन्दै यतैतिर उकालो लाग्दै गरेको भेटेको थिएँ । यहाँ कपाल–दाह्री काट्ने सैलुन पनि मधेसी दाजुभाइहरूले चलाएको देखेँ र मनमनै प्रणाम गरेँ तिनका अग्घोर परिश्रमी काला ज्यानलाई ।

सल्लेरीको सौन्दर्यको बयान कसरी गर्नु खै ! कुनै शासकको सुरक्षाका लागि वरिपरि घेरा हालेर डटेका सुरक्षाकर्मीका फौजजस्तै चारैतिर विभिन्न थरी सल्लैसल्लाका त्रिकोणधारी जङ्गलले बेरिएको सल्लेरीको प्राकृतिक सौन्दर्य पनि उस्तै र भौतिक सौन्दर्य पनि उस्तै । दुवैले "को चाहिँ राम्रो, लहै त ?" भनेर होडबाजी

नै गरेजस्तो । यता हेऱ्यो यतै राम्रो ! उता हेऱ्यो उतै राम्रो ! श्रीकृष्ण द्वारिकापुरीदेखि इन्द्रप्रस्थ/खाण्डवप्रस्थतर्फको यात्रा क्रममा पथवर्ती 'रैवतक' पर्वतको अप्रतिम सौन्दर्यले सम्मोहित भएको प्रसङ्गको वर्णन गर्दा संस्कृत साहित्यका यशस्वी महाकवि माघले आफ्नो 'शिशुपालवध' महाकाव्यमा 'क्षणे क्षणे यन्नवतामुपैति तदेव रूपं रमणीयतायाः' (जतिपल्ट हेर्दा पनि जुन छिनछिनमा नयाँनयाँ लाग्छ, रमणीयताको रूप त्यही हो) भनेर कतै हाम्रो यही सल्लेरीको अप्रतिम सौन्दर्यको सम्मोहक छवि त झल्मलाएको थिएन उनका आँखामा ! भन्ने लागिरह्यो मलाई ।

ओखलढुङ्गामा वेलावेला आँखा झिम्क्याइराख्ने बिजुलीबत्तीको चर्तिकला बेहोरेको र पानीको खडेरी भोगेर आएको मलाई कहिल्यै अलप नहुने बिजुलीबत्तीको भिलिमिली र कहिल्यै अभाव नहुने पानीको छेलोखेलो सुविधाले सिँगारिएको सल्लेरीले गजबको मोहनी लगायो । भोलादाइबाट जानकारी पाएअनुसार सल्लेरीमा जति बिजुलीको सुविधा नेपाल अधिराज्यका अन्य कुनै पनि ठाउँमा छैन रे । यहाँ बिजुलीका तार पनि मेनलाइनबाहेक सबैतिर भूमिगत रहेछन् । बाहिर कतै पनि नदेखिने । मैले त्यतिबेलासम्म देखेका यस्ता दुर्गम पहाडी बस्तीहरूमध्ये आँखा चिम्लेर सर्वाङ्ग सुन्दर एक नम्बरको लाग्यो मलाई सल्लेरी । तर, यातायातको साधन भने ओखलढुङ्गामा जस्तै फगत हवाईजहाज । त्यो पनि उडान काठमाडौँ–फाप्लु मात्र । अनि भाडादर चाहिँ काठमाडौँ–रुम्जाटारभन्दा पनि अझै दुईतीन सय चर्को । होटेल–लजहरू पनि उस्तै महँगा ।

यसरी सरसर्ती डुलाउँदै देखाउँदै सल्लेरीबाट उत्तर लागेको र नबुझिँदो पाराले उकालिँदै गएको नाम्चेबजारतिर जाने मूल बाटैबाटो केही बेर हिँडाएर भोलादाइले मलाई पुऱ्याउनुभयो फाप्लुको थाप्लोमा । देब्रेतिर अलि तल फाप्लुको विमानस्थल रहेछ तर उडानचाहिँ अचेल केही समयदेखि बन्द रहेछ । फाप्लु विमानस्थल त रुम्जाटारको विमानस्थलभन्दा पनि निकै सानो पो लाग्यो मलाई ।

त्यो बाटो फाप्लुबाट क्रमशः फेरा, रेम्बू वा रिङ्मु, भन्ज्याङ, टाक्सेन्दु, नुनथला, जुमिङ, खरीखोला, पैयाँ, चौँरीखर्क, मञ्जु, जोरसल्ला भालुलाग्ने वन, लुक्ला र भोटेकोसी–दुधकोसीको दोभान हुँदै नाम्चेबजार जाँदोरहेछ । बिहानैदेखि केहीकेही छिन बिसाउँदै झमझम पानी परिरहेकाले खुम्जुङ गा.वि.स.मा पर्ने विश्वको सर्वोच्च शिखर सगरमाथा र त्यसको दाहिनेछेउतिरको 'आमाडब्ल्यू' वा 'आमाडब्लम' हिमालको चुचुरो देख्न पाइएन । छातीमा बच्चा च्यापेकी आमाको जस्तो आकृति भएकाले स्थानीयहरूले 'आमाडब्लम' नाउँ राखिदिएको प्रसङ्ग सुन्न मात्र पाइयो । नाम्चेबजारभन्दा माथिको अन्तिम बस्ती चाहिँ पाङ्बोचे हो रे । नाम्चे र पाङ्बोचेतिर कुनै पनि खेती हुँदैन रे । त्यहाँ सारा खानेकुरा अन्तबाट ओसारिन्छन् रे । त्यसैले सत्रअठार रुपियाँ पाथीको दरले किनेको आलु होटेल व्यवसायी शेर्पाहरूले उसिनेर साँधेपछि एक प्लेटको चालिस रुपियाँको दरमा खुवाउँछन् रे । साथै एक पोका रारा

अथवा वाइवाइ चाउचाउ उमालेर दिएको पनि तीस–चालीस रुपियाँ लिन्छन् रे । यी कुरा मलाई भोलादाइले त्यस क्षेत्रको आफ्नो भ्रमण र लामो बसाइको संस्मरणका रूपमा सुनाउनुभयो । हिजोका सहयात्री भतिज कुमार थापाले पनि आफ्नो अनुभवका आधारमा यात्राका क्रममा नै सुनाएका थिए । उनी केही समय पाङ्बोचेमा प्राथमिक शिक्षक भएर बसेका थिए रे ।

बाटाबाटामा बजारबाट किनमेल गरी भारी बोकेर फर्केका आपसमा ख्यालठट्टा गर्दै गरेका विभिन्न उमेरका हुलका हुल शेर्पाशेर्पिनीहरू भेटिए । तिनका पछिपछि थुप्रै जोक्पेहरू पनि भारी बोकेर घाँटीका घण्ट बजाउँदै हिँडिरहेका थिए । पहाडी गाई र याकको मिलनबाट जन्मेका बहरलाई 'जोक्पे' वा 'जोक्पा' भनिँदोरहेछ । यो चौँरी गाईको दाजुभाइ रहेछ ।

शेर्पाहरूबारे मैले केही कुरा त पुस्तकहरूमा पढ्न पाएकै थिएँ तर विस्तृत रूपमा चाहिँ जान्न पाएको थिइनँ र कुनै शेर्पालाई यसअघि भेट्न पाएको पनि थिइनँ । अहिले यहाँ आएको मौकामा शेर्पाली जीवनबारे थप कुरा जान्न मन लाग्यो मलाई र एकजना अलि पाको उमेरका शेर्पादाइसित आफ्ना जिज्ञासा पोखेँ मैले । उनले सुनाएअनुसार र भोलादाइले अर्थ्याइदिनुका साथै थपथापसमेत गरेअनुसार त्यस सम्बन्धमा मैले बुझ्न पाएका कुरा यस्ता थिए,

'शेर्पा अत्यन्त सोझो, मिलनसार, स्नेहसद्भावपूर्ण, शान्तिप्रिय र अहिंसाप्रेमी हिमाली जाति हो । शेर्पाहरू अठारौँ शताब्दीदेखि उन्नाईसौँ शताब्दीको बिचका अवधिमा पूर्वी तिब्बतबाट पूर्वी नेपालको सोलुखुम्बुमा बसाइँ आएका हुन् । सोलुखुम्बुको 'पाङ्बोचे' गाउँ नेपालका शेर्पाहरूको सबभन्दा पुरानो बस्ती हो । तिब्बती भाषामा शेर्पालाई 'शर् पा' अथवा 'शर् वा' भनिन्छ । शेर्पा भाषा र व्याकरणअनुसार शर् भनेको पूर्व दिशा र पा भनेको स्वामित्व हो । यी दुई शब्द मिलेर बनेको 'शर् पा'/'शर् वा' अथवा 'स्यार् पा'/ 'स्यार् वा' शब्दको भावार्थ 'पूर्वी बासिन्दा' वा 'पूर्वमा बसोबास गर्ने' हो । 'शर् पा' शब्द नेपाली र अङ्ग्रेजी भाषामा प्रयोग गरिंदा अपभ्रंश भएर शेर्पा वा स्यार्पा बन्न पुगेको हो । शेर्पा भाषा उनीहरूको बसोसबास रहेको हिमाली भेकमा बोलिने नेपालको बहुप्रचलित र समृद्ध भाषा हो । यसको आफ्नै लिपि पनि छ जसलाई 'सम्भोट' भनिन्छ । यो लिपिको प्रयोग शेर्पा भाषाका साथै तिब्बती, लद्दाखी, भोटे र भुटानी आदि भाषामा पनि गरिन्छ ।

शेर्पाहरू एघार हजार फिटमाथि अर्थात् हिमरेखाभन्दा माथि बस्छन् । यिनले चौँरी, भेडा–च्याङ्ग्रा पाल्छन् । यिनको मुख्य खानेकुरा 'स्याक्पा' हो । यो चामल, पिठो, सागपात, आलु र याक अथवा राँगाको मासुका टुक्राटाक्रीमा तेलमसला हालेर पकाइएको एक प्रकारको खिचडी हो । यिनीहरूले खाने चिया पनि विशेष प्रकारको हुन्छ । त्यसलाई 'सुच्या' भनिन्छ । त्यो चौँरीको नौनी, दुध, मकै वा उवाको पिठो हालेर ठुलो ढुङ्ग्रोजस्तो विशेष खालको भाँडामा मोही पारेझैँ गरी घारघुर पारेर तयार गरिन्छ ।

शेर्पाहरूले मालसामान ओसारपसार गर्न जोक्पे वा याकको प्रयोग गर्छन् । पहिले आर्थिक अवस्था अत्यन्त नाजुक भए पनि अब पश्चिमी पर्यटकहरूसितको सम्पर्कले यिनीहरूको रहनसहनमा धेरै अन्तर आइसक्यो । यी सोझा जाति अब कुशल व्यापारी भइसकेका छन् । अन्य जातिसितको निकट सम्पर्कले होला अब कोहीकोही छट्टूसमेत भएका छन् । शेर्पाको अर्को पेसा पर्यटकहरूको भरिया बन्नु हो । पहिले तेन्जिङ नोर्के शेर्पाले नाइके भएर हिलारीलाई आफूसँगै सगरमाथामा पुऱ्याएका हुँदा पछि यताका अरू शेर्पाहरूले पनि त्यस्ता हिमाल आरोहण गर्न खोज्ने पर्यटकहरूको भारी बोक्ने र बाटो देखाउने काम सङ्गठनात्मक रूपमा गर्न थालेर 'शेर्पादल' को गठन गरे । त्यो अहिले पनि कायम छ । त्यसै दलको सहयोगबाट अहिलेका पर्यटकहरू हिमाल आरोहण गर्छन् र ती पर्यटकहरूबाट शेर्पाहरूले प्रशस्त आम्दानी गर्छन् । शेर्पा जाति अब सगरमाथा हिमाल आरोहणको पर्यायवाची नै बनिसकेको छ । सगरमाथा आरोहण दल वा व्यक्तिबाट शेर्पादलका सदस्यलाई प्रतिदिन बिस हजारसम्म पनि आम्दानी हुन्छ । यिनीहरूका लागि खास गरी पश्चिमी पर्यटक दुधालु गाईभैँसीसरह भएका छन् । तैपनि कतिपय शेर्पाहरू उनीहरूप्रति छट्याइँफट्याइँ र ठगीभाव राख्छन् ।'

यी जानकारी बटुलेपछि बाटैबाटो हवाइमैदानको पुछारसम्म पुगेर फर्क्यौं हामी । रहर त मलाई बिछट्टै थियो नाम्चेबजारसम्मै पुग्ने । नभए पनि नुम्बुर हिमालको काखमा रहेको प्रसिद्ध तीर्थ दूधकुण्डसम्म त पुगिछाड्ने तर समयको अपर्याप्तता, भोजन, आवासको अत्यन्त चर्को शुल्क, आफ्नो खल्तीको सामर्थ्यहीनता, आवश्यक लुगाफाटो र साथीको अभाव अनि नाम्चेको बाटामा पर्ने ठाउँका कुनै कुनै होटल डरलाग्दा रहेको, तिनमा कसै कसैलाई खानेकुरामा विष हालिदिने गरेको हल्ला यी सबै कुरालाई ध्यानमा राखेर मैले आफ्नो त्यो उखर्माउलो रहरलाई बिदा दिएँ । यतिबेला दिउँसोको साढेदुई बजेको थियो ।

पानी दर्केको दर्क्यै थियो र अब त झन् कताकताबाट आएर कुहिरोले आकाशपाताल सारा ढाकिदियो । मेरो त्यस एकदिने सल्लेरी डुलाइको अन्तिम बिसौनी हाटबजारलाई बनाएर भोलादाइले मलाई त्यहाँ पुऱ्याउनुभयो । यहाँको हाटबजार दोर्पुतिरबाट पस्तापस्तै मुखैमा रहेछ भन्ने कुरा त अघि दोर्पुबाट यता लाग्दा नै थापा पाइसकेकै थिएँ मैले । अहिलेको डुलाइ मेरा निम्ति आह्लादक एवम् ज्ञानबर्धक थियो ।

यो बजार व्यवस्था समितिद्वारा सञ्चालित र एकदमै व्यवस्थित रहेछ र बजारको बीचमा गणेशको सुन्दर मन्दिर रहेछ । पाखामा बसेको र अलि फोहोरी ओखलढुङ्गाको हाटबजारभन्दा भिरालो परेको फराकिलो रमणीय ठाउँमा लाग्ने यहाँको शनिबारे हाटबजारले मलाई लोभ्यायो । हटारु नरनारी पनि प्रायः सुकिलो जिउडालका थिए र सुकिलै पोसाकमा सजिएका थिए । जस्तासुकै धनी र गरिबले

पनि न्यानो स्वेटर, ज्याकेट र बाक्ला जुत्तामोजा लगाएका थिए । हटारू महिलाहरूमा धेरैजसो शेर्पिनी-लमिनी थिए । उनीहरूले आफ्नो जातीय पोसाक आङी र मटिल लगाएका थिए भने अरू जातका महिलाहरूले चाहिँ फरियाचोलो, कुर्तासुरुवाल वा गन्जीलुङ्गी लगाएका थिए । पिठ्यूँमा कोक्रोमा नानी बोकेर हाट भर्न आएका आमाहरूको फुर्तीफार्ती पनि हेर्नलायक थियो ।

सातामा एकपल्ट शनिवारका लाग्ने त्यस हाटका अस्थायी पसलहरू प्लास्टिकका पाल हालेर थापिएका थिए भने स्थायी पसलहरू चाहिं पूरै सहरिया ढाँचाका थिए । सहरमा उपलब्ध हुने प्रायः सम्पूर्ण सामग्रीले ती सजिएका थिए र सुव्यवस्थित थिए । मालसामान ढुवानीको साधन निर्विकल्प रूपमा भरिया र जोक्पे रहेछन् । बजारमा एक ठाउँ एउटा जोक्पे बाँधिएको थियो । मेरो निम्ति त्यो नितान्त नौलो जीव भएकाले मैले अघि फाप्लु जाँदा-आउँदा जस्तै अहिले पनि रमाइरमाई हेरेँ चौँरीकै स्वरूपको त्यसको आकर्षक रूपरङ्गलाई ।

त्यसपछि मलाई त्यस बजारको भाउदर थाहा पाउन मन लाग्यो र ग्राहकको पारामा दुईचार पसलेहरूसित सोधिहेरेँ । चामल एक सय बिस-एक सय पच्चिस रुपियाँ पाथी रहेछ । चिउरा र चिनी दुवैको भाउ चालिस-पैँतालिस रुपियाँ किलो र गोलभैँडाको भाउ पचपन्न साठीसम्म । सामान्यतया बिसपच्चिस रुपियाँ । त्यतिवेला चाहिँ साठी रुपियाँ रहेछ । त्यसताका काठमाडौँमा चालिस-पैँतालिस रुपियाँ पर्थ्यो । त्यो हेरी सल्लेरीमा चाहिँ निकै सस्तो मानेँ मैले । कलैयातिर त उत्पादन बढी भएर त्यसै फालाफाल हुने गर्थ्यो गोलभैँडा भरेली भएका वेला । सल्लेरीतिर गोलभैँडालाई 'गोड्मिला' भनिँदो रहेछ ।

सल्लेरीमा रेस्टोरेन्ट र लजहरू पनि थिए तर निकै महँगा । ओखलढुङ्गामा सामान्य भोजनको एक छाकको पाँच रुपियाँ पर्थ्यो । बसाइको शुल्क नै लाग्दैनथ्यो । रुम्जाटारमा छाकको पच्चिस रुपियाँ पर्थ्यो भने सल्लेरीमा चाहिँ रू. पचाससम्म पर्दोरहेछ । सुताइको छुट्टै । यहाँ यातायातको पूर्ण असुविधा रहेको र सारा सामान ओखलढुङ्गा र जिरीतिरबाट बोकाएर ल्याइने हुनाले महँगी उताभन्दा पनि एकदमै चर्को रहेछ । कलैयाभन्दा त तीनगुनासम्म चर्को । यति हुँदाहुँदै पनि लिच्ची भने कलैयामा भन्दा पनि यहाँ निकै सस्तो रहेछ । कलैयामा मैले तीन रुपियाँमा दुई दाना किनेको थिएँ, यता आउनेताका । सल्लेरीमा चाहिँ एक रुपियाँको दुई दाना पाइँदो रहेछ । मेरा निम्ति सल्लेरी बजारको मुख्य आकर्षणको वस्तु गलैँचा र चौँरीको झुप्पे पुच्छर भयो ।

बजारमा एक ठाउँ राँगा काटेर मासु बिक्री भइरहेको थियो । ओखलढुङ्गामा राँगा र सुङ्गुर दुवै काटिने भए पनि सल्लेरीमा चाहिँ सुँगुर काटेको देखिएन । अझ जिउँदो सुँगुर पनि देखिएन । यहाँ सुँगुर हिँडेर आउनै सक्तैन रे । त्यस्तै कतै ठुल्ठुला गाग्री र टिनमा बोकेर ल्याई लहरै चुलो बालेर तिनै भाँडामा घिउ खारी-

पगाली बेचिँदै थियो । घिउको यस्तो प्रकारको किनबेचको दृश्यचाहिँ ओखलढुङ्गामा जस्तै यहाँ पनि नौलो थियो मेरा निम्ति । गर्मी याममा पनि जाडो याममा जस्तै जमेर काठजस्तो साह्रो भई थुर्पीले झिक्नै गाह्रो हुने भएकाले त्यसरी आगोमा पगालेर बेच्ने गरिएको रे ! मैले यस्तो दृश्य ओखलढुङ्गा र सल्लेरीको हाटबजारमा बाहेक अन्त कुनै पहाडी बजारमा पनि देखेको थिइनँ । गर्मी ठाउँको तराईको बजारमा त झन् देख्ने कुरै भएन ।

बजार घुमाइका क्रममा त्यस जिल्लाको एकमात्र क्याम्पसका प्रमुख प्रेमकुमार राई भेटिए । उनीसित परिचयपछि थाहा भयो, त्यहाँको क्याम्पसमा पनि पठनपाठनको समस्या ओखलढुङ्गा क्याम्पसकै जस्तो रहेछ । साहित्यकार र साहित्यिक पुस्तक-पत्रपत्रिकाबारे पनि चर्चा गर्न खोजेँ मैले तर निराशामात्र हात लाग्यो, एकदमै शून्य । ओखलढुङ्गामा तै तै मेघबहादुर श्रेष्ठ र केवलराम खतिवडा नाउँका दुई जना पुराना र नयाँ पुस्ताका अभ्यासी पाराका स्रष्टालाई भेटेको थिएँ । सल्लेरीमा त सिला खोज्दा पनि पाइएन । हुन त होलान् नि जिल्लाका अन्यअन्य भागमा तर सदरमुकाममा चाहिँ 'कोही पनि छैन' भनेर प्रेमजीले ठोकुवा नै गरे ।

ओखलढुङ्गामा रक्सी र राजनीति छ्यास्छ्यास्ती रहेछ तर सल्लेरीमा रक्सीको व्यापकता उस्तै भए पनि राजनीतिको लागुचाहिँ निकै कम रहेछ ।

सल्लेरी फाप्लुको घुमघाम सकेर बेलुका दोर्पुको डेरामा आइपुग्यौँ हामी ।

हिजो ओखलढुङ्गादेखि दस घण्टासम्म एकोहोरो हिंडेको हिंड्यै झमक्क साँझ पर्दा दोर्पु आइपुगेको थिएँ म लखतरान भएर । त्यो थकाइ राम्ररी मर्न नपाउँदै आज फेरि एकाबिहानैदेखि सिमसिमे पानीमा रुझ्दै-भिज्दै आठ-नौ घण्टा लखर्किएर यतिबेला बल्ल फर्केको थिएँ बासमा । जिउ फतक्कै गलेर "नचला न झिँगा" भन्दै थियो र भोलि फेरि झिसमिसेमै उठेर ओखलढुङ्गाको बाटो नाप्नै पर्ने थियो । त्यसैले खानेबित्तिकै सिरकमा गुँडुल्किइहालेँ ।

त्यसो त भोलादाइ अरू एकदुई दिन घुमघाम गरेरमात्र ओखलढुङ्गा फर्कन आग्रह गर्दै हुनुहुन्थ्यो, रहर त मलाई पनि नभएको कहाँ हो र ! बल्लबल्ल सल्लेरी आइपुगेको मौकामा कम्तीमा नुम्बुर हिमालको फेदीमा रहेको प्रसिद्ध तीर्थस्थल दुधकुण्डमा पनि पुग्न चाहन्थेँ म तर अहिले विभिन्न कारणले ताक परेन । एक त आफूसित समयको अभाव थियो । त्यसमाथि दुधकुण्ड जाने सहयात्रीको अभाव थियो । ओखलढुङ्गा फर्कन सहयात्रीको पनि अभाव हुने थियो । कसिएर हिँड्दा पनि नौदस घण्टा लाग्ने सल्लेरी-ओखलढुङ्गाको कठिन बाटो । त्यसमाथि बिच-बिचका वन र एकलास ठाउँमा चोरडाँकाबाट लुटपिटको डर साथै अपरिचित यात्री भएकाले बाटाबाटाका जुनसुकै खाजापसलमा केही खाइहाल्न पनि ज्यानको डरै मान्नुपर्ने । त्यसैले एक्लै हिँडेर जोखिम मोल्न मलाई पटक्कै आँट थिएन । आर्थिक वर्षान्तको मुखमा को.ले.नि.का जस्तो अतिव्यस्त आर्थिक कार्यालयका

लेखाप्रमुख र कार्यालय प्रमुखसमेत रहनुभएका भोलादाइलाई अझै पिरोलिराख्नु 'औँलो दिँदा डुँडुलो निल्नु' अपराध हुने र त्यो आफ्नो संस्कार नै नभएकाले पनि भोलिपल्ट पाँच गते बिहान ८:३० बजे खाजा खाइवरी बाटो लागेँ म सल्लेरीबाट ।

आत्मीय आतिथ्यका निम्ति उहाँहरू दम्पतीलाई सादर अभिवादन गर्नुबाहेक हार्दिक आभार व्यक्त गर्न मसित शब्दै थिएन । अस्ति छुट्टिने बेलामा तय गरिएअनुसार आजका सहयात्री भए आफ्नो काम सकेर टुप्लुक्क आइपुगेका रत्न के.सी. नाउँका उनै युवक, अस्ति यता आउँदा मैले टोड्केदेखि दोर्पुसम्म जसको साथ पाएको थिएँ ।

साल्मेमा आएर 'सोलु' खोलाको झोलुङ्गेपुल तरी मुढेको ठाडो, अप्ठ्यारो र लामो उकालोमा केही पाइला हिँडेपछि सोलुमा मिसिने 'मुढे' नाउँको अर्को खोलाको किनारमा बाटैछेउ मुन्टो खोलाको पानीमा डुबेको र जिउचाहिँ बाहिर मिल्किरहेको अवस्थामा एउटा सर्वाङ्ग सेतो घोडाको लास देखियो । त्यो घोडा कुनै शेर्पाको रहेछ । एक छिनअघि मात्र लडेर भीरबाट गुल्टिई मरेको रहेछ । घोडामाथिको मान्छेलाई चाहिँ केही पनि भएन रे । सँगसँगै गएका अरू तीनवटा घोडा सोलुखोलापारि चरिराखेका थिए । तिनका मालिक शेर्पाहरू चिया खाइरहेका थिए । उनीहरूबाटै हामीले त्यो वृत्तान्त थाहा पायौँ । कठै बिचरा ! अद्भुत शक्तिशाली भएर पनि निरीह हुनुपर्ने घोडाको जुनी !

पात्तालेमा आइपुगेपछि एकजना बुढा शेर्पाको होटेलमा पसेर हामीले चाउचाउ र 'सुच्या' खायौँ । जाँडले टिल्ल परेका रहेछन् पसलेबुढाबा । दिगमिग लागिरह्यो । मैले चिया खान छाडेको त्यसताका बाह्र वर्ष बितिसकेको भए पनि शेर्पाहरूले खाने त्यो विशेष प्रकारको चियाको स्वाद चाख्न मन लागेर खाएको थिएँ ।

त्यहाँबाट निस्केपछि सहयात्रीले मलाई नजिकैको अर्को होटेलमा लगे "शेर्पाले पकाएका भन्दा शेर्पिनीले पकाएको मिठो हुन्छ सर !" भन्दै ।

त्यस होटेलकी मालिक्नी शेर्पिनी नानी बाइस-पच्चिस उमेरकी, गोरी, पातली, बिछट्टै हिसी परेकी र गहनाले झरिझुट्ट सिँगाएकी थिइन् । कुराकानीका क्रममा थाहा भयो, एक नम्बरकी नखर्माउली र छट्टुखाले रहिछिन् उनी । मैले उनीसित उनले लगाएका शेर्पाली पोसाक र गहनाहरूका नाउँ सोधिहेरेँ । उनले लाडे पल्टिँदै र खितित्त हाँस्दै 'इसा, किसा, मिसा, केरी, आङी, इटिल, किटिल, छिटिल, मटिल' भनिन् । त्यो के के भनेको हो ? उनै जानुन् ।

अस्ति सल्लेरीतिर जाँदा धापडाँडा चौँरीधापको चौँरीगोठमा भेटिएकी आफ्नो नाउँसमेत थाहा नभएकी सरल र निर्बोध शेर्पिनीदिदीलाई झलक्क सम्झेँ मैले र मनमनै दुवै जनालाई दाँजिहेरेँ । कहाँ आकाश, कहाँ पाताल ! केको तुलना हुनु ! उनीहरूको स्वभावको यो अन्तरालको मूल कारण उमेरको एकपुस्ते अन्तराल पनि हुन सक्छ । हामीलाई चिया खानुसित मतलब थियो, एक एक कप सुच्या खायौँ, पैसा तिऱ्यौँ र बाटो लाग्यौँ ।

कविता

# मित्र



✍ **प्रार्थना खनाल**

अलिकति समय भए
सुम्पिदेऊ साथीलाई
समय कहिले फर्किएर
आउँदैन नि भाइ

कोही मोटा, कोही पुड्का
सेताम्य कपाल
सबैमा जिम्मेवारी
बोझ छन् विशाल

त्यो बेला सदैव
भागदौड,सङ्घर्षपूर्ण काम
अब आज हिड्दा हिंड्दै
भैदिन्छ गोडा जाम

सुगर, प्रेसर, बाथ अनेक
रोग लागेका
यिनै रोगका सिकारले
मार्ने हो जानेका

कतै रिनको कतै स्वास्थ्य
परीक्षणको फिक्री
दायित्व पूरा गर भन्दै
गर्छन् सन्तति जिक्री

सुस्त यी शरीरले अब मन
मात्र चढाउँछ
मित्रसँग भुल्दा आफूलाई
धन्य मान्दछ

मिठा हाँसोको ऐंचो पैंचोले
औषधी हुने
तँतँ ममका बोलीले
आत्मीयता बढ्ने

एघार हजार फिट उचाइमा रहेको चौँरीधापमा आएपछि अस्तिजस्तै त्यो चौँरीगोठमा फेरि पस्यौं हामी पल्केको तिल्के घरीघरी मिल्के उखानलाई चरितार्थ तुल्याउँदै । सोभ्मी दिदी आज पनि गोठमै रहिछिन् । साइत पऱ्यो हामीलाई र दिदीसित मागेर फेरि टन्न दही खायौं चौँरीको । सेरेगम पनि खान खोजेका थियौं । त्यो चाहिँ सकिएको मौका परेछ ।

उनी आज पनि हामीसित दहीको शुल्क लिन पटक्कै मानिराखेकी थिइनन् तर अहिले चाहिँ मैले हार्दिकताले आप्लावित आतिथ्यका निम्ति उनीप्रति कृतज्ञ हुँदै आफू एउटा संवेदनशील र विवेकशील पर्यटक बटुवा हुनाले उनको सरलताको अनुचित लाभ नलिन मनमनै अस्तिको र आजको समेत मूल्यको अनुमानित हिसाब गरेर त्यसमाथि केही थपथापसहित रू. तीन सय राखिदिएँ उनको छेउमा, उनले 'नाइँ नाइँ' गर्दा पनि "तपाईंले यो लिनुभएन भने मलाई पाप लाग्छ" भनेर बाटो लाग्यौं हामी ।

ओखलढुङ्गाको आफ्नो डेरामा भित्रिंदा बेलुकीको सात बजेकोथियो । ■■

कविता

# साझा धरा



✍ शम्भु गजुरेल
'कुनाघरे काइलो'

छन्द - इन्द्रबज्रा

रोकेर बाटो जति बाँध बाँधोस्
डोऱ्याउँदै पर्वतभित्र खाँदोस्
चाहे बगाओस् मलमुत्र रोज
गर्दैन  खोला नदले विरोध ।

जोतेर छाला मलिलो बनाई
खाओस् कि बाली रसिलो फलाई
चाहे फुटाओस् दिल मेरुदण्ड
निर्धक्क हुन्छिन् धरणी अखण्ड ।

बाँधेर डोरी मसिनो गलामा
राखिन्छ सोझा पशु यन्त्रणामा
खान्छन् निचोरी दुध स्वाद मानी
सर्वस्व दिन्छन् नि त कर्म ठानी ।

आकाशमा सूर्य र चन्द्र आई
छर्छन् उज्यालो जगमा रमाई
झर्छन् चिसो बादल बर्सिएर
बास्ना दिने पुष्पज फैलिएर ।

बोकेर भारी गजराज चल्छन्
आहार निम्ती फल टन्न फल्छन्
पन्छी तथा जन्तु धरा सबैमा
भेटिन्न केही कटुता कसैमा ।

तान्दा हलो काँध फुटेर गल्छ
कर्तव्य ठान्दै हल गोरु मर्छ
सम्पूर्ण प्राणी जड हुन् कि ज्यान
वाचा भरोसा कसिलो अडान ।

जे छन् धरामा जलवायु धातु
बाली सुनौला फलफूल सातु
पाइन्छ सित्तै तर बेचिँदैछ
बन्धुत्वको भाव त मेटिँदैछ ।

रित्तो झरेको दिन बिर्सिएर
बोल्दैछ मान्छे किन झर्किएर
धर्ती सबैको धन हो सपारौँ
भातृत्वको मर्म कबै नमारौँ।

'कल्पतरु शान्ति साँझ' फेसबुक लाइभ कार्यक्रम

| सल्लाहकार/निर्देशक | कार्यक्रम समीक्षक | सञ्चालक/सम्पादक |
|---|---|---|
| **नवराज पुडासैनी 'ज्योत्स्ना'** | **जीवनाथ अधिकारी** | **निर्मलादेवी तिम्सिना 'कान्छी'** |


हरेक हप्ता बिहीबार साँझ ६:३० बजेदेखि

# लेखनमा यान्त्रिक रूपमा संरचनाको प्राविधिक पाटो मात्र ध्यान दिंदा साहित्यिक रचनाको मन मुटु अन्तै र संरचनाको प्रारूप अन्तै भएको जस्तो लाग्छ

**– डा. हिमलाल श्रेष्ठ**



डा. हिमलाल श्रेष्ठ






डा. ऋषि बस्ताकोटी

**स्रष्टाको परिचयः** *गोरखाको अश्राङमा जन्मेका हिमलाल श्रेष्ठ पचासको दशकदेखि साहित्य लेखनमा सक्रिय छन् । वि.सं. २०६५ मा 'युगीन कविता' नामको कवितासङ्ग्रह प्रकाशित गरेका हिमलाल श्रेष्ठको वि.सं. २०८२ मा 'चौतारो चिन्तन' नामको लघुकथासङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र पर्यावरण, जनयुद्ध र जीवन, समाज र परिवर्तन, आदर्श, र कोरोना विशेष गरी पाँच उपशीर्षकमा ४८ ओटा लघुकथा समेटिएका छन् । राजनीतिक र सामाजिक मुद्दामा सचेत साहित्यकार श्रेष्ठ पेसाले वन तथा वातावरणकर्मी हुन् । उनले वातावरण विज्ञानमा विद्यावारिधि गरेका छन् । उनका लेखाइमा आफ्नो पेसागत जीवनका भोगाइ र सामाजिक मुद्दामाथिको आफ्नो दृष्टिकोण राम्ररी मुखरित भएको देखिन्छ । पछिल्लो समय उनी पर्यासाहित्य र लघुकथाको प्रवर्धनमा समेत लागिपरेका छन् । यस पटकको 'कल्पतरु पुस्तक वार्ता'मा लघुकथाकार श्रेष्ठको 'चौतारो चिन्तन'माथि केन्द्रित रहेर डा. ऋषि बस्ताकोटीले तयार पार्नुभएको अन्तर्वार्ता प्रस्तुत छ ।*

**करिब दुई दशकअघि 'युगीन कविता' छापेर कवि परिचय बनाएका हिमलाल श्रेष्ठलाई अहिले 'चौतारो चिन्तन' ले लघुकथाकारको चिनारी दियो । कवितामा रमाइरहेको एउटा कवि कसरी, किन आख्यान र त्यसमा पनि लघुकथातिर मोडियो ?**

– प्रकाशनको हिसाबले मेरो कवितासङ्ग्रह पहिले प्रकशित भयो । कविताहरू अलि बाक्लै लेखिए । यद्यपि मैले कविता सँगसँगै कथा र विशेषतः लघुकथा लेख्ने गरेको हुँ । २०५३–२०५७ सम्म पोखरामा रहँदा केही लघुकथाहरू लेखेको थिएँ । वन विज्ञान क्याम्पसकै प्रकाशनहरूमा प्रकाशित भएका छन् । सोही क्रममा श्रीओम

श्रेष्ठ 'रोदन'को सम्पादनमा निस्किएको 'संचयन्' लघुकथा सङ्ग्रह (२०५६) मा मेरो 'माओवादी' शीर्षकको लघुकथा पनि परेको छ । त्यो समय लघुकथाको अहिले जसरी कुनै मानक या सिद्दान्त तयार थिएन । तथापि कविताको कृति वि.सं. २०६५ मा नै प्रकाशित हुनु तत्पश्चात् वि.सं. २०८२ मा आएर लघुकथाको सङ्ग्रह प्रकाशन हुँदा अवश्य पनि प्रश्न त जन्मिन्छ– एउटा कविको दशकौँ पछि फरक विधाको कृति आउँदा कतै विधा बदलिएको त होइन ?

आख्यान लेखन मेरो पहिलेदेखि नै रूचिको विधा हो र यो विधामा पनि लेख्न सक्छु कि भन्ने प्रयास गरेको छु । त्यसमाथि सुषुप्त रहेको लघुकथा लेखनचाहिँ कोरोनाकालमा उत्प्रेरित भएँ । अरू संलग्नता वञ्चित भएकाले सामाजिक सञ्जालमा खुलेका धेरै लघुकथाका पेजहरूमा जोडिएर लघुकथाहरू पोस्ट गर्ने, पढ्ने र प्रतिक्रिया जनाउने क्रम सुरु भयो र त्यसले अद्यापि निरन्तरता पाएको छ ।

**लघुकथाको बिउ खोज्न, पात्र भेट्न कत्तिको सहज हुने रहेछ ? पात्र बोल्ने ठाउँमा कथाकार बोल्ने खतरा कत्तिको हुने रहेछ ? 'चौतारो चिन्तन'भित्रका लघुकथा लेख्दाका केही अनुभव छन् कि ?**

– हो, लघुकथाको प्लट भेट्न, पात्रहरू भेला पार्न र त्यसलाई आख्यानका तत्त्वहरू, कथाका मीमांसा जोड्न र लघुकथाका मानकहरू पुऱ्याउन थोरै परिश्रमको जरूरत पर्दो रहेछ । हिंड्दै गर्दा, पढिरहँदा या अरूसँग गफिँदै गर्दा कहिले कथाका पात्रहरू, कहिले कथाको विषयको प्रसङ्गले कथा लेख्न प्रेरित गर्दो रहेछ । कथामा लेखक बोल्ने कि पात्र बोल्ने भन्ने दरो प्रश्न उठ्दो रहेछ । जसका लागि पात्रहरूबिचको संवाद पनि एउटा अनिवार्य तत्त्व हो भनिन्छ । तथापि सिर्जनात्मक कार्य गर्दा यही साँचोभित्र मात्र सीमित हुनु भन्ने भावले रचना तयार हुन मुस्किल रहेछ । तसर्थ, मैले लघुकथा लेख्दा सकेसम्म माथि भनिएका र लघुकथाका मानकहरूलाई ध्यानमा राख्दै आफूले तय गरेको कथा तयार गर्ने र पछि पुनर्लेखन र परिमार्जन गर्दा अझै सबै तत्त्व पर्ने गरी लेखन गर्ने पद्धति अपनाउने गरेको छु । 'चौतारो चिन्तन' लेख्दाका त्यस्ता धेरै अनुभव छ । कतिपय कथाहरूलाई पटक–पटक पुनर्लेखन र परिमार्जन गर्नु परेको छ । आकस्मिक उठान, शब्दसीमा, काल दोष, अणुतत्त्व, एक विषय, लाक्षणिक, चामत्कारिक अन्त्य, उठान–उत्कर्ष र अन्त्यको तालमेल, चोटिलो प्रहारजस्ता अनेक तत्त्वलाई मध्यनजर गर्नुपर्ने कुराको अनुभव भयो ।

**'चौतारो चिन्तन' माथि तपाईँको अपेक्षा कस्तो थियो ? कस्तो प्रतिक्रिया पाइरहनुभएको छ ?**

– खासमा त लघुकथाहरू भेला हुँदै गएपछि यी कथाहरूलाई सङ्गृहीत गर्नुपर्छ भन्ने भाव मनमा थियो । वि.सं. २०८१ देखि नै प्रयास गरेको हो । करिब साठीको सङ्ख्यामा कथाहरू पुगेपछि सङ्ग्रहको काम थालेको हुँ । जब सङ्ग्रहको नाम 'चौतारो चिन्तन' राख्ने निर्क्यौल भयो । त्यसपछि केही कथाहरू छटानीमा परे । 'चौतारो चिन्तन'को प्रकाशनले आशा गरिएबमोजिम नै पाठकहरू तथा समीक्षकहरूको प्रतिक्रियाहरू प्राप्त गरेको छु । मिश्रित कथाहरू नै सङ्गृहीत भए पनि पर्या

लघुकथाहरू समेटिएको सङ्ग्रहको रूपमा पाठकहरूले लिइदिनुभएको छ । त्यसले मलाई अझै हौसला दिएको छ ।

**यो सङ्ग्रहको शीर्ष लघुकथा 'चौतारो चिन्तन', पुस्तकको आवरण र तपाईँले पेसागत जीवनमा भोगेका भोगाइबिच तादम्यता छन् कि भन्ने अनुमान गर्न सकिन्छ । हाम्रो कौतुहलता मेटाइदिनुहुन्छ कि ?**

– यस सङ्ग्रहभित्र रहेको 'चौतारो चिन्तन' लघुकथा नै सङ्ग्रहको शीर्ष लघुकथा हो । यस लघुकथाले अहिले जनमानसमा भेटिएको वर, पिपल, समी, लाकुरीजस्ता भन्ज्याङ चौतारीमा हुर्काइने बोटबिरुवाप्रति बेवास्ता बढ्दै गएको र विभिन्न धार्मिक समूह, विकास आदिको नाममा दिन दिनै चौतारो मास्ने, वर पिपलका बिरुवा काट्ने, छिमल्ने र सखाप पार्ने हाम्रो परम्परागत चौतारी मास्ने प्रवृतिमाथि जोड दिँदै यस प्रकारका ठुला ठुला र धेरै समयसम्म रहने बिरुवाको संरक्षण र व्यवस्थापन जरूरी रहेछ भन्ने भावका साथ लेखिएको छ । सोही चिन्तनबमोजिम मेरो आफ्नो जन्मथलो गोरखामा चौतारोको अवस्था झल्कने फोटोलाई नै मेरी छोरी कोहिनूर श्रेष्ठले आवरणको रूपमा ढालेकी हुन् । आफू वन विज्ञानको विद्यार्थी भएको नाताले उनले सङ्ग्रहमा भएका लघुकथाहरू समेट्ने गरी तयार गरेकी हुन् ।

मेरो आफ्नो पनि मूल विषय वन तथा वातावरण विज्ञान नै रहेकाले पेसागत काम गर्दा, हिँडडुल गर्दा देखिएका चौतारोको अवस्थाले यस्तो लघुकथा र कृति आउन/ल्याउन उद्दत बनेको हुँला जस्तो लाग्छ । यसै पनि वन, वातावरण, पर्यावरण, वन्यजन्तु, माटो पानी हावा आदिको संरक्षण गर्नुपर्छ जसले हाम्रा भावी पुस्ताले समेत समुचित वातावरण पाउन सक्छन् । तत्सम्बन्धी लेख, रचना तथा साहित्य सिर्जनामा लाग्नु पर्छ भन्ने मान्यता रहेको सोही विचार मार्गसँग तादात्म्य राखेको छ कि भन्ने म ठान्दछु ।

**'चौतारो चिन्तन' किन पढ्ने ? समकालीन लघुकथाका कृतिहरूमा 'चौतारो चिन्तन" नै छान्नुपर्ने कारण के छन् ? यो कृति छुटायो भने पाठकले के छुटाउँछन् जस्तो लाग्छ ?**

– पढ्नका लागि विषयगत सामग्रीलगायत आख्यान तथा गैरआख्यानका अनगिन्ती सामग्रीहरू लोकार्पित छन् । त्यो आम पाठकमा समर्पित सामग्री छानीछानी पढ्ने अवसर पाठकमा छ । उसैगरी लघुकथाका कृतिहरूको सङ्ख्या पनि असीम छ । थोरै लघुकथाहरूदेखि सयौँको हाराहारीमा सङ्गृहीत लघुकथाका सङ्ग्रहहरू प्रकाशित छन् । लघुकथाकै पनि सिद्धान्त अनि वर्षभरिमा हरेक दिन एक एक लघुकथा लेखेर वर्षभरिको एकै सङ्ग्रह पनि आएको छ । बाल विशेष, बा विशेष, शिक्षक विशेष, संयुक्त लेखन, संयुक्त सङ्ग्रह, सामूहिक सङ्ग्रह आदि पनि उपलब्ध छन् । एक हिसाबले त म भन्छु सबै पढ्नु पर्छ । तथापि आफ्नो कृतिको प्रसङ्ग जोडेर भन्दा मेरो लेखन शैली र पर्या साहित्यिक मूल्यसहितको लघुकथाहरू नजिकबाट नियाल्न चाहनुहुने पाठकहरूले 'चौतारो चिन्तन' भित्र चियाइदिनु भयो भने यसभित्रका चौतारो, चरो, जनावर, वातावरण, समाज, सामाजिक सम्बन्ध आदिले मुखरित हुने अवसर पाउने छन् ।

**सङ्ग्रहभित्रका पाँच उपशीर्षकमध्ये 'पर्यावरण' मुख्य भागको रूपमा रहेको छ । यसभित्र पर्यावरणसँग सम्बन्धी १६ ओटा विविध लघुकथा समेटिएका छन् । नेपाली साहित्य र त्यसमा पनि लघुकथामा पर्यावरणको विषय आउनु अलिक नयाँ प्रयोग भयो । पर्यावरणजस्तो प्राविधिक विषय लघुकथामार्फत साहित्यमा ल्याउँदाका चुनौती के रहेछन् । मूल प्रवाहको साहित्यमा यसको ग्राह्यता कस्तो पाउनुभएको छ ?**

– मलाई लागेको चाहिँ पर्यावरण मात्र होइन साहित्य लेखन पनि अहिले त प्राविधिक बनेको छ । शब्दसङ्ख्याको सीमा, विभिन्न दोषबाट मुक्ति, एउटा ढाँचामा व्याख्या गरिएको यान्त्रिक संरचना नै लघुकथाको रचना भने जसरी व्याख्या गरिन्छ । त्यसले कता कता साहित्यिक रचनाको मन मुटु अन्तै र संरचनाको प्रारूप अन्तै भएको जस्तो लाग्छ । यसले गर्दा साहित्यिक सिर्जनामा हुनुपर्ने सिर्जनशीलता, नवीनताजस्ता विषयको अभाव हो कि भौँ लाग्छ । तर पनि लघुकथामा पर्याचेत समेट्ने काम दिनानुदिन बढ्दै गरेको छ । पर्या लघुकथाको मात्रै पनि प्रतियोगिताहरू हुने, छापा तथा अनलाइनमा प्रकाशन हुने क्रम बढ्दो छ । उसैगरी पर्याचेतसहित लेखिएका कविताहरू पनि मनग्य पढ्न पाइन्छ । उसैगरी पर्याचेत भएका निबन्ध, कथा तथा उपन्यासहरू पनि साहित्य आकाशमा देखिन थालेका छन् । यसरी हेर्दा नेपाली साहित्यले पर्याचेतलाई राम्रो गरी अङ्गीकार गरेको छ भन्ने लागेको छ । यो क्रम विश्वसाहित्य आकाशमा झन् बाक्लो उपस्थिति भएको देख्न सकिन्छ ।

त्यसैले त्यो दौरानमा पर्यावरणीय चेत भएका लघुकथाहरूको लेखन अझै इँटा थप्छ नै भन्ने म ठान्दछु ।

**पछिल्लो समय नेपाली साहित्यमा लघुकथाको बाढी नै आएको छ । बेफुर्सदिलो समयमा कथाको आयाम छोट्याएपछि लघुकथा भइहाल्छ भन्ने मान्यता पनि सिकारू लेखकमा पाइन्छ । तपाईँ लघुकथा लेखनका अतिरिक्त लघुकथा प्रवर्धन अभियानमा पनि अग्रसर हुनुहुन्छ । लघुकथामा आउन चाहने नयाँ लेखकहरूलाई केही सुझाव छन् कि ?**

– हो, यो अर्को स्पष्ट हुनु पर्ने विषय हो । एकथरी मान्यता छ– लघुकथा त एउटा बसाइमा एउटा सानो विषय लिएर लेख्यो । जसले पनि लेख्न सक्छ । त्यसैले अहिले सामाजिक सञ्जाल अनि छापामा लघुकथाको सङ्ख्यात्मक वृद्धि छ । तर गुणात्मक छैन ।

अर्को मान्यता के हो भने गुणात्मक हुन्न कि भन्ने डर मानेर वा भनौं मनमा धक पालेर नलेख्ने हो भने त झन् लेखक तथा सर्जकको रचनाशीलता, प्रस्फुटन आदि त झन् सुषुप्त हुँदाहुँदै विलीन पो होला कि ! त्यसैले लेख्दै, पढ्दै, समीक्षा गर्दै र परिमार्जन गर्दै जाँदा पो गुणात्मक फड्को पार्ने हो त । तसर्थ, स्थापित वा सिकारु सबैले आफ्नो लेख्ने कर्म जारी राख्नुपर्छ । लघुकथाको क्षेत्रमा यसको उन्नयनका लागि सर्वथा ढोका खुल्ला राखिनु पर्छ ।

त्यसैले, धक फुकाएर लघुकथा संरचनाका न्यूनतम विधानलाई अङ्गीकार गर्दै लेखनकार्यमा लाग्नु पर्छ । लेख्दै जाँदा गुणात्मक तत्त्व थपिँदै जान्छ । ■■

एकाङ्की

# इतिहासको एउटा पाना



✍ **पुरु लम्साल**

**पात्रहरू**

| | | |
|---|---|---|
| **आर्यन लामा** | : | २४ वर्षीय, एक जुझारु र आशावादी युवा । |
| **नेहा थापा** | : | २३ वर्षीया, शान्त र निडर । |
| **रवि खनाल** | : | १९ वर्षीय, कलेजका विद्यार्थी । |
| **प्रदीप लिम्बु** | : | २५ वर्षीय, कानुनका विद्यार्थी । |
| **सुमन राई** | : | २६ वर्षीय, मजदुर । |
| **प्रमिला बस्नेत** | : | २० वर्षीया, ग्रामीण युवती । |
| **डा. नवीन शर्मा** | : | ४० वर्षीय, संवेदनशील र कर्तव्यनिष्ठ डाक्टर । |
| **मीना** | : | २८ वर्षीया, दयालु र कर्तव्यपरायण नर्स । |

**वीर अस्पतालको वार्ड । वातावरण शून्य छ, चिसो र उदास । भित्ताहरूमा प्लास्टर खुइलिएको छ र ठाउँ-ठाउँमा पानी चुहिएर फोहोरका दागहरू लागेका छन् । वार्डको छेउको एउटा सानो झ्यालबाट बिहानको मधुरो घामको किरण भित्र पसेको छ । केही घाइतेहरू बेडमा पल्टिरहेका छन् । उनीहरूका अनुहारमा पीडा, आक्रोश र निराशाको मिश्रित भाव देखिन्छ । कसैका हातमा पट्टी बाँधिएको छ, कसैको खुट्टामा । उनीहरूको मौनताले नै उनीहरूले भोगेको दुःख र सङ्घर्षको कथा भनिरहेको छ । डाक्टर र नर्सहरूले उनीहरूको हेरचाहमा व्यस्त छन्, तर उनीहरूलाई पनि थाहा छ कि उनीहरूले शारीरिक घाउको मात्र उपचार गर्न सक्छन्, मनमा लागेको गहिरो चोटको होइन ।**

**डाक्टर नवीन र नर्स मीना घाइतेहरूको हेरचाहमा व्यस्त छन् । घाइतेहरूमध्ये कोही पीडाले छटपटाइरहेका छन्, कोही मौन छन्, र कोही आक्रोशित छन् ।**

**डाक्टर नवीन नेहाको घाउ जाँच गर्दै छन् । उनको अनुहारमा गहिरो दुःख देखिन्छ । नेहा पीडाले आँखा चिम्लिएर लामो सास फेरिरहेकी छिन् ।**

**नवीनः** (गम्भीर हुँदै, बिस्तारै) नेहा, तपाईँको घाउ निको हुँदै छ । तर मनको घाउ निको हुन समय लाग्छ । हिजो राति धेरै घाइतेहरू आए, र... (उनी केही बेर रोकिन्छन्, आफ्नो आँसु लुकाउँदै ।) धेरैलाई हामीले बचाउन सकेनौँ । हाम्रो अस्पतालको बाहिर शवगृहमा शवको लाइन लागेको छ । हरेक अनुहारमा एउटा सपना थियो । एउटा आशा थियो । हरेक रगतको थोपाले इतिहासको एउटा पाना लेखिरहेको छ ।

**मीना नेहाको घाउमा नयाँ पट्टी लगाउन थाल्छिन्, उनको हात पनि हल्का काँपिरहेको छ ।**

**मीनाः** (दुःखी हुँदै) हामीले हरसम्भव प्रयास गर्‍यौं, तर उनीहरूको चोट निकै गम्भीर थियो । कतिपयको त पहिचान पनि हुन सकेको छैन । मलाई एकजना बहिनीको याद छ, जो प्रमिलाजस्तै थिइन् । उनको हातमा एउटा किताब थियो । त्यो किताब रगतले लतपतिएको थियो । उनको सपना किताबमा नै रह्यो । उनको अनुहार शान्त थियो, मानौं उनले आफ्नो सपनाका लागि अन्तिम युद्ध लडेकी थिइन् । त्यो किताबको पानामा उनको नाम सधैं जीवित रहनेछ ।

**प्रमिला आफ्नो ओछ्यानमा बसेर डाक्टर र नर्सको कुरा ध्यान दिएर सुन्दै छिन् । उनको हात काँपिरहेको छ ।**

**प्रमिलाः** (हात काँप्दै) मेरो पनि त्यस्तै हुन्थ्यो होला । हामीले त केबल सपना देखेका थियौं । यहाँ त सपना देख्नु पनि अपराध रहेछ । मैले सोचेकी थिएँ, यो सहरमा आएर पढाइ पूरा गर्छु, जागिर खाएर आमाबुबालाई सहयोग गर्छु, तर यहाँ त गोली खाइयो । यो मेरो जीवनको मात्र होइन, इतिहासको पानामा लेखिएको एउटा कथा हो, जहाँ सपना रगतले लेखिन्छ ।

**रवि आफ्नो तिघ्राको पट्टी छाम्दै छ, उसको अनुहार रिसले रातो भएको छ ।**

**रविः** (रिसले मुट्ठी कस्दै) किन ? किन उनीहरूले यस्तो गरे ? के हामी मान्छे होइनौं ? हाम्रो रगतको मूल्य कति ? हिजो सँगै नारा लगाएका साथीहरू आज छैनन् । उनीहरूको मृत्युको जिम्मेवार को हो ?

**प्रमिलाः** त्यो पुलिसले सिधै छातीमा ताकेर गोली हानेको थियो । मैले मेरो साथीलाई आफ्नै अगाडि ढलेको देखें । त्यो दृश्य मेरो आँखाबाट हट्दैन । उनीहरूको मृत्यु इतिहासको एउटा कालो पाना हो, जुन हामी कहिल्यै बिर्सने छैनौं ।

**सुमन आफ्नो ओछ्यानमा टाउको झुकाएर बसिरहेको छ । उसको अनुहारमा गहिरो निराशा छ ।**

**सुमनः** (गम्भीर हुँदै, निराशाको भावमा) कोही कसैले पनि जिम्मेवारी लिँदैनन् । हाम्रो रगत बगेर जब यो ठाउँ खाली हुन्छ, त्यसपछि नयाँ नेताहरू त्यही ठाउँमा आएर भाषण गर्छन् । उनीहरूलाई त हाम्रो रगतमाथि राज गर्नु छ । मेरो छोराले हिजो मलाई फोन गरेर सोध्यो, 'बुबा कहिले आउनुहुन्छ ? हामीलाई खान पुगेको छैन ।' मैले उसलाई के जबाफ दिऊँ ? मेरो रगत बगेको छ, तर मेरो परिवार भोकै छ । यो मेरो जीवनको मात्र होइन, गरिबी र अन्यायको इतिहासको एउटा पाना हो ।

**आर्यनले सबैको कुरा सुनिरहेका छन् । उनको अनुहारमा पीडा र आक्रोशको मिश्रण छ । उनी बिस्तारै आफ्नो ओछ्यानमा उठेर बस्छन् ।**

**आर्यनः** (गम्भीर हुँदै) हामीले यत्रो त्याग, पीडा र बलिदान दियौँ । यो लडाइँ कुनै नेता वा पार्टीका लागि थिएन । यो त हाम्रो भविष्यका लागि थियो तर आज हामी घाइते भएर यहाँ सुतेका छौँ, बाहिर कोही नयाँ अनुहारले यसको फाइदा उठाउँदै छन् कि भन्ने चिन्ता छ । हामीले बाटो खोल्यौँ, तर बाटोमा हिँड्ने अरू नै कोही हुने त होइनन् ? हाम्रो रगतको मूल्यमाथि कसैले राजनीति गर्ला भन्ने डर छ । इतिहासको यो पानामा हाम्रो कथाको दुरूपयोग नहोस् ।

**नेहा पीडाको बाबजुद पनि आफ्नो आँखा खोल्छिन् र आर्यनलाई हेर्छिन् ।**

**नेहाः** (कमजोर स्वरमा) मलाई डर लाग्छ आर्यन । मेरो बुबा पुलिसमा हुनुहुन्छ । उहाँले भन्नुहुन्थ्यो, 'पुलिस देश र जनताको सेवक हो ।' तर आज उहाँकै साथीहरूले मलाई गोली हाने । यो देश कता जाँदै छ ? के हाम्रो रगतले सही बाटो देखाउन सक्दैन ? यो मेरो व्यक्तिगत कथा होइन, यो त 'विवेक हराएको' इतिहासको एउटा पाना हो ।

**प्रदीपले आफ्नो खुट्टाको पट्टीलाई छाम्दै गहिरो सोचमा डुबेका छन् । उनको अनुहारमा निराशाको कालो बादल मडारिएको छ ।**

**प्रदीपः** (निराश हुँदै) इतिहासमा सधैँ यही भएको छ । जनताले रगत बगाउँछन्, तर त्यसको फल अरू कसैले टिप्छन् । हामीले संविधानको सम्मानका लागि आवाज उठायौँ, तर हाम्रो रगतको मूल्यमा कुनै स्वार्थी समूहले आफ्नो एजेन्डा स्थापित गर्ला कि भन्ने डर छ ।

**आर्यनः** हामीले न्यायको लागि लडेका थियौँ, तर यहाँ त न्याय नै घाइते भएको छ । अदालतमाथि भएको हमलाले यो कुरालाई झन् पुष्टि गर्छ । यो सबै नियोजित थियो कि जस्तो लाग्छ । यो हाम्रो इतिहासको पानामा लेखिएको न्यायको उपहास हो ।

**सुमन आफ्नो ओछ्यानमा टाउको झुकाएर बसिरहेका छन्, उनको मुहारमा गहिरो पीर छ ।**

**सुमनः** (दुःखको साथ) मेरो छोराले हिजो मलाई फोन गरेर सोध्यो, 'बुबा कहिले आउनुहुन्छ ? हामीलाई खान पुगेको छैन ।' मैले उसलाई के जवाफ दिऊँ ? मेरो रगत बगेको छ, तर मेरो परिवार भोकै छ ।

**नेहाः** म पनि सोच्छु यो आन्दोलनले मेरो परिवारलाई के दियो ? थप पीडा मात्र । मलाई चिन्ता छ, भोलि अरूले हाम्रो यो त्यागलाई बिर्सिएर, हाम्रै रगतमाथि टेकेर आफ्नो स्वार्थको महल बनाउनेछन् । हाम्रो गरिबीको कथा इतिहासको यो पानामा सधैँ पीडादायी भएर बस्छ कि भन्ने डर छ ।

**प्रमिलाले आफ्नो हातले अनुहार छोप्छिन्, उनको शरीर काँपिरहेको छ ।**

**प्रमिलाः** (विषादपूर्ण आवाजमा) गाउँमा सबले भन्थे, "सहरमा सुन फल्छ ।" मलाई लागेको थियो, पढेर केही गर्न सक्छु तर यहाँ त सपना नै चक्नाचुर भयो । मलाई डर लाग्छ, भोलि म निको भएर घर फर्किंदा, गाउँका मान्छेले मलाई 'विद्रोही' भन्लान् कि 'सहिदकी बहिनी' भनेर सम्मान गर्लान् ?

**सुमनः** मलाई त हाम्रो यो लडाइँ समाजले बुझ्छ कि बुझ्दैन भन्ने पीर छ । हाम्रो सपनाको यो कथा इतिहासको पानामा कुन रूपमा लेखिने छ ?

**डाक्टर नवीन बिस्तारै उनीहरूको छेउमा गएर बस्छन् । नर्स मीना पनि उनीहरूको नजिकै उभिन्छिन् ।**

**नवीनः** (गम्भीर हुँदै, शान्त स्वरमा) तिमीहरूको चिन्ता जायज छ । एउटा डाक्टरको रूपमा मेरो कर्तव्य घाउको उपचार गर्नु हो, तर एउटा नागरिकको रूपमा मलाई तिमीहरूको पीडा र चिन्ताले छोएको छ । तिमीहरूको मनमा लागेको यो घाउको मलम कुनै औषधी होइन, तर तिमीहरूको दृढता र सङ्कल्प हो ।

**मीनाः** यो रगत, यो त्याग, यो बलिदानी खेर जाँदैन ।

**नवीनः** तिमीहरूले यो लडाइँको जग बसालेका छौं । अब यसलाई जोगाउने काम तिमीहरूको हो । तिमीहरू उठ्ने छौ, र तिमीहरूको आवाज अझै बलियो हुने छ । तिमीहरूको साहसले इतिहासको यो पानामा नयाँ अध्याय लेखिने छ ।

**डाक्टर नवीनको कुरा सुनेर सबै पात्रहरूको मुहारमा नयाँ आशाको किरण छाएको छ । उनीहरूको शारीरिक पीडाभन्दा माथि मानसिक दृढताले स्थान पाएको छ ।**

**मीनाः** (आर्यनको नजिक आएर, उनको हातमा बिस्तारै थपक्क राख्दै) डाक्टरले सही भन्नुभयो । यो घाउहरू निको भएपछि, तपाईँहरूको काम सकिँदैन । यो त सुरुवात मात्र हो । तपाईँहरूले बालेको यो आशाको दियोलाई निभाउन दिनुहुँदैन । तपाईँहरूको बलिदानले हामीजस्ता साधारण मानिसहरूलाई पनि बोल्ने हिम्मत दिएको छ । यो इतिहासको पानामा तपाईँहरूको कथा कहिल्यै मेटिने छैन ।

**रविले आफ्नो कलेजको ड्रेसमा लागेको रगतको दागलाई हेर्दै आफ्नो आँसु पुछ्छन् ।**

**रविः** (आँसु पुछ्दै) हो, हाम्रो साथीहरूले व्यर्थमा ज्यान दिएका छैनन् । उनीहरूको सपना हामीले पूरा गर्नुपर्छ । हामीलाई कलेज ड्रेसमा गोली हानियो, ताकि हामीले यो ड्रेसलाई सधैं सम्झिरहौं र कहिल्यै नझुकौं ।

**प्रमिलाः** यो ड्रेस अब शिक्षाको मात्र प्रतीक होइन, यो न्यायको लागि बगेको रगतको पनि प्रतीक हो । यो रगतले हामीलाई सधैं सम्झाउने छ कि हामीले कस्तो देशका लागि लडेका थियौं । यो हाम्रो रगतले लेखिएको इतिहासको एउटा पाना हो ।

**सुमन आफ्नो ओछ्यानमा बसेर आफ्नो हातको मुट्ठी कस्दै छन् । उनको मुहारमा पीडाको सट्टा अब दृढता देखिन्छ ।**

**सुमनः** हामीले भोकका लागि लडेका थियौं, अब हाम्रो सन्तानले न्यायको लागि लड्नुपर्ने छैन । हाम्रो पुस्ताले जस्तो गरिबी र उपेक्षा भोग्यो, त्यो अब समाप्त हुनुपर्छ । म आजदेखि कसैको अगाडि झुक्ने छैन । हाम्रो रगतले अब नयाँ जीवनको सुरुवात गर्नेछ । हाम्रो यो सङ्घर्ष इतिहासको पानामा गरिबीविरूद्धको लडाइँको रूपमा लेखिनेछ ।

**प्रमिलाले आफ्नो मुहारमा छाएको चिन्तालाई हटाउँदै मुस्कुराउने कोसिस गर्छिन् ।**

**प्रमिलाः** मेरो गाउँका बहिनीहरूले पनि शिक्षाको अधिकार पाउन् । उनीहरूले आफ्नो सपना पूरा गर्न विदेश जानु नपरोस् । म निको भएपछि गाउँ फर्किने छु र सबैलाई भन्ने छु कि हाम्रो लडाइँ कसैका लागि होइन, आफ्नै लागि थियो । मेरो कथा इतिहासको पानामा साहसको रूपमा लेखिने छ ।

**आर्यनले सबैलाई हेर्दै, उनको आँखामा दृढताको नयाँ चमक छ ।**

**आर्यनः** (आफ्नो आवाजलाई अझ बलियो बनाउँदै) हो, हाम्रो रगत खेर जाँदैन । हामीले यो कथा सुरु गरेका छौं । अब यसलाई हामी नै पूरा गर्ने छौं । हामी अस्पतालबाट निस्केपछि, यो सङ्घर्षलाई नयाँ बाटो दिने छौं । हाम्रो काम तोडफोड गर्ने होइन, निर्माण गर्ने हो । हाम्रो यो प्रयास इतिहासको पानामा नयाँ नेपालको जगको रूपमा लेखिने छ ।

**प्रदीपले आफ्नो खुट्टाको पट्टीलाई छाम्दै गहिरो सोचमा डुबेका छन् ।**

प्रदीपः कानुनको विद्यार्थी हुँ । अब म कानुनको दुरूपयोग गर्नेहरूलाई सचेत गराउँछु । हाम्रो संविधानको मूल्य र मान्यतालाई स्थापित गर्छु । हाम्रो रगतले संविधानको पानामा लेखिएको नयाँ धारा हो, जसले शासकहरूलाई झकझकाओस् । म यो संविधानलाई किताबबाट बाहिर निकालेर व्यवहारमा लागु गराउन लड्ने छु । हाम्रो लडाइँ इतिहासको पानामा न्यायको लागि लडेको लडाइँको रूपमा रहने छ ।

**नेहा पीडाको बाबजुद पनि आफ्नो आँखा खोल्छिन् र आर्यनलाई हेर्छिन् ।**

नेहाः म पनि उठ्ने छु । म मेरो बुबालाई भन्छु, 'बुबा, मलाई गोली लागेको छ, तर मलाई गोली हान्नेहरूले विवेक गुमाएका थिए । हामीले विवेकलाई जिताउनु पर्छ ।' म फेरि शान्तिको लागि आवाज उठाउने छु, तर यसपटक अझ बलियो भएर । म कसैको डरमा बाँच्ने छैन । मेरो यो सङ्घर्ष इतिहासको पानामा शान्तिको लागि लडेको लडाइँको रूपमा रहनेछ ।

**आर्यन आफ्नो चोटमा हात राख्दै, सबैलाई हेरेर मुस्कुराउँछन् ।**

आर्यनः यो चोटले हामीलाई कमजोर होइन, अझ बलियो बनाएको छ । आशा छ हाम्रो रगतले लेखिएको यो कथा कहिल्यै मेटिने छैन र यो कथाको सुखद

# गजल



✍ निर्मलादेवी तिम्सिना 'कान्छी'

आफ्नै लागि स्वयं आफू बन्न नपाएको
वर्षौं भयो दुख्दा ऐया भन्न नपाएको ।

कहाँ झरेँ कति झरेँ अनगिन्ती झरेँ
यति झरे आँसु भनी गन्न नपाएको ।

सोचेभन्दा बढी पाएँ घृणा तिरस्कार
जाबो एउटा माया न हो टन्न नपाएको ।

धेरै पटक सुतेको छु मृत्युशैया माथि
सासै रोक्न कालले मात्रै धन्न नपाएको ।

बाँचेकै छु आजसम्म पिर नगर्नु आमा
निर्मलाले कहाँ छ र अन्न नपाएको ।

– *साइप्रस*

अन्त्य, हामी सबैले मिलेर गर्ने छौं ।

नेहाः यो हाम्रो लडाइँ हो, र यो हाम्रो विजय हुने छ ।

प्रदीपः हामी उठ्ने छौं, हाम्रो चोट निको हुने छ र हाम्रो आवाज अझै बलियो हुने छ ।

प्रमिलाः हाम्रो यो सङ्घर्ष इतिहासको एउटा पाना बनेर रहने छ, जुन कहिल्यै भुलाइने छैन ।

**सबै जना एकअर्कालाई हेर्छन् । वार्डको वातावरणमा पीडा हुँदा हुँदै पनि एक नयाँ आशा र सङ्कल्पको भावना फैलिएको छ । डाक्टर नवीन र नर्स मीना उनीहरूलाई हेरेर मुस्कुराउँछन् । उनीहरू पनि यो नयाँ सङ्कल्पको हिस्सा बनेको महसुस गर्छन् । ■■**

# टुक्का कविता



✍ **कलानिधि दाहाल**

१.

अग्लो हिमाल पग्लेर आगोको राप पोल्दछ
आगोको रापको ज्वाला चिसोमा हिउँ खोल्दछ !

२.

टिनभित्र जलेको छ विश्वको आँत हर्हर
चिता जले यता देख्छन् विज्ञान मृत्यु भर्खर !

३.

तिमी लेख्छौ तिनै बात जो आँखा नित्य देख्दछन्
महान् स्रष्टा तिनै हुन्छन् नदेख्ने जब लेख्दछन् !

*- काठमाडौं ।*

# सुनौलो घाम हेर्न मन छ



✍ **इन्द्र प्रभा**

खेतमा पसिना रोप्ने हातहरूले
कोइला खानीमा
कालो धुलोको सास
फेर्ने छातीहरूले आफ्नै उज्यालो देखून्
निर्धन बालबालिकाले पनि
अक्षर लेखून्
त्यो पनि-
भोकको छालमा हैन
आशाका कापीमा-
खुसी छाओस् आमाको मुहारमा

नदीले पनि गुनासो
नगरोस्
उसका किनाराहरू
बे- घर सपनाले
ढाकेको छ भनेर

भाषणभन्दा
मानव हृदय ठुलो होस्
दरिलो नीति होस्
निष्पक्ष न्याय होस्
हेर्न मन छ
मेरो देशमा सुनौलो
घाम उदाओस्
सत्कर्म र धर्मले
अँगालो हालोस्
गर्भका साथ भन्न सकौ
सुन्दर शान्त हाम्रो देश
वे- मौसम बाजा बज्दै छ भनेर

नियात्रा

# डोभर बिच र वाटर सपिङ सेन्टरको आकर्षण



मुकुन्द पोखरेल

समयको केही पदसङ्गतिपछि मलाई बेलायत/संयुक्त अधिराज्यमा पुनः पदचिह्न लगाउने अवसर मिल्यो । नव वर्ष २०७६ को अवसरमा, प्रवासमा बस्ने धेरै नेपालीहरूसँग भेटघाट पनि भयो । डार्टफोर्ड, केन्टमा नेपाली पेसागत समाज (सोसाइटी अफ नेपलिज प्रोफेस्नल युके) ले सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । निम्ता आएकोले प्रकाश, जीवनसङ्गिनी रमा र म गयौं । नेपाली र बेलायती राष्ट्रिय गानबाट कार्यक्रमको आरम्भ गरिएकोले म अत्यन्त रोमाञ्चित भएँ । त्यस अवसरमा शुभकामना साट्ने कार्य मात्र भएन । साहित्य, कला, संस्कृतिको कार्यक्रम प्रस्तुत गर्दै भव्य रूपमा मनाउँदा रमाइलो भयो । साथीहरू प्रसन्न चित्तले निवार्ता गर्न थाले । यस्तो रोचक कार्यक्रम संस्थाका सभापति शेखर वाग्लेजीको सभापतित्वमा भयो । प्रमुख अतिथि कसैलाई बनाइएन । सबै प्रमुख सबै अतिथि । कार्यक्रम सरलतामा, नवीन शैलीमा भयो ।

त्यहाँ पनि डार्टफोर्ड नेपाली समाजले नेपाली भाषाकक्षा सञ्चालन गरेर, बालबालिकालाई नेपाली भाषा सिकाउन थालेको रहेछ । नेपाली भाषा साहित्यको उत्थान गरेको देख्दा, म अत्यन्त हर्षित भएँ । हुन त अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजले भाषा साहित्यको विकास गर्न बेलायत, अमेरिका, अस्ट्रेलिया र जापानजस्ता मुलुकमा पनि सहयोग पुऱ्याउँदै आएको धेरै भयो ।

बेलायतको राजधानी लन्डन विश्वविख्यात छ । यो राजनीति, ज्ञान-विज्ञान, सभ्यता र अनुसन्धान/ आविष्कारका दृष्टिले मात्र होइन । साहित्य, संस्कृति, कला एवम् शिक्षा, समाजशास्त्र, मानवशास्त्र, इतिहास र पुरातत्त्वबाट पनि ।

त्यस्तै, साहित्यमा लन्डन, स्कटल्यान्डसहित बेलायतले कवि, उपन्यासकार, नाटककार एवम् कथाकारजस्ता साहित्यकार, समालोचकहरू प्रशस्त जन्माएको छ । वर्डस्वर्थ, किट्स, शेली, लर्ड बाइरन र चार्ल्स डिकन्सजस्ता मात्र होइनन्, यस्ता नोबेल पुरस्कार विजेता पनि छन् : एक शताब्दी (१९०१ देखि २००२) सम्म चराका दृष्टि लाउँदा बेलायतका पाँच जना साहित्यकारहरूले नोबेल पुरस्कार पाएका देखिन्छन् । जस्तैः रूडयार्ड किप्लिङ, जोन गाल्जवर्दी, बट्रेन्ड रसल, विलियम गोल्डिङ र सर विन्स्टन चर्चिलजस्ता हुन् । त्यसैगरी आयरल्यान्डका चार जना छन् । डब्लु.बी. यिट्सजस्ता विख्यात कवि, गीतकार एवम् नाटककारले भारतका महाकवि, रवीन्द्रनाथ

ट्यागोरको गीताञ्जलीको भूमिका लेखेका थिए । जुन कृति नोबेलबाट पुरस्कृत हुँदै एसियामा नोबलको प्रवेश हुनुमा, यिनको केही योगदान पनि हुन सक्छ । सिड्नीको शिखर, अष्ट्रेलियामा ब्लु माउन्टेन्स् छ । डार्टफोर्डको समुद्रजस्तै गहिराई, बेलायतमा ब्लु वाटर सपिङ सेन्टर रहेछ । यसको सौन्दर्याकर्षणले म त्यता गएँ । नीलिमाको परिभाषा वैविध्य हुन्छ, श्रीलङ्कामा प्रत्येक डेढ शताब्दीमा ब्लु मुन आउँछ रे !

केन्टका प्रसिद्ध कवि, समालोचक माथ्यु अर्नल्डले 'डोभर बिच' राम्रो कविता लेखे । जो अक्सफोर्ड विश्वविद्यालयका उत्पादन र कविताका प्राध्यापक पनि हुन् । अहिले भए यहाँको यो सेन्टरको रेस्टुराँमा भोक मार्न आउँथे होलान् । डोभरको वर्णन यस्तो छ : रातको समय चन्द्रमाको प्रकाशमा यो सौन्दर्यपूर्ण देखिन्छ । समुद्रमा ज्वार-भाटा आउँछ । किनाराका साना साना ढुङ्गामा पवनले सङ्गीत जोड्दा, एक दिक्कलाग्दो ध्वनिको सिर्जना हुन्छ । त्यो मानवीय संवेदना झल्किएको दुःखको प्रतीक हो । जुन हजारौं वर्ष अगाडि एथेन्सको एजियन समुद्रमा कवि/नाटककार, सोफोकल्सले पनि सुनेका थिए । कवि यसप्रति अपसोच प्रकट गर्दै भन्छन् । 'वैज्ञानिक युगमा धर्म र नैतिकता ह्रास, प्रेम र सहानुभूतिको सट्टा शङ्का र अविश्वास, शान्तिको स्थानमा युद्धको वातावरण विस्तृत हुँदै छ । यसैले अन्धकारमय संसारमा नैतिकता र ज्योतिको अत्यावश्यक भएको छ ।'

लन्डनको ब्लु वाटर सपिङ सेन्टर पुग्दा, मलाई सन्ध्याले भेटिन् । सडकबाट ओर्लिंदै समुद्रलाई भेट्न गएँ । त्यसको अगाडि स्वागत गर्दै सानो हरियो रूख आयो । त्यो सानासाना चमक दिने चिमका आभूषणले सिँगारिएको रहेछ । तीबाट निःसृत नीलो-सेतो मिश्रित, अत्यन्त सुन्दर प्रकाश आयो । यो सपिङ सेन्टर बृहत् कायको मात्र छैन, कलात्मक शैलीमा मनाकर्षक रहेछ । मलाई देख्दा चालीस जति क्याफे र रेष्टुराँसहितका तीन सयभन्दा बढी पोसाक, शृङ्गार, विलासिताका सामानहरू, बालबालिकाका लागि जन्मदिन तथा उत्सवहरू मनाउन मिल्ने स्थलहरू, चलचित्र भवनहरू, खाद्य सामग्री, विविध स्टोर बोक्दै मुसुक्क हाँस्यो । नूतन रेष्टुराँ, क्याफेहरू नयाँ नयाँ स्वाद पस्किँदै, पसलहरू पनि चिटिक्क परेका रहेछन् । यो सपिङ सेन्टरले उचित मूल्यमा, ग्राहकहरूलाई मिठो स्वाद र सन्तुष्टि दिँदोरहेछ । यो सहर बाहिर डार्टफोर्ड पूर्व ग्रिनहिथ, केन्टको एउटा सुन्दर सेन्टर पनि हो ।

हँसिली एउटी गोरी युवती 'यारा' सँग, तयारी पोसाक पसलमा मेरो कुराकानी भयो ।मैले उनलाई 'यहाँ यतिका रेस्टुराँहरू छन्, यी सबै पर्यटकहरूकै भरमा चलेका छन् कि ?' भन्दा उनले ओठ खोल्दै मुस्काउँदै 'यहाँको सभ्यतासँगै रेस्टुराँ संस्कृतिको विकास पनि बढदै छ' भनिन् । उनको कुरामा मैले धेरै सत्यता भएको अनुभूति गरेँ । मध्यम तथा उच्चवर्गीय यी अङ्ग्रेजी सभ्यताका मानिसहरूको जीवनशैली, रेष्टुराँ संस्कृतिमा छ । कार्य व्यस्तताले कुनै बिदा/मन लागेको दिन मात्र, यिनीहरू घरमा बनाएर खान्छन् । धेरैजसो बिदाको

दिन घुमफिर, भेटघाटजस्ता मनोरञ्जनतिर पनि लाग्छन् ।

यति गहिरो समुद्रकै तहमा किन बन्यो होला ? यो सपिङ सेन्टर भन्ने मेरो मनमा खुल्दुली मच्चियो । यो त कमेरोको पहाडै हटाएर बनाएको रहेछ । गहिरो हुँदा त्यहाँ आकाश-समुद्र/धर्तीको मिलन गराउने नीलो पानी आएर हो कि ? त्यसकै नामबाट ब्लु वाटर भएको त होइन ? भन्ने मनमा लाग्यो ।

तर, पछि थाहा पाएँ कि सन् १८५०-१९९४ सम्म त्यस स्थानमा ब्ल्यु सर्कल भन्ने कम्पनीको चक (कमेरो) खानी रहेछ । पछि १९८६ अप्रिलमा न्यम फ्रे ब्रदम्यानको सपिङ् सेन्टर सेयर वाटरले भन्ने कम्पनीले सपिङ् सेन्टर बनाउन ब्ल्यु सर्कलसँग सम्झौता गरी ब्ल्यु वाटर पीएलआई भन्ने कम्पनी खडा गरी, सन् १९९९ मा ब्ल्यु वाटर सपिङ सेन्टरको स्थापना गरेको रहेछ । तेह्र हजार कार पार्किङको सुविधा भएको, सात हजारभन्दा बढीले काम गर्ने यो सेन्टरको सामान्यमा व्यापकता रहेछ जस्तो लाग्यो मलाई । किनभने, यो लन्डन नगरीलाई थेम्स नदीले सभ्यता छर्दै, काखमा आमाले बालबालिकालाई झैँ सपक्क राखेको छ । यहाँको डोभर बिच कस्तो होला ? एक पटक त्यो हेर्ने ममा खुब इच्छा थियो । यसको बारेमा लेखिएको कविताले मलाई धेरै अगाडि नै तानिसकेको थियो ।

पदचाप बजाउँदै हामी प्रतीक्षारत लन्डनकै महत्वपूर्ण 'डोभर बिच' हेर्न गयौँ । पुगेर कारलाई उसको स्थान दिँदा, समुद्र कम्पन दिन थाल्यो । वायु चलेको थिएन, सुनामी आएको पनि होइन । कारबाट निक्लेर त्यता दृष्टि लाउँदा, जहाज आएको देखेँ । त्यसले जलमा तरङ्ग चलाएको रहेछ । नातिनी सान्भीलाई लिएर, समुद्र स्पर्श गर्न गएँ । आज "घाम लागेकोले रमाइलो छ" सम्झनाले भनिन् । रमाले पनि खुसी हुँदै समुद्रतिर हेर्दै "आज निकै रमाइलो भयो" भनिन् । नाति सिभान अलि सानै थिए । छटपटाउँदै समुद्रको दृश्यावलोकनतिर आकर्षित भए । प्रकाशले किनारतिर लग्यो । म र सान्भी समुद्रसँग  खेल्न थाल्यौँ । प्रकाशले "अर्को ठूलो जहाज आयो भन्यो ।" नातिनी सान्भीलाई मैले दायाँतिर आउँदै गरेको जहाज देखाउँदा खुसीले हाँस्न थालिन् । सानी नानी जहाज देख्दा रमाउनु स्वाभाविकै हो । मैले प्रकाशसँग सिभानलाई लिएँ अनि जल स्पर्श गराएँ । उनी पनि बालसुलभता दर्साउँदै, मुस्कुराउन थाले । अवलोकनमा आएका पर्यटकहरू विभिन्न तटमा बसेर समुद्रसँग खेल्दै थिए ।

आज २२/४/२०१९ को दिन घाम लागेको, हावा पनि नचलेको बेलायतको राम्रै दिन हो । पहिला पहिला घाम लागेको दिन सरकारले बिदा नै दिन्थ्यो । सानासाना काला ढुङ्गाको बगर, केही ठुला पनि थिए । घामको ज्योतिमा नीलो सागर, त्यसमाथि हिमालजस्तो पहाड देख्दा सौन्दर्यपूर्ण लाग्यो । आएका ए ७ इ लेखिएका दुई, आउँदै गरेका दुईगरी चारओटा जहाज देखिए । त्यहाँको हिमालजस्तो पहाडलाई 'ह्वाइट हिल' भन्दा रहेछन् । मैले प्रकाशसँग जिज्ञासा राख्दा त्यो त कमेरोको पहाड

पो रहेछ । हिउँको अलङ्कार झल्काउने हिमाल हेरेको मान्छेलाई, त्यसले के आकर्षण गर्थ्यो ? यहाँ कालो सडकमै जोडिएको, एउटा सेतो चमक दिने लामो घर (टेऱ्यास) छ । यसले निकै प्रसिद्धि कमाएको पनि रहेछ ।

यो समुद्र धेरै राम्रो छ । नत्र कवि, समालोचक माथ्यु अर्नल्डले किन कविता लेख्थे होलान् ! फ्रान्सको उत्तरी कोस्टमा पच्चिस किलोमिटरको एउटा सहर रहेछ, जहाँ २६ मे ४ जुन, १९४० सम्म जर्मनी र फ्रान्सकाबिच घमासान युद्ध भएको थियो । त्यस युद्धमा एकातिर फ्रान्स, बेलायतसमेत थिए । अर्कोतिर जर्मनी थियो । डोभर समुद्रको डनकिर्कमा चर्च पनि रहेछ । त्यस चर्चलाई किर्क भन्दा रहेछन् । चालिस किलोमिटर चारैतिरबाट घेरेर बेलायती सेना बसेका रहेछन् । यहाँ युद्ध रोचक 'डाइनामो' शैलीमा भएको थियो रे ! यस्तो युद्धमा फ्रान्सले छ हप्तामै जर्मनीसँग आत्मसमर्पण गरेछ । जर्मनीका चान्सलर एडल्फ हिटलर धेरै चलाक हुँदा, "हाम्रो विजय भयो, सेना फर्काउनु" भन्दै कमाण्डरलाई आदेश दिएछन् । त्यसबेला कमाण्डर एकदम खुसी भएछ किनकि, आधुनिक सामरिक शस्त्रास्त्रका पचास प्रतिशत पार्टपुर्जा, प्रायः नष्ट भैसकेका थिए रे ! कुन रणनीतिबाट युद्धको अन्त्य गराउने सोचमा कमाण्डर हुँदा, जर्मनीलाई त सत्रै परेछ । डनकिर्कबाट एक लाख सेना फ्रान्सले फर्काएछ । डोभरबिचको डनकिर्क युद्धमा बेलायत र फ्रान्स समेतको एलाइड फोर्स (संयुक्त फौज) तीन लाख अठतिस् हजार सैनिक सुरक्षाका लागि खटाइएका/तैनाथ रहेछन् । यस युद्धमा बाइस हजार संयुक्त सैनिक र डुङ्गा चालक समेत दुई हजार गैरसैनिकको मृत्यु भएछ । जर्मनीतर्फका बीस हजार सैनिकले घाउचोट, हराउने र मृत्युवरणजस्ता दुःखकष्ट भोगेछन् । डनकिर्क खाली गर्दै उद्धार गर्न, साना जहाज/डुङ्गाले धेरै सहयोग पनि गरेछन् । यसरी डोभरको किनारमा सुरक्षाकर्मीजस्तै टक्क उभिएको, एउटा सूचना पाटी रहेछ । त्यसले हामीलाई स्वागत गर्दै, सन् १९४० मा भएको डोभरको यो 'युद्ध इतिहास्,' आख्यानात्मक शैलीमा बतायो । यस्तो युद्ध नभएको भए हुन्थ्यो भन्ने मलाई लाग्यो ।

डोभर बिचबाट हामी फर्किँदै थियौँ, सान्भीले सुन्तला मागिन् । सुन्तलाको व्याग मसँग अगाडि थियो । सान्भीसहित अरू सदस्यहरू पछाडि थिए । प्रकाशले कार चलाइरहेको थियो । मैले त्यतादिन अनुकूल मिलेन । 'कार रोक्न मिल्छ कि ? साइड लगाएर प्रकाशसँग' भनें । उसले "अहिले यहाँ मिल्दैन, हार्ड रोडसोल्डर (मोटर वे बाटोको एउटा लेन जहाँ आकस्मिक पर्दा गाडी रोक्न मिल्छ) आएपछि रोक्छु भन्यो ।" एकछिनपछि हार्ड सोल्डर आयो अनि उसले रोक्यो । यसरी खाली भए पनि, राजमार्गमा द्रुतगतिका सवारी रोक्दा, दुर्घटना हुने सम्भावना बढी हुँदो रहेछ । मलाई लाग्यो 'यस्तो पो प्रणाली त !' ■■

# गीत



✍ **एन. बी. दाहाल**

म खुसी हुन खोज्छु तिमी दुखिरहन्छ्यौ ।
म तिमी हेर्न खोज्छु तिमी लुकिरहन्छ्यौ ॥

कति माया नि तिम्रो मलाई मात्रै लागिरहेछ ।
यति चोखो नि माया मेरो तिमीलाई बाँकी रहेछ ॥

तिम्रो पिरतीको सहयोगले म खुसीसाथ रमेको छु
तिम्रो वचनको अडानले म विश्वासमा झुमेको छु ॥

तिमी नै निदाइरहेकी थियौ र त आएर हेरेर एक्लौ भएँ
उज्यालो भएको थियो बसिनँ त्यहाँ त अनि म तिमी सम्झँदै गएँ ।

*कमल गाउँपालिका-२, झापा, नेपाल ।*

# गजल

म भुल्न सक्थैं मुहार तिम्रो नभुल्न वाचा गरेर आएँ
सुवास छर्दै विकास गर्दै नवीन आस्था भरेर आएँ

हुँदैन भुल्नै कदापि मैले स्वदेश-माया र आफ्नु मान्छे
लुकेर बस्ने विचार त्यागी विकार सारा हरेर आएँ



पढेर बस्ने जमात ठुलो गरिब बस्ती विहार गर्दा
हिमाल घुम्दा पहाड घुम्दा जघाँर धेरै तरेर आएँ

कपाल तिम्रो फुलेछ माया छ दर्द उस्तै समान काया
र, हात खाली भएन कैल्यै पढेर भन्दा परेर आएँ

✍ **नवराज न्यौपाने 'मौन'**

छ चाहना के न सोध्न पाएँ अपार दिलमा दुखाइ मात्र
लगाई माया म हुन्न टाढा र फूल जस्तै झरेर आएँ

बहरः मुशाकिल मक्बूज अश्लम
यसलाई जमील मुसम्मन सालिम बहर पनि भनिन्छ ।
(वजनः १२१२२ १२१२२ १२१२२ १२१२२ )

# मुक्तक



✍ **हरिभक्त सिग्देल 'महेश'**

१

म निदाएछु तिम्रो काखमा सानु राम सम्झिएर
सुखद् थियो त्यो क्षण लेख्छु म नाम सम्झिएर ।
माया-प्रेमको दुनियाँमा एकै छिनको उपस्थिति
मलाई लाख लाग्छ प्रिय हिंड्नै पर्छ काम सम्झिएर ॥

२

इच्छाहरूको डुङ्गा चढी मित्र हो सागर तर्न सकिँदैन
विषयको ज्ञान र आँट नभै कुनै काम गर्न सकिँदैन ।
अध्ययन र तपस्याले मात्र मान्छेहरू ठुला बन्दछन्
नातावाद कृपावादमा केही भएन भनी मर्न सकिँदैन ॥

३

घर जलाई आगो ताप्ने ज्ञानीहरूको लाममा हामी
कर्तव्यच्युत अधिकारीहरूको ठुलै धाममा हामी ।
लाज पचेका नेताहरू राष्ट्रद्रोही ठहरिएपछि के गर्ने ?
काम कर्तव्य योग्यताले हैन पैसाको खाममा हामी ॥

४

मिठो लाग्छ आमाको दुध त्यही पिएर हुर्कियौँ
सकेपछि सानोतिनो सहयोग नि दिएर हुर्कियौँ ।
अब गत्यावरोध न नेतृत्व ठिक, न समाज ठिक
हुनेले स्कच, नहुनेले चोरेको रक्सी पिएर हुर्कियौँ ॥

संस्मरण

# मेरा मानसपिता गोविन्द गजुरेल



**धनमाया राई**

'गोविन्द गजुरेल' अर्थात् सिन्धुलीका एक स्वनामधन्य शैक्षिक र साहित्यिक व्यक्तित्व ! भौतिक सम्बोधनमा मेरा ठुल्दाइ र भावनात्मक सम्बन्धमा मेरा 'मानसपिता गोविन्द गजुरेल' । हो, मेरो जीवनमा उहाँ पिताको रूपमा उदाउनुभयो, 'टेक्ने हाँगो न समाउने डालो'को अवस्थामा रहेकी मलाई आफू बाँचुन्जेल आफ्नो पितृवात्सल्यको बाक्लो छहारीको खोकिलामा लुकाएर घामपानीबाट ओताइदिरहनुभयो र अन्तमा मलाई टुहुरी बनाएर अस्ताउनुभयो । आज यतिबेला म उहाँलाई नै आँसुको अँजुलीले तर्पण अर्पण गर्न लागेकी छु ।

ठुल्दाइका बारेमा जहाँबाट लेख्न सुरु गरे पनि अगाडि धेरै कुराहरू छुटे जस्तो लाग्छ । मसँग उहाँका बारेमा वर्णन गर्न सक्ने सारगर्भित शब्दहरू त छैनन् तर उहाँको व्यक्तित्वले मेरो जीवनमा पारेको प्रभाव वर्णनातीत छ । उहाँ मेरा लागि दाजु मात्रै नभएर एक कुशल अभिभावक, असल शुभचिन्तक र मार्गदर्शक पनि हुनुहुन्थ्यो । यतिबेला उहाँको बारेमा लेख्न बस्दा मभित्र भावहरू शृङ्खलाबद्ध नभई विशृङ्खल र वेगवान् बनेर आइरहेका छन् ।

नाकाजोलीका जनार्दन कोइराला गाउँभरिका 'बा' । उहाँका सातओटी दिदीहरूमध्ये मेरा बाको बसाइ धेरैजसो माइलीदिदीको घर सिन्धुलीमा हुने गर्थ्यो । उनै माइली दिदीका जेठा छोरा हुनुहुन्थ्यो गोविन्द गजुरेल । उहाँ सबैका आदरणीय हेड सर । हाम्रा ठुल्दाइ, मेरा बाका अति प्यारा ठुला भान्जा । जन्मेदेखि नै मेरा बाका दन्त्यकथा सुन्दै यात्रा गर्ने मौका पाउनुभएको थियो रे ठुल्दाइले । हामीले त कहिलेकाहीं चाडबाडमा मात्रै बालाई देख्न र सुन्न पाउँथ्यौं ।

म छ कक्षामा पढ्दा पढ्दै मेरा बाको स्वर्गवास भयो । म टुहरी भएँ । पढाइलाई निरन्तरता दिने आँट थिएन तथापि दुःखसुख सात कक्षाको जिल्लास्तरीय परीक्षा उत्तीर्ण गरेँ । ठुल्दाजुको अनुकम्पाले उहाँहरूको घर सदरमुकाम गई कमला मा. वि. ढुङ्ग्रेबासमा पढाइलाई जारी राखेँ । छोरीलाई सानै उमेरमा विवाह गरिदिने चलन भए पनि मलाई आफ्नो सन्तानलाई जस्तै माया र हौसलाका साथै सही बाटोमा हिंड्न प्रेरणा दिइरहनुभएकाले आठ कक्षादेखि आईएसम्म पढ्ने मौका पाएँ ।

भर्खरै गाउँबाट झरेकोले मेरा लागि सबै कुरा नौला थिए । विद्यालय गयो, पढ्नमा भन्दा खेल्नमा बढी मन जाने गर्थ्यो । घण्टी सकिनासाथ चौरमा गएर गट्टा

खेल्न सुरु गरिहाल्थ्यौं । हेडसरको भिन्नै एकतले अफिस थियो । त्यहाँबाट हेडसर झर्नुभयो भनेपछि कमला हाई स्कुलको खेलमैदान शान्त हुन्थ्यो । सबै जना आआफ्नो कोठामा । घरमा पनि हामी ठुल्दाइको नजिक पर्दैनथ्यौं । सिक्न जाने त कुरै रहेन । खाना खानेबेला कहिलेकाहीं सँगै परिहालियो भने पनि कतै नहेरी फटाफट खाएर भागिन्थ्यो । हामी तीन जना महेश, सरोज र म सँग सँगै पढ्थ्यौं । ती भाइहरूलाई ठुल्दाइले 'सानीलाई पनि सहयोग गर है !' भन्नुभएको थियो । म पनि नजानेका कुरा भाइहरूसँग सिक्दैपढ्दै अघि बढिरहें ।

दाजुलाई टाउको धेरै दुख्ने गर्थ्यो । जाडोको समयमा अझ बढी दुख्ने । उहाँको जिउमा उनिएको बाक्लो ट्राउजर, टाउकोमा बाँधिएको फेटा र बर्कोले बिसन्चो भएको सहजै अन्दाज गर्न सकिन्थ्यो । खानेकुरा ज्यादै बार्नुहुन्थ्यो । चिल्लो, पिरो त पटक्कै खानुहुन्नथ्यो । सादा दालभात । तरकारीमा साग अति मन पर्थ्यो । खासमा जेठ असारमा म गाईभैंसी चराउन जाँदा अँधेरी खोलाको छेउछाउबाट कहिले निगुरो त कहिले जलुको खोजेर ल्याउँथें । खुवाइ खुब मिठो हुन्थ्यो उहाँको । आमा भान्से हुँदा कहिलेकाहीं नुन निकै कम हुन्थ्यो तर कहिल्यै नभन्ने । जति रुच्छ मिठो मानेर खाइदिनुहुन्थ्यो । हामीले खाएपछि बल्ल बिलिनु भएको थाहा हुन्थ्यो ।

वैशाखको महिना, बिहानको पढाइ, चर्को घाम, भोकले लखतरान भएर खाना खान बसेका हामी ।

"आमा  दालमा के हो, कालो छ त ?" दाजु बोल्नुभयो ।

"ए ! जिरा पड्काएको थिएँ ल्वाङ सँगै थियो पर्‍यो होला बाबू" आमा बोल्नुभयो ।

"खुट्टा पखेटा पनि छ नि ?"

"हो र ! झिँगा पर्‍यो होला, आँखा देख्दिनँ नखा न त, दुधसँग खाएस् ।" भनेर दिदीले दुध दिनुभयो । हेडसरकी आमा हाम्री फुपूदिदी । "सिधै झिँगा परेछ भनेको भए त भैहाल्थ्यो नि" दाँतबिना नै दिदी हाँसिदिनुभयो । दाजुको मुहारमा मन्द मुस्कान छुटेको थियो । उहाँको शैली देखेर हामी डराईडराई मनमनै हाँस्यौं ।

कहिलेकाहीं चिया लिएर जानुपर्थ्यो दाजुको कोठामा । बिस्तारै लगेर थपक्क राखिदिएर फर्किन्थें म । निकै समयपछि सम्झेर–

"आमा ! चिया खै त ?"

"सानीले ल्याइन र बाबू ?"

चिया टेबलमा सर्बत भइसकेको । उहाँ पठनपाठनमा यति ध्यानमग्न हुनुहुन्थ्यो कि, को आयो ? को गयो ? उहाँलाई पत्तो हुँदैनथ्यो । बिहानको पढाइमा त झन् उहाँले खाना खाने बेलामा एक बज्थ्यो । काम र संस्थाप्रति यति धेरै जिम्मेवारीबोध र आत्मीयता बिरलैमा पाइन्छ । त्यसैले त उहाँ 'हेडसर' को जिम्मेवारी छोडेको तीन दशकसम्म पनि सबैको 'हेडसर' नै भइरहनुभयो ।

“सानी ! ए सानी ! म सातबजे जानुपर्ने छ आज मिटिङमा, घडी हेर् त ।”

मेरा आँखा भित्तेघडीमा डुले । घडीका तीनओटै सुई आआफ्नै गतिमा यात्रारत थिए । मेरा लागि सबै सुई बराबर । बाह्रसम्मको अङ्कसँग मात्रै परिचित म । कति बजेको थियो, भन्न जान्दिन र चुपचाप हुन्छु म । दाजु भन्नुहुन्छ हाँसेर –

“लाटी ! सात बज्न दस मिनेट बाँकी होला सायद ! राम्रोसँग हेर् त ।”

“हजुर, दाजु ! हो रहेछ ।” म बाध्य भएर भन्छु । अनि ध्यानपूर्वक हेरेँ र खुट्याएँ । बाह्रमा पुग्न दुइटा अङ्क बाँकी हुँदा १० मिनेट बाँकी ! मनमनै हिसाब गरेँ । कहिल्यै घडी देखेको भए पो जान्नु र ? दस बजे फूल, घामको सियाँल हेरेर समय थाहा पाउने म । मनमनै सोच्छु । हरेक कुरा प्रयोग र अनुभवबाट मात्रै जानिने रहेछ । घडी हेर्न नजानेकोमा पछुताएँ । त्यसपछि नजानेर सुखै भएन ।

अङ्ग्रेजी, गणित, नेपाली जुनसुकै विषयमा पनि दक्ष हेडसर गणितको घण्टीमा पस्नुभयो । गणित भनेपछि आफूलाई नआउने । उहाँ जुनसुकै घण्टीमा जानुभए पनि मलाई उठाउनै पर्ने । आज नदेखेझैँ सानो भएर बसेकी थिएँ । उठाइहाल्नुभयो । धन्न ज्यामितिको साध्य भएकाले प्रमाणित गरेँ, बीजगणित भए...? मन एकनासले भट्ट्याइरह्यो । आज पनि भाग्यले बाँचेँ । साँच्चै मलाई घरमा फुर्सद हुन्न भन्ने जान्दाजान्दै पनि कक्षामा किन उठाइरहनुहुन्छ ? यतिका साथीहरू छन् नि ।

समय बित्दै गयो । म पनि शिक्षक भएँ । जब आफू यो पेसामा आएँ तबमात्रै बुझेँ, कुन विद्यार्थीलाई कसरी सुधार्नु पर्दोरहेछ भनेर ।

खाना पाकिसकेको थियो । छिमेकीलाई डायरिया भएछ रे ! औषधी छ कि ? भनेर सोध्न आए । हामी सबै बसिरहेका थियौँ । भाइ आभास गृहकार्य गर्न लागेका । सानी बहिनी 'एरू' तोतेबोलीमा नानीदिदी भन्दै मेरो काखमा खेलिरहेकी । भाउजूले औषधी दिएर छिमेकी गएपछि दाजुले “डायरियाको स्पेलिङ के हुने रहेछ ?” भनेर प्रश्न गर्नुभयो । भाउजूले पनि “त्यही त खै !” भन्दै सही थप्नुभयो । सबैले एक एकओटा स्पेलिङ भन्यौँ तर दाजुले डिक्सनेरीमा पत्ता लगाउने कुरा गर्नुभयो । एकैछिन सबैले खोज्यौँ । उहाँहरूले “हामी खाना खान जान्छौँ, तँ खोजिराख्” भन्नुभयो । म खोज्दै थिएँ, एकैछिन खोजेपछि पाएँ र बोकेर देखाउन गएँ । दाजुभाउजू हाँस्नुभयो “खानेबेलामा डायरिया लिएर आई” भनेर । म गद्गद थिएँ, आफूले स्पेलिङ पत्ता लगाएकामा तर उहाँहरूले मलाई शब्दकोशको प्रयोग गर्न सिकाउनुभएको रहेछ भन्ने पछि थाहा पाएँ । सिकारूलाई 'म सिक्दैछु' भन्ने थाहा नभईकन उत्प्रेरित गरेर सिकाउन सकिन्छ भन्ने यो मभित्र परेको अमिट छाप हो ।

साउनको झरी एकोहोरो दर्किरहेको थियो । भित्र उकुसमुकुस भएर तातो राप चलिरहेको थियो । रिजल्ट निस्किएको बिहानै हो, तर आफू के भएँ ? भन्ने सुन्न

नपाएकाले होला मनमा तिलजौ पाकेको थियो । सँगै पढ्ने भाइहरू एउटा प्रथम र अर्को द्वितीय श्रेणीमा उत्तीर्ण भएको खबर पाइसकेका थियौं दाङबाट सान्दाजु (ओम् गजुरेल) ले काठमाडौंमा हेर्न लगाएर तर, मेरो केही पत्तो लागेको थिएन । न नाम नअटेर हो कि भन्ने भान भएर हामी कुहिरोको कागजस्तै भएका थियौं ।

"तँ सेकेन्ड डिभिजनमा पास भइस्, लु भोज ख्वा त !" रातिको एघार बजे एकाएक बोल्नुभो ठुल्दाइ । नतमस्तक भएँ म । सोच्दै नसोचेको के-के भएजस्तै । खुसीले टोलाउन पुगेछु । एकैछिनपछि होसमा आएझैं ट्वाल्ल परें । "चिया पकाएर ले न । तँ पो पास मात्रै भइस् त, मैले त मेरो एउटा अधुरो सपना पूरा गरें । आज मेरो जेठामामाले दिनुभएको ठूलो जिम्मेवारी पूरा भयो ।" मोनालिसाको जस्तो मुस्कान फुलेको थियो उहाँको ओठमा भने पूर्णिमाको पूर्णचन्द्रझैं चम्किएको थियो मुहार । ठुल्दाजुको मुहारमा यति धेरै खुसी मैले नजिकैबाट देखेकै रहेनछु । भाउजू पनि खुसीले बिछट्टै मुस्कुराउनुभएको थियो । उहाँको फुलिरहेको मुस्कानमा देखें मैले मेरो उज्ज्वल भविष्यको सपना बुन्दै आँखा चिम्लेका मेरा बा र अहोरात्र ननिदाएर ढिकीजाँतो र पानी पँधेरीमा बिपना बुन्ने मेरी आमाको तस्बिर ।

"सानी ! बिहे गर्ने भइछस्, केटा के गर्छन् नि?" मुसुक्क हाँसेर सोध्नुभयो ।

"बी.एल. पढ्दै रे ।" छोटो जबाफ दिएँ मैले ।

"आईए पास गर्न लागिहालिस्, शिक्षण पेसा छँदै छ, उच्चशिक्षा पढ्नुपर्थ्यो । खैर, ठिकै छ । जीवनमा खान र लाउन पुग्नेगरी कमाउनुपर्छ । आफ्नो मेहेनतले एक असल मान्छे भएर समाजमा उदाहरणीय बन्न सक्नुपर्छ । बस्, अरू केही चाहिन्न । तिमीहरूले पनि त्यसै गर्ने छौ ।" भनेर चित्त बुझाउनुभयो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को कामले सिन्धुली आउनुहुँदा खुर्कोटमा झल्याकझुलुकबाहेक त्यति भेट र कुराकानी भएन दाइसँग । वि.सं. २०७२ सालको भूकम्पले थला परेको हाम्रो गाउँको विद्यालयको छानो एउटा संस्थामार्फत फेरिदिनुभएको थियो । उहाँलाई शैक्षिक मात्र नभएर सामाजिक व्यक्तित्वका रूपमा पनि चिनिन्छ ।

"दाजु ! मैले केही गजल लेखेकी छु, किताब निकाल्नुपर्‍यो ।" एकदिनको भेटमा मैले मुख फोरें ।

"पठाइदे न त, हेर्छु म पनि ।" अत्यन्तै उत्साहित भएर भन्नुभयो ।

हेरेर सुझाव दिनुभयो । मेरो पुस्तककै सिलसिलामा सिन्धुलीमा हाम्रो भेट भयो । 'मेरो किताबको नाम के राखौं होला दाजु ?'

"सानीसँग जोडेर राख्नुपर्छ ।" मैले सोचेको उत्तर दिनुभयो । म मनमनै दङ्दास भएँ । आठ कक्षामा पढ्न आउनासाथ 'धनमाया' भन्न अपठ्यारो भो, यसलाई सानी नै भनौं' भनेर राखिदिनुभएको नाम, मलाई साह्रै प्यारो लाग्छ आज पनि । पोखरा

निवासी साहित्यकार प्रकट पगेनी 'शिव' दाजुसँग पनि किताबको नामका बारेमा सल्लाह लिएँ र जुऱ्यो नाम 'सुस्केरामा सानी' । दाइलाई शुभकामना लेखिदिन आग्रह गरेँ । विमोचनको लागि निम्तो गरेँ । मेरो निम्तोलाई स्वीकार गरेर खुसीखुसी आइदिनुभयो र कार्यक्रम सकिनासाथ फर्किनुभयो । उहाँका चेला प्रमुख अतिथि र उहाँ विशिष्ट अतिथि । रोलक्रम खोजेर प्रमुख बन्न नपाउँदा कार्यक्रम बहिष्कार गर्नेहरूको भिडमा उहाँको शालीनताको खुल्ला मनले प्रशंसा गर्न मन लाग्छ ।

कोरोनाको कहरको बेला केही विद्यार्थी र नेपाली शिक्षक फोस्रेटार जानुपर्ने खबर आयो । हेडसर र राजु सर जाने हुनुभो ।

"सानी तँ पनि आइज है !"

"दाजु, सरहरू आउन लाग्नुभएको छ त !"

"साहित्यिक कार्यक्रम भएकाले तँ पनि आइज, छुट्टै निम्तो तँलाई !" आत्मीयता मिसिएको निम्तो मान्न म पनि गएँ । तीनदिने कथालेखन, कवितालेखन र चित्रलेखन गर्ने र कमलामाई नगरपालिकामा दसैं–तिहारको बिचमा भव्य शैक्षिक प्रदर्शनी गर्ने निर्णय भएको रहेछ । 'सामुदायिक रूपान्तरण नेपाल' का अध्यक्ष हुनुहुँदो रहेछ ठुल्दाइ । महासचिव देवकुमार सुनुवार र प्रशिक्षकको भूमिकामा साहित्यकार प्रमोद प्रधान र विजयराज आचार्य । प्रमोद प्रधान दाजु हुनुभयो र दुईजना भाइहरू पनि मेरा लागि आफ्नै माइती बने । तीनदिने बसाइमा राम्रा कथा तयार गरे विद्यार्थीहरूले । अब ती कथा छाप्ने जिम्मा प्रोल्लास सिन्धुलीय भाइको भयो ।

"मेडम ! हामी त तपाईँको ठाउँमा आयौँ ।" विजयराज आचार्यज्यूको म्यासेजले झसङ्ग बनायो । "अफसोस ! म त पत्थरीको अप्रेसन गरेर साँगामा पो छु त !"

"छिटो निको हुनुस्, शुभकामना !"

"धन्यवाद ।"

यिनै वार्तालापपछि सोचेँ, अब चाहिँ दाजु राम्रोसँग लाग्नुभयो है कर्मथलोको साहित्यिक उन्नयनमा । नभन्दै २०७८ को कथालेखन कार्यक्रमलाई निरन्तरता दिँदै यसपालिको दसैंतिहार बिदामा जसरी भए पनि शैक्षिक मेला गर्ने भनेर भाद्र एकदेखि तीन गतेसम्म सञ्चालित भएछ कार्यक्रम । मैले धेरै सम्झिरहेँ, आफू छुटेकोमा दुःख लाग्यो । दाजुलाई फोन गरेर आउन नपाएकोमा गुनासो गरेँ ।

'ठिकै छ, अहिले आराम गर्ने समय छ, आफ्नो ख्याल गर्नू । म सिन्धुली आइरहन्छु । अब यतै बस्छु र साहित्य सेवा गर्छु ।' उहाँको जबाफले म ढुक्क भएँ । ज्यादै हलुङ्गो भयो मेरो मन ।

अपरेसन र केही दिनको आरामपछि अलि सन्चो भएर विद्यालय गएँ । भाद्र २७ गते केही गाह्रो भएझैँ भयो र एकदिन रेस्ट गर्नुपऱ्यो भनेर घरमै बसेँ । त्यही दिन दाजु मेरो स्कुल जानुभएछ । बेलुकीपख फोटो देखेर छक्क परेँ । त्यहाँ पनि म छुटेँ ।

उहाँ आउनुहुने थाहा भएको भए म सकीनसकी स्कुल जाने थिएँ । किन समयले छल गरिरहेछ मसँग ? मनसँग प्रश्न गर्छु र मनले उत्तर दिन्छ । धैर्य गर् सानी !

त्यसभन्दा अगाडि आफ्नै संस्मरणको पुस्तक 'अनि हेडसर हिँडे' दिनका लागि दाजु मेरो घरमै आउनुभएको थियो र सँगै फोटो खिचेका थियौँ हतारहतारमा । उहाँसँगको त्यही भेट अन्तिम हुन पुग्यो ।

उहाँ जागिरे जीवनबाट विश्राम लिएपछि अनन्त ऊर्जाले परिपूर्ण एक साहित्यिक अगुवाका रूपमा पाएको थियो सिन्धुलीले उहाँलाई । त्यसैले, 'आगामी दिनमा उहाँ यो यात्रामा कहिल्यै थाक्नुहुन्न । उहाँसँग विभिन्न कार्यालयमा रहँदाका कामको, विभिन्न देशविदेश भ्रमणको, शिक्षक आन्दोलनको, विद्यार्थीका अभिभावकको, लामो ऐतिहासको अनुभव अनुभूतिहरूको महासागर छ र कुनै दिन त्यो साहित्यिक महासागरमा रूपान्तरित हुनेछ र हामी त्यो महासागरमा धीत मर्ने गरी डुबुल्की मार्न पाउनेछौँ । कलमको बिर्को खोल्न लागेका हामीलाई, कागज मिलाउँदै लेख्ने जमर्को गर्दै गरेका हामीलाई यो भन्दा खुसी यस सिद्धभूमिमा अरू के हुन सक्थ्यो र ?' भन्ने लागेर मक्ख थियौँ हामी ।

२०७९ असोज ३ गते अचानक फेसबुकको पर्खालमा "जीवनमा पहिलोपटक अस्पताल बसाइ" भन्ने स्टाटस आयो ठुल्दाइको । चस्स भयो मन । फोन गरिनँ । खासै केही भएको छैन होला । लर्तरो चोटले डग्ने मान्छे हुँदै हैन उहाँ, मनमनै यस्तो लाग्यो मलाई । निको भएपछि कुरा गरौँला । भेट्न त कसैलाई पनि अनुमति थिएन । आफैँले ताजा खबर सुनाउने भन्नुभएको थियो उहाँले ।

असोज ९ गते बिहानको खाना खाएर मोबाइल खोलेको मात्रै थिएँ, फ्रेमलाई मालाले बेरिएको उहाँको फोटो आयो 'हार्दिक श्रद्धाञ्जली' भनेर । मेरा नौनारी खिँचिए, जिउ भा...री... भयो, बसेको ठाउँ भासियो, आँखा धमिला भए । श्रद्धाञ्जलीले भरिएका फेसबुकका भित्ताहरूमा मलाई शब्द लेख्ने त के, हेर्न सक्ने सामर्थ्य पनि रहेन । म मौन भएँ, शून्य शून्य भएँ । अश्रुपूरित आँखाले हेरिरहें क्षितिजतिर त्यतिबेला । बा-आमा बिर्साउने एउटा मायालु काख थियो । आशाको धरोहर थियो । त्यो पनि ढल्यो ।

अक्सर सबैको भलाई चाहने र कसैको आँखामा आँसु देख्न नसक्नेले नै नेपथ्यबाट अरूलाई रुवाउँदा रहेछन् । मनको दियो आँखाको पानीले कहिल्यै निभाउन नसकोस् ।

अन्तमा, हेडसरको परत्र गमनले ममात्रै हैन पूरा सिन्धुबासी शोकमग्न र टुहुरो बनेको छ । सिन्धुलीका हरेक विद्यालयका बाल-बालिकामा साहित्यिक चेतना जगाउने र शैक्षिक मेला लगाउनेजस्ता उहाँका सपनालाई पूरा गर्ने जिम्मा अब उहाँलाई माया गर्ने सबैको काँधमा आएको छ । यो सपना पूरा गर्न सकेमात्र साँचो अर्थमा उहाँप्रति श्रद्धासुमन अर्पण हुनेछ !!! ■■

कविता

# नबदलिएको रैती

फेरियो बङ्गाको रङ्ग
दास जस्ताको तेस्तै
तिनको झुप्रो बन्यो महल
रैती उस्ताको उस्तै ।

एकछाक खाँदा खुसी हुने
बानी परेको मेरो
देखाए सपना भोलिको
भन्दै पेटभर्ला तेरो
कहिल्यै दिन आएन त्यो
छ हाल हाम्रो यस्तै
तिनको झुप्रो ...

दायाँबायाँ मोटाघाटा
उसकै आफन्त प्यारा
बस्दैछन् आँसु बगाई
बाल वृद्ध सारा
बाँडिचुडी भागबन्डा
माटो उनकै जस्तै
तिनको झुप्रो...



प्रमोद नेपाल

*काठमाडौं - ५*

## साहित्यिक पत्र-पत्रिकाहरू पढौं र पढाऔं

**साप्ताहिक साहित्यिक पत्रिका:** कपन बानेश्वर, **मासिक साहित्यिक पत्रिकाहरू:** अक्षय ज्ञान/ आलेख/उदय /उद्यान/कलश/गोलसिमल/गौरी/चम्पक/जनमत/भानु/मधुपर्क/ /रातो लालटिन/लहरा/शब्द संयोजन/शब्दाङ्कुर/शारदा/शाल्मली/शृङ्खला/ /सङ्गम अभियान /सुलेख/

**द्वैमासिक साहित्यिक पत्रिकाहरू:** अभिव्यक्ति/आरब्ध/कल्पतरु/कौशिकी/जमघट/ /तन्नेरी/दायित्व/रचना/वैजयन्ती /समीरण / सुदूर चिनारी / हिमाली गुराँस / हिमाली सौगात /

**त्रैमासिक साहित्यिक पत्रिकाहरू:** अन्तर्बोध/अन्तर्ध्वनि/अभिनवप्रभा/अक्षय अक्षर/अक्षर मार्ग/अक्षलोक/उदय मञ्जरी/कालीको सुसेली / चेतना सन्देश/ज्याग्दी खोलाको तरङ्ग/दोभान/नव प्रज्ञापन/नव माधुरी/नारी स्वर/महामण्डल/रजस्थल /रूयायन / लहरा/लोकभावना/वनिता/शिवपुरी सन्देश/सगुन/समुदाय र सृजना/हाम्रो पुरूषार्थ हाम्रो मातृभूमि/हाम्रो सिर्जना/हिमाद्री

**मातृभाषामा प्रकाशित साहित्यिक पत्रिकाहरू:** गुगुल्डि (डोट्याली) / लाजा डग्गर (थारू) / माटी (भोजपुरी) /आङन (मैथिली) / इक लिब्जु-भुम्जु (बाम्बुले राई) / बुङ्वाखा (वान्तवा राई) / सितिमी (चाम्लिङ राई)/ थौकन्हे, कुँध्वाखा, नःली, थायभू (नेपालभाषा) / बिम्लिक (मगर ढुट) / तान्छोप्पा, नुमाफुङ, लुडा, फत्ताङ्लुङ (लिम्बू) /तामाङ दाजाङ (तामाङ) / हाम्सो, चुप्लु (सुनुवार)

# पिता

## ✍ कृषा कार्की

पिता हुन् मेरा लागि सबै भगवान्
ठुलो भएपछि बढाउँछु म हजुरको मान र सम्मान ।

कति दु:ख सह्यौं बुबा तिमीले मलाई हुर्काउन
सबै कुरा गर्छु बुबा म हजुरको ओठमा मुस्कान ल्याउन ।

ल्याएर दियौ तिमीले मलाई बुबा सारा संसारको खुसी
मैले बुबा भन्दा कति हुन्थ्यौ तिमी खुसी ।

मेरो लागि तिमी काम गर्थ्यौ घाममा
मलाई तिमीभन्दा बढी गर्ने कोही छैन यो संसारमा

म बाँचुन्जेल राख्दिन बुबा तिमीलाई पिरमा
मेरो त भगवान् हौ बुबा तिमी सजाउँछु शिरमा - २

पहिला भन्दा नि तिम्रो माया बढ्दै गएको छ
मेरो कलमले आजको यो कविता यहीं अन्त्य गर्दछ ।

*- सुसंस्कार एकेडेमी, नयाँ बस्ती ।*

# टुक्का कविता



## ✍ हन्नाह क्षेत्री

१.

आमाको माया र आशिष् पाई संसार छुन्छन्
जगत् र सन्तानमा अपार ममता बुन्छन् ।

२.

आमा संसारकै धनी मूल्यवान् वरदान
दयाको सागर आमा गरौं मान सम्मान ।

*दार्जिलिङ ।*

# हारजित

✍ **प्रशंसा थापा**

जीवनको यात्रामा अघि बढ्नू सधैं
मेहनत गरेर राम्रो परिणामको फल पाउनू
खेलखेलमा जीवनको लीला बुझ्नू
हारजितमा हाँसो र आँसुको मिलन गराउनू

हारको बेला पाइला कहिलेपछि नसार्नू
जितको बेला आफ्ना केही घमण्ड नगर्नू
आँसु र हाँसो नै जीवन सम्झिनू
सङ्घर्ष गरेर सबैको मन जित्नू

सपना बोकेर हिंड बाटोमा बाधा भेटिए टार
हारको कथा सम्झिनू, जितको गीत गुन्गुनाउनु निरन्तर
जीवनको खेलमा हारजित दुवै हो रङ्ग
हारले बलियो बनाए जित हुन्छ सुनको चङ्ग

हारेको बेला नयाँ मौका खोज्नू
जितको बेला आफ्नो लक्ष्य रोज्नू
हारजित एक मैदानको खेल मात्र हो
आत्मविश्वास हुनु त एक हतियार हो ।

*- सेलिब्रेसन को-एड*

धूमपानले लिन्छ ज्यान
सबैलाई होस् ज्ञान !

कविता

छन्द –अनुष्टुप्

# तरङ्गहरू



✍ **खोलाघरे साहिँलो**

मच्चिनैसम्म मच्चिन्छन् थच्चिन्छन् अनि सत्वर
सेतो बादल थर्किन्छ, पानी झार्दैन झर्झर ।

हान्ला चट्याङ नै जस्तो छेकछन्द भए पनि
बिलाएर उसै जाने बिजुली हुन्न मानिनी ।

उम्लिने स्वत्व बिर्सेर हो हो रेमा उसै किन ?
असिनाले सधैं धर्ती किन सक्थ्यो र छेलिन ।

नीति नियममा चल्छन् धर्तीका सिर्जना सबै
हावामा बोट उम्रेको देखिँदैन कहीं कतै ।

एकै बल्ड्याङ लड्नाले लाटाले चेत्छ राम्ररी
बाठो चैं उत्तिकै चेत्छ तीन बल्ड्याङमा हरि !

नेटको जेटले ल्यायो अनेक सुविधा, प्रथा
अनौठा अहिले लाग्छन् हुलाकी युगका कथा ।


पाखण्ड लुक्न सक्दो हो पाखण्डीका जुनीभर
खुल्नेछ पछि, दृष्टान्त कोत, भण्डारखाल छ ।

आफैं ठेगान लाग्नेछन् जो छन् दङ्ग्याउने अघि
मध्याह्नपछि थाकेका झ्याम्किरीका कथासरि ।

www.kalpatarupub.com.np
मा 'कल्पतरु' संसारभर पढ्न सकिन्छ ।

कविता

# जुत्ता नम्बर १



**जीवन आचार्य**

मेरो दिमाग मैले जसरी मलाई सोच्दैन
मन सिमली भुवा जस्तो छ
जसरी सोच्दछ पानीले
आफैँ छेउको बगरलाई
मैले मलाई त्यसरी सोचैं
सोचेजस्तो भेटिए आहा हुन्छ जिन्दगी
कोपिलाहरूलाई फक्रने चाहा हुन्छ
जब छुट्नुपर्छ चुँडिएर स्वार्थमा कसैको
जिन्दगी के रहेछ त्यतिखेर थाहा हुन्छ
मैले सोचैं– साइजका हुन्छन् जुत्ता
खुट्टा भने मौनतामा हरायो
कतै पुग्यो कुन दुनियाँमा
त्यसै बखत जुत्ताले भन्यो–
काँडाले प्रेम गरेपछि चाल पाउलास्
साइजका भेटिँदैनन् जुत्ता
कि खुट्टा हुँदैनन् साइजका
अचेल फेसन चलेको छ विपरीत लगाउने
विश्वस्त हुन सकिरहेको छैन
एकदिन त्यो मापन भेटिन्छ भन्ने कुरामा
अनेक प्रकारमध्ये एक
आकार अनेक प्रकारका
एकअर्कामा मिल्दैनन् कुनै पनि हालतमा
नथाकून् पनि किन
थाक्न पाउँदैनन् भनी
कतै लेखेको छैन
यी आँखा,
यी कान,
खाली पैताला

*– बागमती ११ कर्मैया, सर्लाही ।*

# आकाशको जून



**माणिरत्न शाक्य**

आकाशको जूनजस्तै तिमी हाँसिदिन्थ्यौ
रिसाएर खुसी हुँदै मुटु साटिदिन्थ्यौ
आकाशको जून....

टाढाबाट हेरी हेरी मुटु मेरो चोर्थ्यौ
नजिक गई छेउ पर्दा काँडा बनी कोर्थ्यौ
मायाको गीत सधैँभरि गुनगुनाई दिन्थ्यौ
जुनेली रातमा लुकी लुकी मलाई भेटिदिन्थ्यौ
आकाशको जून....

छालसँगै छछल्किदै हामी कराई दिन्थ्यौ
क्षितिजको कुहिरोभित्र हामी हराई दिन्थ्यौ
आकाशको जून जस्तै तिमी हाँसी दिन्थ्यौ
रिसाएर खुशी हुँदै मुटु गाँसी दिन्थ्यौ
आकाशको जून....

# मुक्तक



**शारदा देवकोटा**

१

हरेक क्षेत्रमा झुक्न नजानेको शिर, आफन्तका सामु झुकाउनु पर्छ
गाँठो पारेर मनमुटु, आँसुहरू आँखाका, आँखाभित्र नै सुकाउनु पर्छ
अन्जान मान्छेलाई पनि आफ्नो ठानी, जिम्मेवारी वहन गर्दागर्दै,
आफ्नै घरभित्र बुहारीले किन, पैतालाको आवाज पनि लुकाउनु पर्छ ।

२

सुखैसुख त भन्दिन म, मायाले जीवन सजाई दिउँला
खुसीमा मात्र होइन तिम्रो, दुःखमा पनि रमाई दिउँला
मुटुमा मायाको दरबार, बनाएर शासन चलाउँछौ भने,
मेरो साम्राज्यको प्रमुख, मात्र तिमीलाई बनाई दिउँला ।

३

हिराझैं महँगो कहिले, कहिले फलामझैं सस्तो लाग्छ
सम्झिएर ल्याउँदा जिन्दगी नि, खै कस्तो कस्तो लाग्छ
जति धेरै बुझ्ने चेष्टा राख्यो, उति झन् कठिन हुँदै जाने,
सुख के हो दुःख के हो, मन नै पो हो कि जस्तो लाग्छ ।

४

तिम्रो लागि फक्रिएको फूल, अर्कैको पोल्टामा झरिसक्यो
यो मनले त्यो मनमा नपाएपछि ठाउँ, बसाइँ अन्तै सरिसक्यो
कैयौं वर्षपछि उपहारमा आज, रातो गुलाफ पो पठाएछौ,
विलम्ब भो, यो मनमा भएको, माया तिम्रो सबै मरिसक्यो ।

*- गोरखा ।*

पुस्तक–पत्रिका मागेर होइन किनेर पढौं ।
लेखक–सम्पादकहरूको मिहिनेतको कदर गरौं ॥


संस्मरण

# भक्तबहादुर नेपालीका विषयमा सोच्दा



**चूडामणि रेग्मी**

भक्तबहादुर नेपालीसँग सायद मेरो २०४६ साल पछि नै भएको हो । परिचय गराउने मान्छे कवि जनकप्रसाद हुमागाईँ हुन् । परिचय आदानप्रदानमा बडो सोख थियो, बरा हुमागाईँलाई ! हुमागाईँले धेरैसँग मेरो परिचय गराएका छन् । तीमध्ये घनिष्ट भएका छन्- भक्तबहादुर नेपाली । उनको र मेरो घनिष्टता हुनमा एक अर्काको एक अर्कोमा सरल प्रवृत्ति नै मुख्य थियो भन्ने मेरो अड्कल रहेको छ । म अहिले जति स्पष्ट भन्न सक्छु, "भक्तबहादुर । उनी सरल छन् त गम्भीर पनि छन् ।" मभन्दा धेरै असल रहेछन् उनी । उनका अगाडि मैले स्वीकार गर्नुपर्छ म मेरो केही मित्रहरूका अगाडि निकै सोझो-सज्जन (त्यसो त कतिपयका लागि खराब पनि) तर उनका अगाडि म आफैँ भन्छु, "उनीभन्दा म निकै बाङ्गो" तर अझ पनि म मान्दछु, "म दुष्टचाहिँ कदापि होइन (वास्तवमा नजानिँदो झमेलामा छु म ।)"



**भक्तबहादुर नेपाली**

यो भूमिका आवश्यक थियो । र, लेख्दै छु । मैले धेरै दिनदेखि भक्तबहादुर नेपालीका विषयमा लेख्न सकिनँ (लेख्न चाहेर लेख्न नसकेका अरू लेखक पनि छन्) । मजस्ता काँचा लेखक समालोचकले लेख्न सक्दैनन् पनि । म उनीभन्दा धेरै पाको लेखक भए त के भयो ? म क्याम्पसमा पठाउँछु त के भयो ? म सम्पादक र समालोचक छु त के भयो ? भक्तबहादुर वास्तवमा भक्तबहादुर हुन् । उनी कुनै महान् होइनन् त के भयो ? म त उनलाई (अमहान् महान्) मान्दछु । उनको माइतीघरस्थित कार्यालयमा उनका अघि स्वनामधन्यहरूको उपस्थिति हुन्छ त के भयो ? उनी दाता हुन्- 'कर्ण' तर उनलाई कर्णत्वको सुदृष्टिले कतिले हेरेका छन् । म भन्न सक्तिन । मेरो नाममा एक हजारको ड्राफ्ट आयो, छक्क परेपछि हेरेँ त्यो झापाको आँधीबेरी पीडितलाई सहयोग पठाएको रहेछ, यौटा नेपाली भएर, अझ नेपालीका सुख-दुःखको सहभागी भएर । कसैले यसलाई महत्त्वपूर्ण समाचार मानेन । यो रकम स्थानीय

जि.प्र. कार्यालयले कहाँ कसरी खर्च गऱ्यो ? रकम पुऱ्याउने मलाई थाहा छैन । यस्ता दाता भक्तबहादुर !

सायद मैले ठट्टामा किचकिच गरेँ फोनबाट यथार्थ कुराका आर्थिक छटपटीमा । विज्ञापनको बहाना गरी एक हजारको अर्को ड्राफ्ट पठाए यी मित्रले मलाई ।

मलाई जब कुरा पुरेन, तब फुरेन तर अहिले रिल घुमेको छ, भक्तबहादुरबारे लेख्न । उनी काठमाडौँका, म झापाको । यी लगभग छ वर्षभित्रमा कति नै कुरा र काम भए होलान् र तर धेरै भए भन्ने लाग्छ मलाई । सँगै डुल्यौँ– बुढानीलकण्ठ गयौँ कीर्तिपुरस्थित मोराशको (मोहनराज शर्मा) आवासमा । कैयौँ गफ गऱ्यौँ । कहिले त डुल्न जाँदा पाठ्यपुस्तक पसलभित्र अनि मैले किताब छानेर किनाएँ पनि यस्तै-यस्तै ।

काठमाडौँको रा.स.स.को कार्यालय छेउमा स्थित कृषि भवनमा 'भूपि जयन्ती' मनाइँदै रहेछ 'क खतरा' मान्ने भूपिका प्रशंसकहरू थिए जगदीश रामेश्वर जस्ता नेपालमा प्रगतिशील साहित्यको उछित्तो खन्न तम्सनेहरू । म पनि भित्रभित्रै आक्रोशित भएँ र एक प्रस्ताव गरेँ, "आज जीवित श्यामप्रसादलाई कोट हालिदिने ।" रू. ६ सय उठायौँ चार जनाले जसमा म, कृष्णप्रसाद पराजुली, गङ्गाप्रसाद उप्रेतीका साथै भक्तबहादुर नेपाली पनि एक हिस्सेदार भए ।

यस्ता सहयोग र साथीभाइलाई चिया खुवाउने र सत्कार गर्ने लेखकका पुस्तक बेचिदिने जस्ता कार्य गर्ने लेखापरीक्षक तथा अधिवक्ता भक्तबहादुर अग्रणी छन्– बराबर देखेको र सुनेको छु । भक्तबहादुरले महानन्द पुरस्कार समारोहमा झापा आएका बेला मेरो घरमा एक छाक भात खाए होलान् र यति लामो समयभित्र मेरातर्फबाट एक दुई कप चिया खाए होलान् तर भक्तबहादुरको सधैँ खर्च गराउने मान्छेका सूचीमा म पनि एक हुँ र पनि सद्भावनायुक्त मित्रलाई म हलुङ्ग्याउन चाहन्न– उनको नोक्सान नहोस्, उनी नघटून्, उनको हार्दिकता कायम रहोस्, म चाहन्छु । उनको उदारता सधैँ रहोस्, "चिया नखाई उनको उदारता कहाँ हेर्न पाउँछु र ?"

अघि माथि नै भने गम्भीर छन् भक्तबहादुर तर भक्तबहादुर मिथ्या घमण्डमा समय गुजार्दैनन् । उनलाई बिज्दछ, उनी साहित्यमा लेख्दछन् । अभिव्यक्तिमा त्यसको सदुपयोग गर्छन् । महाकवि देवकोटा र हरिभक्त कटुवालजस्ता कविहरूका प्रसिद्ध रचनामा मात्र रहुसिने प्रवृत्ति भएकाहरू भक्तबहादुरका गद्यमा खोष्टा पाउँदा हुन् । म पाउँछु भक्तबहादुरीय प्रवाहमयता । हो, उनका कविता कथा र उपन्यासहरूले म चकित अवश्य छु– तर उका दुईओटा निबन्धका सङ्ग्रह पुस्तक स्मृतिका पानाहरू र चेतबाबा काँसी (२०५३) पढेर त्यहाँको सरल र प्रवाहमय गद्यमा भक्तबहादुरीया भावनाको आफ्नै विशेषता पाउँछु ।

भक्तबहादुरले एउटा ठुलो गल्ती गरे । उनले आफ्ना पुस्तक छपाउँदा व्याकरण

जान्नेबाट प्रचलित नियमानुसार गर्नुपर्ने कुरामा ध्यान पुऱ्याएनन् । केही अरू पनि सामान्य प्राविधिक गल्ती भए । यिनै सामान्य त्रुटिबाट एक विशिष्ट शैलीको प्रगतिवादी लेखकले पाउने 'अधिकारपूर्ण चर्चा' पाएका छैनन् । पाउने क्षेत्रका पनि उनका छेउछाउमा धेरै पटक घुम्छन् र केही नपाउने झैँ गरी मौन हुन्छन् ।

मलाई सम्झना छ, यो देशको प्रवृत्ति कस्तो छ ? कुनै बेला शब्द रचना र वर्णविन्यास नामक पुस्तक त्रि.वि.वि. का पाठ्यक्रममा रखाउन मैले निकै ठुलो माथापच्ची गर्नुपऱ्यो, तर आज नेपालका कमाउ पुस्तकमध्ये एक भएर विभिन्न संस्करणमा यो पुस्तक सम्पूर्ण शिक्षामा हाउ भएर विराजमान भएको छ । यही देश हो, जहाँ कुनै बेला मदनमणि दीक्षितको चर्चा बढाउन मैले एकाध जिम्मेवार ठाउँमा कुरा गर्दा मुख बाङ्गिएका थिए, आज उपकुलपति मदनमणि दीक्षितलाई आरती उतार्नेको ओइरो लागेको छ । कुनै बेला... भइगो छाडौँ अरू गन्थन ।

भक्तबहादुर वरिपरि जुन घेरा छ, त्यो निष्पक्ष छ । यो विचार गर्दा रमाइलो लाग्छ । के निष्पक्ष छ कि मनोवैज्ञानिक रूपमा विचार्दा । तथ्यमा गहिरिन असमर्थ छ ? साहित्यको "श्यन्ता" जान्न सक्ने भन्दा 'शक्तिको स्रोत' छाम्न सक्ने क्षमता हाम्रा देशका सबै क्षेत्रका मनिषीहरूमा भएको पाउँछ म । हाम्रो देश विचित्रको छ, "भक्तबहादुरज्यू ! तपाईँ सानो पदबाट उठेर, प्राविधिकजस्तो यो हिसाब जाँच्ने, कागज लेख्ने काम गरी कमाएर गुजारा गर्नेलाई 'नैतिकता' र 'उदात्त कार्य' को महत्त्व छ, आदर्श लेखनको महत्त्व छ, तर तपाईँले देख्नुभएको छ ।" हाम्रो देशका 'महावीरहरू' निर्लज्ज नाङ्गा भएका छन् । भव्य भवन निर्माणका लागि र कारमा कुद्नका लागि, आफ्नो स्वर्गमय इतिहास ढुट्टो बनाएका छन् ।

'हो तपाईँ भक्कानिनुहुन्छ– यथार्थमा हिंड्नुहोस्, भक्तबहादुरजी ! अनि बढी आदर्शको पेट्रोल थप्नुहुन्छ, तपाईँ आफ्नो मरनच्याँसे मोटरसाइकलमा हो भक्तबहादुर तपाईंलाई एउटा चूडामणि भन्ने पूर्वको मान्छे राम्रै भेटेँ, साथी नै भेटे भन्ने भ्रम थियो, म त भन्छु, "यो भ्रम पनि हटाउनोस् ।" (हटाएको भए, राम्रो गर्नुभयो) तपाईँका लेखनमा राम्रो विवेचना यहाँ हुन्न । यहाँ एक प्रकारको (शास्त्रीयताको व्यापक 'हाउ' छ । यहाँको संस्कृति नै 'सामन्तीको हाउ'ले घ्वाप्लाक छोएिको छ । यहाँको 'गति' 'दुर्गपित' छ । यहाँ दुर्से गाई पनि कन्याए पछि खुट्टो उचाल्छन् । के भन्ने ?

हो, भक्तबहादुर ! खुरू खुरू लेख्नोस् ।, खुसुक्क छाप्नोस । आफ्नो पसिनाको सदुपयोग गर्नुहोस् । हामीजस्ता चेपारे, मुखले हँ हँ भन्नेहरूबाट परै रहेर आफ्ना भक्काना पनि अभिव्यक्त गर्नोस्– पढे पो जान्लान् र तिनले तर, यौटा निश्चित नियमको व्याकरणमा चाहिँ पुस्तक छापिनुपर्छ है । ■■

*– चन्द्रगढी, झापा ।*

कविता

# पुनर्जन्म



✍ **दीपक लोहनी**

बिच सडकमा तिमीलाई भेटेपछि म
अल्मलिएँ ।
हेर्छु,
उही पुरानो सडकजस्तै जिन्दगी ।
उही हल्लिएका ल्यामपोस्टहरूभैँ
भविष्य ।
जेब्राक्रस जसरी खुइलिएका
सपनाहरू ।
भोजमा छर्किएका अत्तरका सुगन्धले
भरिएको मङ्गल ।
अनि,
अनमेल गाडीहरूभैँ बिहेको जन्ती ।
देख्छु,
आकाश सल्किएको काला धुवाँहरू ।
कम्पाराका छिया छिया ध्वनिहरू ।
उही, गति फेल ब्रेक ।
र,
भग्नावशेषको प्रगतिलाई
लखेटिरहेको उत्तरआधुनिकताको
महाप्रलय ।
ठिक,
ट्राफिक पोलमा उभिएर
सिठ्ठी फुक्दै
जब, कोमल औँलाहरूले डाक्यौ मेरो
अर्धचेतन मनलाई
तिमी मान वा नमान
हो यहीँ,
राधाकृष्णको एक क्षणभंगुर प्रेमले
पुनर्जन्म लिएको छ ।

*- कुरिलो घर, काठमाडौँ ।*

# टुक्का कविता



✍ **ताराप्रसाद चापागाईं**

१.

आफ्नो मात्र हैन विश्व रक्षाको कामना गरौँ
रक्षा बन्धन संस्कृति मनाउँदै खुसी भरौँ ।

२.

बाढी पहिरो छ कतै सुख्खा भएका छन् फाँटहरू
सुनिदेउ पुकार प्रकृति दुःख नदेउ न अरु ।

*धुनिबेसी, धादिङ ।*

लघुकथा

# सुइँको

✍ **स्नेहा अधिकारी**



"बिचरा ! अठारै वर्षको लाऊँ लाऊँ खाऊँ खाऊँको उमेरमै संसार छोड्नुपऱ्यो । त्यसरी बाघले आक्रमण गरेर मार्दा कति तड्पिनुपऱ्यो होला ?" मुनाको लास नजिकै बसेर एकजना वृद्धाले भनिन् ।

"त्यो नरभक्षी बाघलाई पनि त्यत्तिकै छोड्नुहुँदैन । मान्छे मार्न पल्केपछि त त्यसले उधुम पो मच्चाउँछ त ।" ती वृद्धाको कुरामा सही ठान्दै अर्की महिला बोलिन् ।

"बाघलाई खोजीखोजी मार्नुका सट्टामा अहिलेको एक्काइसौँ शताब्दीमा पनि हामी छाउगोठमा बस्न हाम्रा छोरीबुहारीलाई बाध्य नपारौँ न । परिवर्तन कागजका पानामा होइन, व्यवहारमा ल्याउनुपर्छ क्या !" कमलाले ती महिलाको कुरामा अलिकति आपत्ति जनाइन् । उनका कुरामा सबैको ध्यान खिचियो । सबैले उनका कुरालाई समर्थन जनाएजस्तो गरे । एकछिन सबैजना 'तैँ चुप मै चुप' भएर बसे । त्यहाँ सन्नाटा छायो ।

'तिम्रा कुरा नि ठिकै हुन् कमला तर अहिले चाहिं त्यो बाघलाई तह लगाउने उपाय पनि सोचौँ न ।' त्यहाँको सन्नाटालाई चिर्दै मखमलीले भनिन् । उनले यति भन्नासाथ सबैले हो मा हो भन्ने लय मिलाए ।

"कठै गाउँलेहरू ! मलाई बाघले नभएर ठुलो बाघको संरक्षणमा रहेको मान्छेले टोकेर मारेको कुराको सुइँको नपाएर यस्तो भनेका होलान् ।" मुनाको आत्मा गाउँलेका सोझोपनमाथि सहानुभूति देखाउँदै थियो ।

*- ट्रिनिटी इन्टरनेसनल कलेज, डिल्लीबजार, काठमाडौँ, कक्षा ११ ।*


**लेखकहरूमा अनुरोध**

विगत २२ वर्षदेखि प्रकाशन हुँदै आइरहेको यस पत्रिकाका लागि कथा, कविता, मुक्तक, गजल, निबन्ध, समालोचनालगायतका साहित्यिक रचना प्रकाशनार्थ पठाइदिनुहुन लेखकज्यूहरूसमक्ष सविनय अनुरोध गर्दछौँ ।

आफ्ना रचनासँगै तस्बिर अनिवार्य पठाउनुहोला ।

Email : navarajpudasaini@gmail.com

कविता

# प्रिय जेन्जीहरू !



✍ अरुणकुमार भुजेल

झर्खरै त
भान भएको छ
नवयुगको सुरुआत भएको छ
तर प्रिय जेन्जीहरू !
गर्न बाँकी छ प्रमुख कुरा
देशको मुहार
हँसाउनु छ
देशको मुहार
हँसाउनु भनेको
राष्ट्रको माटो
मुस्कुराउनु हो
साँधसिमाना मुस्कुराउनु हो
खोलानाला
झरना
अनि पाखापखेरो
र भिर मुस्कुराउनु हो
यी सबै मुस्कुराउनु भनेको
नागरिक खुसी हुनु हो
खुसी नागरिक
र मुस्कानसहितको देश
आजको आवश्यकता हो
यसैले प्रिय जेन्जीहरू !
तिमीहरूले
अहिले नै बिसाउनु हुँदैन

तिमीहरूको काँधमा
ठुलो जिम्मेवारी आएको छ
सर्वप्रथम विधिको शासन
कायम गराउनु छ
पीडित जनताको
मन जित्नु छ
भुइँ मान्छेको मस्तिष्कबाट
डरत्रासको भावना
हटाउनु छ
त्यसको निम्ति
आजसम्मका
गैरजिम्मेवारी
घुसखोरी
भ्रष्टाचारी
बलात्कारीसँगै
विभिन्न क्षेत्रका
माफियाहरूलाई
कानुनको दायराभित्र ल्याउनु छ
अपराधबमोजिमको
दण्ड दिनु छ
यसैले
प्रिय जेन्जीहरू !
तिमीहरू
अहिले नै बिसाउनु हुँदैन ।

आन्दोलनको क्रममा भएका
घुसपैठसम्बन्धी जानकारीहरू
जुटाउन बाँकी नै छ
ध्वंस भएका धरोहरहरूको
पुनःनिर्माण कार्य
सुरु गर्न बाँकी नै छ
पीडितहरूलाई न्याय
पीडकहरूलाई सजाय दिएर
जनविश्वास
जित्न बाँकी नै छ
जेन्जीहरूले जे गरे
राम्रो गरे
अझ राम्रो गर्दै जाने छन्
भन्ने प्रमाण
देश र जनतामा मात्र नभएर
विश्वसामु राख्न बाँकी नै छ
यसैले,
आफू आफूमा बाझाबाझ नगरी
संयमित भएर सबैसँग
परामर्श गर्दै
अघि बढ्नु छ
यात्रा रोकिनु हुँदैन
अहिले नै
थाकेर बिसाउनु हुँदैन
प्रिय जेन्जीहरू !
आहिले नै तिमीहरूले
विश्राम लिनु हुँदैन !!


*- गोरुबथान, दार्जिलिङ ।*

कृतिसमीक्षा

# 'समयले जुटाएको चिटचिट'भित्र रुमलिँदा



अरुणबहादुर खत्री 'नदी'




साहित्यकार वियोगी बुढाथोकीको समयले जुटाएको चिटचिट नामक नियात्रा सङ्ग्रह अठारौँ कृतिको रूपमा २०८२ सालमा प्रकाशित भएको छ । यो सङ्ग्रह उनको नियात्रातर्फको पाँचौँ कृति हो । यसभित्र उनले 'लेखेका वाह बकिङ्घम प्यालेस !', 'अद्भुत राक्षसको खोजी', 'ओटु ग्रीनबिचको साँझ', 'पुगियो ऐतिहासिक स्थल'लगायत विभिन्न शीर्षकका उन्नाइसओटा नियात्राहरू राखिएका छन् । यस सङ्ग्रहभित्रको 'वाह बकिङ्घम प्यालेस !' शीर्षकको पहिलो नियात्रामा *'जोकसैले पनि नियम, कानुन मान्नुपर्ने देश हो बेलायत । हामीलाई दिएको समय २ बजे थियो । हामी आफ्नै कारणले ढिला भएका थियौँ । तथापि अन्तिम समूहलाई भेट्न सकेका कारणमात्र सोही चालिस जनाको जमातमा हामी पनि मिसिन पायौँ अर्थात् अटायौँ'* भनेर वियोगीले लेखेका छन् ।

'ओटु ग्रीनबिचको साँझ' शीर्षकको नियात्रामा *'विदेशमा जन्मिएर हुर्केका हाम्रा सन्तानहरूले पनि त्यहीको वातावरण देखे । त्यहीको संस्कार र संस्कृतिको थालना गर्नुपर्ने अवस्थामा पुग्नु स्वाभाविकै हो । सोको स्वप्नद्रष्टा हुँदै गएका छौँ'* भनेर लेखिएको छ । यात्रा साहित्य विश्वसाहित्यमै लोकप्रिय विधाको रूपमा मानिन थालिएको छ । सभ्यता र संस्कृति जीवन र जगत्‌को अनुभव र अनुभूतिका कारण नियात्राका पाठक बढेका छन् । नियात्रा आजकल प्रभावकारी बन्दै गएको छ । यही कारण अन्य विधामा हात हालेका स्थापित लेखकहरू पनि यस विधाप्रति आकर्षित भइरहेका छन् ।

'पुगियो ऐतिहासिक स्थल' शीर्षकको नियात्रामा *'बेलायतको यात्रा त्यति सहज छैन । आफ्ना मानिस छन् भने असहज पनि छैन । भएर मात्र पनि भएन,*

*भरपुर मायाले भरिएको मन हुनुपर्‍यो । जसका कारण त्यहाँ पुगेपछि घुम्नै पर्ने स्थानमा घुमिएन र पुगिएन भने बेलायतलाई नजिकबाट चिन्दा पनि चिनिँदैन । त्यसैले बेलायतको यात्रामा लाग्दा त्यताका आफन्तहरूको साथसहयोग चाहिन्छ'* भनेर लेखिएका छन् ।

यात्रा साहित्यको यो उत्कृष्ट कृति सबै पाठकले पढ्नै पर्छ । यसमा लेखकका अनुभूति आफ्नै स्वाद छ । नियात्रामार्फत आफ्ना निजी भावना जताततै छरेका छन् । उनको लेखनशैली स्वतन्त्र छ । उनका यात्राहरू रोचक र रसिला छन् । यात्राहरू पेचिला र पुष्टकारी प्रतीत छन् । समग्र रूपमा भन्नुपर्दा यस कृतिले नेपाली साहित्यमा महनीय स्थान लिएको छ ।

'झलमल्ल परिवेशमा अलमल्ल' शीर्षकको नियात्रामा *'न्यानो लाग्छ मलाई हाम्रो सनातन धर्म । आर्यहरूमा आदिम कालदेखि चलिआएको मानवधर्म जो उदार र स्वतन्त्र पनि छ । बाध्यता र बाध्यकारी निकाय हाम्रो धर्ममा छैन । जतासुकै, जहाँसुकै देवताले बास गरेको भेट्छु* भनेर लेखिएको छ । *'आफूले ४२ वर्ष चिकित्साशास्त्रका विद्यार्थीहरूको भर्ना लिइएको थियो, परीक्षा सञ्चालक बनेर । निरीक्षक भएर समयमै प्रश्नपत्र बाँडिएको थियो । समयमै उत्तरपुस्तिका खोसिएकाले समय बुझेका कारण सोचिएथ्यो बेलायतको भूमिमा पुगेर धन कमाएपछि, मन कमाएपछि, इज्जत र प्रतिष्ठा कमाएपछि समयका ख्याल गरिन्छ होला'* भनेर वियोगीले लेखेका छन् ।

'समयले जुटाएको चिटचिट' शीर्षकको नियात्रामा *'यात्रामा फरक स्वादको अनुभव गर्न सकिन्छ । गफिन पाइन्छ । नयाँ ठाउँअनुसारका नयाँ धेरै दौँतरी र सीमित मात्रामा वरिष्ठ र कनिष्ठका हृदयवल्लभहरू भेटिन्छन् । सबै कुरा मनै हो । प्रेमिल मन भएपछि साथी सङ्गातीहरूको सङ्ख्या बढ्नु स्वाभाविकै हो । सबै कुरा व्यक्तिमै भर पर्ने रहेछ'* भनेर लेखिएका छन् । डार्टफोर्डमा घरगृहस्थी जनाएर बसेका *'सन्तोष र सुनीता कार्कीले सन् २०१५ मा पनि हामी गएकै समयमा घर खरिद गरेका कारण खुसीयाली साट्न पुगिएथ्यो'* भनेर वियोगीले लेखेका छन् । 'साहित्यमय बन्यो पब' शीर्षकको नियात्राभित्र *'नेपाली भाषा, साहित्य, कला र संस्कृतिलाई विदेशको भूमिमा पुर्‍याएर सोको उन्नयन र उत्थानमा लागिपर्नु पनि ठुलै कुरा हो । आफ्नो पुस्तालाई भन्दा पनि आउँदो पुस्ताले नेपाली भाषा, साहित्य, कला र संस्कृति पढ्न पाउनु बोल्न पाउनु पनि ठुलै उपलब्धि हो । त्यो मातृभाषाको उचित सम्मान गर्नु हो* भनेर लेखिएको छ ।

आजको समयमा यात्रा वृत्तान्तका लेखहरू निकै देखिन थालेका छन् कतै

निबन्धको रूपमा भेटिन्छन् भने कतै घुमन्ते कथाको रूपमा । पाठक आफूले नटेकेको ठाउँ, आफ्नो आँखाले नदेखेको दृश्य लेखकको वर्णनबाट त्यहाँ पुग्न सक्ने र देख्न सक्ने रहेछ । सबैले सबै ठाउँ घुम्ने र देख्ने कुरा पनि सम्भव हुँदैन । त्यसैले यात्रा वृत्तान्त पढ्दा आफैँ त्यो ठाउँ पुगेजस्तो लाग्नु स्वाभाविकै हो । यात्राले पाठकलाई त्यहीं पुर्‍याउन सकिने गर्भिलो भावना उमार्दो रहेछ ।

'अतृप्त भोक वेल्स' शीर्षकको नियात्रामा *'मन जति नै आतुर भए पनि र जत्रोसुकै सुन्दर सपना देखे पनि समयले साथ नदिएसम्म पूरा नहुँदोरहेछ । तथापि, सपना देख्नु देख्नेको गल्ती होइन नहुनुपर्ने हो'* भनिएको छ । 'बारपाकमा अस्तायो घाम' शीर्षकको नियात्रामा *'जिन्दगीले उत्तरार्धको उमेर गन्दै छ । आज हो कि भोलि । केही दिन रमाइलोमा बिताउने योजना मनको कुनाकुनामा आएर आदेश दिन्छ । हुन्न भन्न सकिन्न'* भनिएको छ । यसभित्र लेखले बेलायत र नेपालभित्रका केही स्थानहरूको यात्रा गर्दाका कुराहरू समावेश गरेका छन् ।

'लुम्बिनीको नयाँ रापताप' शीर्षकको अन्तिम नियात्रामा *'लुम्बिनी जाने दिनको सङ्घारमा जिग्रीमा भेटियौ पाँच जिग्रीहरू बुद्धिराज पाण्डे, तुलसीराम पुडासैनी, विष्णुबहादुर सिंह, शङ्कर भारती र म । केही विगतका अनुभव र अनुभूति केलायौँ, आत्मसमीक्षा गर्‍यौँ र छुट्टियौँ'* भनेर वियोगीले लेखेका छन् ।

*'कुनै संस्थाको राष्ट्रिय अधिवेशन हुनु भनेको देशको पृथक् भूगोल अर्थात् हिमाल, पहाड, तराईसँग भेट हनु पनि हो । नयाँसँगको परिचय र पुरानासँग परिचयको नवीकरण पनि हुनु हो'* भनिएको छ । नियात्राकार वियोगी बुढाथोकीको यस्तै अन्य कृतिहरू पढ्न पाइरहने अपेक्षा गर्दछु ।

*कृतिः समयले जुटाएको चिटचिट*
*विधाः नियात्रासङ्ग्रह*
*लेखकः वियोगी बुढाथोकी*
*प्रकाशकः भुँडीपुराण प्रकाशन*
*संस्करणः प्रथम, वि.सं. २०८२ जेठ ६*
*मूल्यः रू. ३५०/–*
*पृष्ठः १६७*

# चिसो मौसममा सुरक्षित रहौं

**चिसो मौसममा:**

❖ तातो र न्यानो कपना लगाऔं,

❖ तातो, पोसिलो र झोलिलो खानेकुरा खाऔं,

❖ घर तथा कोठा न्यानो बनाऔं,

❖ बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,

❖ न्यानो सिरक ओढेर सुत्ने गरौं,

❖ जाडो मौसममा घाम र आगो ताप्ने गरौं,

❖ चिसोमा हिंडडुल (मर्निङ वाक) नगरौं,

❖ कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं ।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

नेपाल सरकार

विज्ञापन बोर्ड

# कल्पतरु द्वैमासिकका आजीवन सदस्य

**विशिष्ट आजीवन सदस्यहरू:**

अच्यूत पुडासैनी, कुमारीगाल
अरुण तिमिल्सिना, अमेरिका
अरुणिमा शैक्षिक प्रतिष्ठान, बौद्ध
ईश्वरप्रसाद देवकोटा, अमेरिका
ईश्वरप्रसाद सापकोटा, काठमाडौँ
उज्जवल घिमिरे, अष्ट्रेलिया
डा. ऋषि बस्ताकोटी, अमेरिका
डा. कुसुमाकर शर्मा, क्यानाडा
गोविन्दराज पौडेल, काठमाडौँ
ताराप्रसाद चपागाईँ, युएई
तीर्थ अधिकारी, अमेरिका
दीपेन्द्र अधिकारी, जापान
नवराज पुडासैनी (साधु), गोकर्णेश्वर-५
पदम विश्वकर्मा, अमेरिका
पर्शुराम पुडासैनी, का.म.पा-६
ब्रजेन्द्र श्रेष्ठ, अमेरिका
बलराम भण्डारी, कुश्मा
वियोगी बुढाथोकी, हात्तीपाइला
महेशराज खरेल, कोटेश्वर
माधवराज दाहाल, कोटेश्वर
मुकुन्द पोखरेल, भक्तपुर
डा. मीरा त्रिपाठी, न्यूजिल्यान्ड
योगेन्द्र तिमिल्सिना, काठमाडौँ
रश्मी भट्ट, अमेरिका
रमेशप्रसाद खनाल, काठमाडौँ
रामचन्द्र पुडासैनी, गोठाटार
रामप्रसाद पन्त, दायित्व
लक्ष्मणकृष्ण ताम्राकार, कुपण्डोल
वसन्त रिजाल, जोरपाटी
विजय चालिसे, जोरपाटी
विजय सापकोटा, बेलायत
विनेश रायमाझी, क्यालिफोर्निया
विमल अर्याल, जोरपाटी
विष्णुबहादुर रायमाझी, काठमाडौँ
विष्णबहादुर सिंह, अर्घाखाँची
शारदा आचार्य, ललितपुर
शिखर दुलाल, अमेरिका
शिवहरि पोखरेल, गोठाटार
सरला श्रेष्ठ, अमेरिका
सीता पाण्डेय, काठमाडौँ

**विशेष आजीवन सदस्यहरू:**

अच्युत शर्मा, अमेरिका
अशोकुमार शिवा, काठमाडौँ
इन्दिरा चपागाईँ, भक्तपुर
उत्तम पुडासैनी, गोकर्णेश्वर
उद्धवप्रसाद खनाल, भक्तपुर
उमेशकुमार कार्की, मलेसिया
कणाद महर्षि, मित्रपार्क
कमल ढुङ्गाना, मित्रपार्क
कालीचरण वस्नेत, नागार्जुन
काशीराज पुडासैनी, काठमाडौँ
किरण आचार्य, नेपालगन्ज
किशोर पहाडी, ललितपुर
कृष्ण प्रधान, ललितपुर
कृष्ण बजगाईं, बेलायत
केदार न्यौपाने, गोकर्ण
गङ्गा कर्माचार्य पौडेल, काठमाडौँ
गङ्गा लिगल, काठमाडौँ
गोपाल दाहाल, अस्ट्रेलिया
गोविन्द सिग्देल, काठमाडौँ
चामुण्डा मा.वि., नारायणटार
छविरमण सिलवाल, जडिबुटी
जेबी खत्री, इटहरी
दामोदर संजेल, गोकर्णेश्वर नपा-५
दीपकसिंह भण्डारी, जोरपाटी
दुर्गाप्रसाद ग्वालटारे, कौशलटार
देविका तिमिल्सिना, काठमाडौँ
नगेन्द्र न्यौपाने, अमेरिका
नवराज पोखरेल, ललितपुर
नवराज रिजाल, नवप्रज्ञापन
नारायण भट्टराई, अमेरिका
निर्मला प्रसाईं सापकोटा, बेलायत
नेत्र खड्का, अस्ट्रेलिया
नेत्रप्रसाद भुसाल, अर्घाखाँची
पवन आलोक, काठमाडौँ
पारु तिमल्सिना, काठमाडौँ
पुष्पा नेपाल सुवेदी, इलाम
पुष्पबहादुर राना, संखुवासभा
प्रकाश घायल, काठमाडौँ
प्रमोद नेपाल, काठमाडौँ
बिनुबाबा घिमिरे, किर्तिपुर
मधुप्रसाद पुडासैनी, गोठाटार
मधुवन पौडेल, काठमाडौँ
मधुसूदन पाण्डेय, रामहिटी
मन्दिरा चपागाईं, काठमाडौँ
माधवलाल श्रेष्ठ, कपन
माधव वियोगी, पोखरा
मानन्धर अभागी, साँखु
यादवराज भेटवाल, काठमाडौँ
रमेश रिजाल, गोकर्णेश्वर
रमेशकुमार सिंखडा, डाँछी
रमेश ठकुरी, भक्तपुर
राजन पुडासैनी, गोकर्णेश्वर-५
राजेन्द्र कार्की, क्यानाडा
राजेन्द्रप्रसाद रिजाल, गोकर्णेश्वर
राजेन्द्र श्रेष्ठ, चरिकोट
रामबहादुर पण्डित, ललितपुर
रामचन्द्र खतिवडा, गोकर्णेश्वर
डा.रुपक श्रेष्ठ,
लिम्पिया नेसनल कलेज, गोकर्णेश्वर
विनयकुमार श्रेष्ठ, काठमाडौ
विनय गुप्ता, काठमाडौ
विन्दा चपागाईँ, गोठाटार
शकुन ज्ञवाली, अमेरिका
शान्ति बल, गोकर्णेश्वर
शिव अधिकारी, इलाम
शिवप्रकाश, सिनामङ्गल
शैलेन्द्र थापा, रातोपुल
श्रीकृष्णराज पुडासैनी, जोरपाटी
सुरेशकुमार पाण्डे, दाङ
सुरेश कु. पुडासैनि, बालुवाटार
सुरेश कु. भट्ट, अमेरिका
सृजन लम्साल, नेपालगंज
हरिकृष्ण बखुन्छे, भक्तपुर
डा. हिमलाल श्रेष्ठ, भक्तपुर
त्रैलोक्य खरेल, ईमाडोल

**साधारण आजीवन सदस्यहरू:**

अनिल चन्द, कञ्चनपुर
अमर सन्तति, रामेछाप
अमृत भट्टराई, काठमाडौँ
अर्जुन पुडासैनी, बानेश्वर
उपेन्द्र पौडेल, पोखरा
उमाकान्त पोखरेल, झापा
उमेश तिमिल्सिना, गोकर्णेश्वर
एल.पी. पराजुली, कपन
ऋषिराम भुषाल, काठमाडौँ
ओम आचार्य, काठमाडौँ
कविन्द्र खड्का, भक्तपुर
कान्छा तिवारी, काठमाडौँ
कुमारराज सुवेदी, काठमाडौँ
केशव शर्मा, अस्ट्रेलिया
केशव ज्ञवाली, भक्तपुर
कोमल प्र. लामिछाने, काठमाडौँ
डा. खगेन्द्रप्रसाद दाहाल, झापा
खेमराज पोखरेल, अमेरिका
गङ्गा खड्का, बुढानीलकण्ठ
गङ्गा दाहाल, ललितपुर
गीता निरौला, काठमाडौँ
गुप्तवहादुर श्रेष्ठ, काठमाडौँ
गोपाल बराल, गोकर्णेश्वर
घन थापा, काठमाडौँ
चिरञ्जीवी दाहाल, चितवन
चेवन वस्नेत, जडिबुटी
जीवन कश्यप, विराटनगर
टीकाराम देवकोटा, स्याङ्जा
टीकाराम रेग्मी, भरतपुर
तुलसीराम पुडासैनी, डाँछी
दमनबहादुर सिंह, रातोपुल
दिनेश खत्री, चन्द्रागिरि
दिलीप अर्याल, दक्षिणढोका
दीपक भण्डारी, बुढानीलकण्ठ
दुर्गा तिवारी, मण्डिखाटार
धुर्व नारायण जोन्छे, भक्तपुर
ध्रुव नेपाल, बानेश्वर
नवप्रज्ञापन, बारा
नरराज आचार्य, काठमाडौँ
नवराज रिजाल, काठमाडौँ
नवराज रिमाल, काठमाडौँ
नवराज शर्मा, भक्तपुर
नानु राना थापा, बेलायत
नीता गुरुङ, आसाम, भारत
निर्मलादेवी तिम्सिना, साइप्रस
निरु बिन्दु, दार्जिलिङ
निशा के.सी., काठमाडौँ
नीला घिमिरे, जनकपुर
नेत्रमान श्रेष्ठ, नुवाकोट
प्रकाश तिवारी, काठमाडौँ
प्रदीप पुडासैनी, डाँछी
पदम दाहाल, भक्तपुर
परशुराम गौतम, जोरपाटी
पागल यात्री, जोरपाटी
पुष्कर रिजाल, कोहलपुर
प्रकाश कोइराला, भक्तपुर
प्रजापति तिमल्सिना, काठमाडौँ
प्रदीपरत्न शाक्य, बौद्ध
प्रमोद भट्टराई, भक्तपुर
प्रेमलाल श्रेष्ठ, रामेछाप
बज्र इ. कलेज, जोरपाटी
बद्रीप्रसाद ढकाल, काठमाडौँ
बद्रीनारायण श्रेष्ठ, रामेछाप
बलभद्र भारती, सुर्खेत
बाबुराम न्यौपाने, झापा
बालकृष्ण बराल, जोरपाटी
बुद्धिराज पाण्डे, काठमाडौँ
भगवान पुडासैनी, गोकर्णेश्वर
भीम गौतम, चितवन
भोजराज रेग्मी, पेप्सीकोला
मणिराज सिंह
मधुसूदन अधिकारी, भक्तपुर
मनीषकुमार शर्मा, भक्तपुर
मातृका घिमिरे, काठमाडौ
मीरा पुडासैनी, काठमाडौँ
मित्रलाल पंज्ञानी,कपन
मुरारि सिग्देल, गोकर्ण
मैना विष्ट, साँखु
यकिना अगाध, झापा
यम रेग्मी, दाङ
राज श्रेष्ठ, बेलायत
राजु शर्मा, काठमाडौँ
डा. राजेन्द्र पौडेल, कपन
राजेशराज गड्तौला, काँडाघारी-काठ.
राजेशमान के.सी, भक्तपुर
राजेन्द्र श्रेष्ठ, काठमाडौँ
राम आचार्य, झापा
रामबहादुर पहाडी, काठमाडौँ
रामेश्वर श्रेष्ठ, साँखु
रामचन्द्र तिमल्सिना, रौतहट
लख्खु सिंह, वझाङ
लक्ष्मी स्मृति, विराटनगर
लीला कुँवर, बेलायत
लेखनाथ न्यौपाने, झापा
वसन्त अनुभव, दाङ
वासु पोखरेल,उदयपुर
विकल त्यागी, खोटाङ
विकास शैलपुत्र, भक्तपुर
विजयदेव खनाल, न्यूयोर्क
विनोद उपाध्याय, विराटनगर
विनोद नेपाल, पाल्पा
विष्णु प्र.श.पराजुली, बु.न.पा-१०
विष्णु भण्डारी, मोरङ
विश्वनाथ सञ्जेल, मकवानपुर
शंशेर व. न्हुछे प्रधान, भक्तपुर
शारदा घिमिरे, भैल, बनेपा
शेखरकुमार श्रेष्ठ, फर्पिङ
शैलेन्द्रकुमार शाह, काठमाडौँ
श्रीराम अर्याल, बानेश्वर
सीताराम नेपाल, कलंकी
सीता शर्मा, पर्वत
सीता शर्मा पन्धी, वीरगन्ज
सुभाषचन्द्र पौडेल, भीमफेदीया, मकवानपुर
हरिप्रसाद घिमिरे, काठमाडौँ
हरिहर भण्डारी, बानेश्वर
हिमलाल पाठक, स्याङ्जा
हेमराज पौडेल, काठमाडौँ
त्रिलोचन आचार्य, कपन
त्रिविक्रम पाण्डे, दोलखा

**दिवंगत आ.सदस्य**

राजदाश श्रेष्ठ, साँखु
अर्जुन विलास पन्त, भक्तपुर
झषनाथ दाहाल, मोरङ